# विद्यालय शिक्षा क्षेत्र योजना

## २०८१।०८२-२०८६।०८७

**मौलापुर नगरपालिका, पतौरा, रौतहट**




**प्रकाशक**

**मौलापुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**पतौरा, रौतहट, मधेश प्रदेश, नेपाल**

तयारकर्ता : कविता खाती शिक्षा प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा
धर्मेन्द्र कुमार साह, शिक्षा, युवा तथा खेलकुद शाखा

प्रकाशक : मौलापुर नगरपालिका, रौतहट

प्रकाशनप्रति : ५०० प्रति

सर्वाधिकार : प्रकाशकमा

मुद्रण

प्रमाणित मिति :२०८१ साल पौष १८ गते

अध्यावधिक मिति : २०८३ साल अषाढ २४ गते

प्राविधिक सहयोग : पिपुल प्रोमोट सेन्टर र युनिसेफ नेपाल

# भनाई

वि. स. २०७२ मा जारी नेपालको संविधान अनुसार संघीय गणतन्त्रात्मक राज्य व्यवस्था प्रारम्भ भई सङ्घ, प्रदेश र स्थानियगरी तीन तहका सरकार क्रियाशील छन् । संविधानको मूल मर्मलाई सफलीभूत पार्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन,२०७५ तथा यस सम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा छन् । अन्तर्राष्ट्रिय स्तरका सभा सम्मेलनमा गरेका प्रतिबद्धता, सन्धि-सम्झौताले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन् । बालबालिका सम्बन्धि ऐन, २०७५ ले बालबालिकाको शिक्षाको हकलाई थप सुनिश्चित गरेको छ । नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसांख्यिकीय स्वरूप, शासकीय स्वरुप लगायत शिक्षाको समग्र अवस्थाका आधारमा योजना निर्माण गरि व्यवस्थित र योजनावद्ध ढंगले कार्य गरेमा मात्र शैक्षिक सुधारमा ठोस योगदान पुग्न सक्छ । विद्यालयमा विद्यार्थी भर्ना भएर मात्रै गुणस्तरीय सिकाइ हुन सक्दैन यसलाई शिक्षकको क्षमता तथा उत्प्रेरणामा निरन्तर पेशागत सहयोग पद्धति विकास गर्न अहिलेको टड्कारो आवश्यकता हो । तिनै तहका सरकारहरूको समन्वय, सहकारिता र सहकार्यबाट मात्र शिक्षा प्रणालीमा आमूल परिवर्तन गरी पहुँच, गुणस्तर र सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

नगरमा सञ्चालन भएका संस्थागत तथा सामुदायिक विद्यालयहरु व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गरे मात्रै नगरको अपेक्षित उपलब्धि प्राप्त हुन्छ त्यसका लागि सही दिशाबोध गर्ने कार्य योजनाले गर्छ । योजनाले शैक्षिक क्षेत्रमा के के गर्ने, कसरी गर्ने, कहिले गर्ने, क-कसले गर्ने,कसले गर्ने जस्ता कार्यक्रम पूर्वनिर्धारित देखाई नगरको लक्ष्य, उद्देश्य,रणनीति, साधनस्रोत र नीति निर्धारण बजेट व्यवस्थापन जस्ता कार्यमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

गुणस्तरीय शिक्षाबाट देशका लागि आवश्यक पर्ने सक्षम, प्रतिस्पर्धी, समाज तथा मुलुक प्रत्युत्तरदायी जनशक्ति तयार गर्नुको साथै व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुर्याउन र मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक ज्ञान,सीप र अभिवृद्धि भएका जनशक्ति उत्पादन गर्नु आजको आवश्यकता हो । साथै शिक्षालाई उत्पादनमूलक बनाई शिक्षामा सबैको पहुँच स्थापित गर्नु राज्यको प्रमुख दायित्व हो । नेपालको संविधानले शिक्षालाई मौलिक रूपमा प्रत्याभूत गर्दै आएको सबै नागरिकले शिक्षाको समान अवसर प्रदान गर्नु राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यो दायित्व पुरा गर्नु तीनै तहका सरकारहरूको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ । नगरपालिकाको विशिष्ट परिवेश, आवश्यकतालाई सम्बोधन हुनेगरी विभिन्न नीति कार्यक्रम बन्ने गरेका छन् । नगरपालिकाको शिक्षाको कार्यदिशा तथा यस नगरपालिकाले प्राथमिकता निर्धारण गरी सोच, लक्ष्य, उद्देश्य कार्यनीति र उपलब्धि समेत समावेश गरी यो योजना निर्माण गरिएको छ । शिक्षा क्षेत्रमा देखिएका समस्या चुनौती र अवसरलाई सही ढंगले सम्बोधन गर्न यस योजनाले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

नगर प्रमुख

# भुमिका

शिक्षा सामाजिक रूपान्तरण र समग्र विकासको आधार स्तम्भ हो । कुनै पनि राष्ट्रको दिगो विकास शिक्षाको गुणस्तर र पहुँचमा निर्भर रहन्छ । मौलापुर नगरपालिका शिक्षाको क्षेत्रमा साईकल वितरण, ल्यापटप विरतर, बिद्यालयको भौतिक संरचना निर्माण लागायतका अन्य व्यवस्थापन, गुणस्तर तथा पहुँच विस्तारमा निरन्तर प्रतिबद्ध रहँदै आएको छ । आधारभूत तहसम्मको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाले उल्लेखनीय पहलहरू गर्दै आएको छ।

शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै तहका सरोकारवालाको जिम्मेवारी र सहभागिता अपरिहार्य छ । गुणस्तरीय र सुलभ शिक्षाको विकासका लागि साझा प्रयास र समन्वयको खाँचो अझ बढी महसुस भइरहेको छ । मौलापुर नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको यथार्थ चित्रण र भावी योजनाको स्पष्ट खाका प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको यस पंचवर्षीय विद्यालय शिक्षा क्षेत्र विकास योजना नगरपालिका, विद्यालय, समुदाय, शिक्षा क्षेत्रका विज्ञ र साझेदार संस्थाहरूको सहभागितामा तयार पारिएको हो । यस योजनामा मानव संसाधन, शैक्षिक पूर्वाधार, नीति, कार्यक्रम तथा वित्तीय पक्षलाई समेटेर दीर्घकालीन रणनीति र कार्यनीति निर्धारण गरिएको छ ।

यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न नगरपालिका प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। साथै, यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरू विद्यालय परिवार, अभिभावक, समुदाय, गैरसरकारी संस्था तथा शिक्षा प्रेमीहरूको सक्रिय सहयोग र सहकार्यको अपेक्षा गर्दछ साथै योजना निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सबै विज्ञ, प्रतिनिधि, संस्था, शिक्षक, कर्मचारी तथा सहयोगीहरू प्रति मौलापुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

रामबाबु प्रसाद साह<br>
प्रमुख प्रशासनिक अधिकृत<br>
मौलापुर नगरपालिका

# विषय सूची


**परिच्छेद -१. परिचय ... 1**

१.१ पृष्ठभूमि ... 1

१.२ मौलापुर नगपालिकाको समग्र-सन्दर्भ ... 1

१.२.१ मौलापुर नगरपालिकाको भौगोलिक अवस्था ... 2

१.२.२ नगरपालिकाको जनसंख्यिक संरचना ... 2

१.२.३ नगरपालिका सामाजिक तथा सांसकृति अवस्था ... 3

१.२.४ मौलापुर नगरपालिकाको आर्थिक अवस्था : ... 4

१.२.५ मौलापुर नगरपालिकाको शैक्षिक अवस्था ... 5

१.३ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरु ... 10

१.४ विद्यालय शिक्षा क्षेत्रका अवसरहरु ... 11

**परिच्छेद- २. दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य ... 12**

२.१ परिचय ... 12

२.२ दूरदृष्टि ... 12

२.४ लक्ष्य ... 12

२.५ उद्देश्य ... 12

२.६ रणनीतिहरु ... 12

२.७ अपेक्षित मुख्य उपलब्धि ... 13

२.७ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण ... 13

**परिच्छेद- ३.विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ... 17**

परिचय ... 17

३.१ प्रारम्भिक बालविकास र शिक्षा ... 17

३.१.१. परिचय ... 17

३.१.२ प्रारम्भिक बाल विकास शिक्षाको वर्तमान अवस्था ... 17

३.१.३ प्रारम्भिक बालविकास तथा शिक्षाका समस्याहरु: ... 18

३.१.४ उद्देश्यहरु ... 19

३.१.५ रणनितिहरु ... 19

३.१.६प्रमुख उपलब्धि तथा नतिजा ... 20

३.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ... 20

३.२ आधारभूत शिक्षा ... 21

३.२.१. परिचय ... 21

३.२.२. वर्तमान अवस्था ... 21

३.२.३. समस्या तथा चुनौती ....................................................................................................22

३.२.४. उद्देश्यहरु ....................................................................................................22

३.२.५ रणनीतिहरू ....................................................................................................23

३.२.६ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................23

३.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य ....................................................................................................24

३.३ माध्यमिक शिक्षा....................................................................................................25

३.३.१ परिचय....................................................................................................25

३.३.२ वर्तमान अवस्था....................................................................................................25

३.३.३ प्रमुख समस्या र चुनौतीहरू ....................................................................................................26

३.३.४ उद्देश्यहरू....................................................................................................26

३.३.५ रणनीतिहरू ....................................................................................................27

३.३.६ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................27

३.३.७ प्रमुख क्रियाकलाप र लक्ष्य ....................................................................................................28

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ....................................................................................................29

३.५.१ परिचय....................................................................................................29

३.५.२ वर्तमान अवस्था....................................................................................................30

३.५.३ समस्या तथा चुनौतिहरु ....................................................................................................30

३.५.४ उद्देश्य ....................................................................................................31

३.५ .५ रणनीति....................................................................................................31

३.५.६ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................31

३.५ ७ प्रमुख क्रियाकलाप र लक्ष्य ....................................................................................................32

**परिच्छेद-४.अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू ....................................................................................................34**

४.परिचय ....................................................................................................34

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन....................................................................................................34

४.१.१. परिचय....................................................................................................34

४.१.२. वर्तमान अवस्था....................................................................................................34

४.१.३. पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः ....................................................................................................35

४.१.४ उद्देश्य ....................................................................................................35

४.१.५ रणनीतिहरू ....................................................................................................36

४.१.६ प्रमुख उपलब्धि र नतिजा....................................................................................................36

४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य ....................................................................................................37

४.२ शिक्षक व्यवस्थापन र विकास ....................................................................................................37

४.२.१ वर्तमान अवस्था ........ 37
४.२.२ समस्या तथा चुनौतिहरु ........ 40
४.२.३ उदेश्यहरु ........ 40
४.२ .४ रणनीतिहरु ........ 40
४.२.५ प्रमुख उपलब्धि र नतिजा ........ 40
४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 41
४.३ शौक्षिक समता र समावेशिकरण ........ 42
४.३.१ परिचय ........ 42
४.३.२ वर्तमान अवस्था ........ 42
४.३.३ चुनौतीहरू ........ 45
४.३.४ उद्देश्यहरू ........ 45
४.३.५ रणनीतिहरू ........ 46
४.३.६ प्रमुख उपलब्धि र नतिजा ........ 46
४.३.७ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 47
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 48
४.४.१ परिचय ........ 48
४.४.२ वर्तमान अवस्था ........ 48
४.४.३ समस्या तथा चुनौतीहरु ........ 48
४.४.३ उद्देश्य ........ 49
४.४.४ रणनीतिहरू ........ 49
४.४.५ प्रमुख उपलब्धि र नतिजा ........ 49
४.४.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 50
४.५ विद्यालय सुरक्षा, बिपत, न्यूनिकरण तथा उत्थानशिल ........ 50
४.५.१ परिचय ........ 50
४.५.२ विपद्को वर्तमान अवस्था ........ 50
४.५.३ चुनौतिहरु ........ 53
४.५.४ उद्देश्यहरू ........ 54
४.५.५ रणनीतिहरू ........ 54
४.५.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 55
४.५.७ प्रमुख क्रियाकलापहरु ........ 55
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 56
४.६.१ परिचय ........ 56

४.६.२ वर्तमान अवस्था ........ 57
४.६.३ चुनौतीहरू ........ 57
४.६.४ उद्देश्य ........ 57
४.६.५ रणनीतिहरू ........ 57
४.६.६ प्रमुख उपलब्धि र नतिजा ........ 58
४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 58
४.७ विद्यालय सूचना तथा संचार प्रबिधि ........ 59
४.७.१ परिचय ........ 59
४.७.२ वर्तमान अवस्था ........ 59
४.७.३ चुनैतीहरु ........ 59
४.७.४ उद्देश्यहरू ........ 59
४.७.५ रणनीतिहरू ........ 60
४.७.६ प्रमुख उपलब्धी र नतिजा ........ 60
४.७.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 61
**परिच्छेद-५. सुशासन तथा व्यवस्थापन ........ 62**
५.१ परिचय ........ 62
५.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 62
५.२.१ वर्तमान अवस्था ........ 62
५.२.२ समस्याहरु र चुनौतिहरु ........ 62
५.२.३ उद्देश्यहरु ........ 62
५.२.४ रणनीतिहरू ........ 63
५.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 63
५.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 64
५ .३ स्थानिय शिक्षा योजना कार्यान्वन प्रबन्ध ........ 64
५.३.१ परिचय ........ 64
६.३.२ वर्तमान अवस्था ........ 64
५.३.३ समस्या तथा चुनौतीहरू ........ 65
५ .३.४ उद्देश्यहरु ........ 65
५.३.५ रणनीतिहरु ........ 65
५.३.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 66
५.३.७ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 66
**परिच्छेद-६. लगानी र स्रोत व्यवस्थापन ........ 67**

६.१ परिचय ........ 67
६.२ वर्तमान अवस्था ........ 67
६.३ उद्देश्यहरु........ 67
६.४ रणनीतिहरु ........ 67
६.५ प्रमुख उपलब्धि तथा नतिजा........ 68
६.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 68
**परिच्छेद-७.अनुगमन तथा मूल्याङ्कन ........ 72**
७.१ परिचय ........ 72
७.२ वर्तमान अवस्था ........ 72
७.३ चुनौतीहरू........ 72
७.४ उद्देश्यहरु........ 73
७.५ रणनीतिहरू ........ 73
७.६ प्रमुख उपलब्धि तथा नतिजा........ 73
७.७ अनुगमन क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........ 73

# परिच्छेद -१. परिचय

## १.१ पृष्ठभूमि

शिक्षा क्षेत्र प्रभावकारी रूपमा कार्यान्वयन गरी शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समानता सुनिश्चित गर्न नेपालको संबिधान २०७२ र राष्ट्रिय शिक्षा नीति, २०७६ मा महत्वपूर्ण उद्देश्यका रूपमा रहेको छ। यस उद्देश्यलाई मूर्त रूप दिन संघीय सरकारले विद्यालय तहको शिक्षाको विकासका लागि "विद्यालय शिक्षा क्षेत्र योजना" लागु गरेको छ। यस योजनाले संघीय सरकार, प्रदेश सरकार र स्थानिय तहबीच सहकार्य गर्दै शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र पहुँचयोग्य बनाउन मार्गदर्शन गरेको छ। नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थानको क्षेत्र अधिकर स्थानिय सरकारलाई दिएको छ। छ। यसले शिक्षा क्षेत्रमा स्थानिय तहलाई नीतिगत, योजनागत र कार्यान्वयनगत भूमिकामा सशक्त बनाएको छ। साथै, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्न, देशभरका ७५३ वटै स्थानिय तहहरूले संघीय र प्रदेश सरकारका नीतिहरूलाई मार्गदर्शनका रूपमा अपनाउँदै आफ्ना आवश्यकता र प्राथमिकतालाई समेटेर नगरस्तरीय शिक्षा योजना निर्माण महत्त्वका साथ अगाडि बढाएको छ। यसरी निर्माण गरिएका योजनाहरूले शिक्षा सेवा वितरणलाई थप प्रभावकारी, दिगोर समावेशी बनाउने विश्वास गरिएको छ। पालिकास्तरमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यान्वयन गर्न संवैधानिक दायित्व, प्रावधान र आवश्यकताहरू पूरा गर्न आवश्यक छ। ज्ञान, विज्ञानतथा प्रविधिमा भएको परिवर्तन आत्मसात गर्दै सृजनशील र उपयोगी जनशक्ति विकासका लागि शिक्षाको समय सापेक्ष योगदान सुनिश्चित गर्न योजना जरुरी छ। कोभिड-१९ तथा अन्य प्राकृतिक विपत्तिबाट शिक्षा क्षेत्रमा परेको प्रभाव घटाउँदै, भविष्यमा सम्भावित प्रकोप र जलवायु परिवर्तनले ल्याउ सक्नेजोखिम न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकास आवश्यक छ। त्यसै गरि नगरपालिका भित्र शिक्षाको पहुँच, गुणस्तर, सहभागिता र समावेशीकरणलाई थप सुदृढ गर्दै शिक्षा क्षेत्रको लोकतान्त्रिकरणका लागि सापेक्षिक विकासका विषयवस्तुहरुलाई यस शिक्षा योजनामा समाहित गर्ने प्रयास गरिएको छ। बिगतको दिनहरुमा यस मौलापुर नगरपालिकाले शिक्षाको विकास गर्ने क्रममा शिक्षा क्षेत्रलाई पहुचयोग्य, गुणस्तरीय र समाबेसी बनाउनको लागि बिहेबारी २० वर्ष पारि, छात्रा लक्षित साईकिल बितरण, छात्रा लक्षित नि:सुल्क उच्च प्राबिधिक शिक्षा, गरिब तथा जेहेन्दार विधार्थीहरुलाई छात्रवृति र दलित समुदायकको बालबालिकालाई नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्यिन गरिएको छ । यसै परिप्रेक्ष्यमा मौलापुर नगरपालिकाले आफ्नो शिक्षासम्बन्धी आवश्यकता र प्राथमिकताका आधारमा "शिक्षा योजना" (Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोण सहित सन् २०२५देखि२०३४ का लागि आवश्यक स्रोतको आकलन गरी शिक्षा योजना तयार गरेको थियो सो योजनालाई समय सान्दर्भिक बनाउन अध्यावधिक गरिएको छ ।

## १.२ मौलापुर नगपालिकाको समग्र-सन्दर्भ

नेपालमा लामो ऐतिहासिक द्वन्दपछि संविधान संघीय गणतन्त्र राज्य नेपालको मधेश प्रदेश अन्तर्गत रौतहट जिल्लाका १८ वटा स्थानीयतहहरु मध्येको मौलापुर नगरपालिका तिब्र विकास भइरहेको एउटा नगरपालिका हो। नेपालको संविधान २०७२ अनुसार नेपाललाई संघीय संरचनामा पुनःसंरचना गरे सँगै वि.सं.२०७३ मा यस नगरपालिकाको स्थापना भएको हो। यस अघि विभिन्न गाउँ विकास समितिहरूमा विभाजित तत्कालिन क्षेत्रहरू पतौरा, मर्यादपुर , सोनरनीया र पथरा बुधराम गरि ४ वटालाई समेटेर मौलापुर नगरपालिका निर्माण गरिएको हो। हाल नौ वडा ग्रामिण भेगमा विभाजित यो नगपालिकाको कार्यालय रौतहट जिल्लाको पतौरामा रहेको छ। यो नगरपालिकाको उतरमा फतुवा विजयपुर नगरपालिका, दक्षिणमा बौधीमाई नगरपालिका त्यसतै पूर्वमा लाल बकैया नदी, पशिचममा रौतहट र बारा जिल्लाको सिमानाले घेरेको यो नगरपालिका शहरी विकास तिर लम्किदै गरेको र उर्बरा भुमीयूक्त नगरपालिका हो। जसको क्षेत्रफल ३५.७१ वर्गकिलोमिटर रहेको छ। जनघन्त्वको हिसावले यस नगरपालीकामा, वि.सं. २०७८ को जनगणना अनुसार यँहा ५२६८ घरधुरिमा ४८ प्रतिशत पूरुष र ५२ प्रतिशत महिला गरी जम्मा ३२३२५ कुल जनसँख्या रहेको छ (स्रोत : राष्ट्रिय जनगणना २०७८)। यस नगरपालिका अत्याधिक परिचलित बजार मौलापुरको नामबाट परिचलित रहेको पाईन्छ। यस नगरपालिको केन्द्र सोही बजार क्षेत्र भित्र अवस्थित छ। यो नगरपालिका अन्तर्गत प्रमुख आर्थिक उपार्जनको सम्भवना बोकेका स्रोतको रुपमा ब्यपार, तरकारी बाली, खेतीपाती तथा पशुपालन आदी रहेका छन्।

| क्र.स. | नयाँ वडा | समावेश गाविस | महिला | पूरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | १ | मर्यादापुर ( १,२,३,५,६) | २२४१ | २०९८ | ४३३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २ | मर्यादापुर ( ४,७,८,९) | ११६४ | १०७५ | २२३९ |
| ३ | ३ | पतौरा ( ७,८,९) | १९९२ | १८३२ | ३८२४ |
| ४ | ४ | पतौरा ( १,२,३) | १३३३ | ११८४ | २५१७ |
| ५ | ५ | पतौरा (४,५,६) | १८७१ | १७९३ | ३६६४ |
| ६ | ६ | पथरा बुधराम(१,२,३,४,५,६) | २४२९ | २२२६ | ४६५५ |
| ७ | ७ | पथरा बुधराम (७,८,९) | १७५६ | १६८३ | ३४३९ |
| ८ | ८ | सोनरनिया ( ६,७, ८,९) | १७७३ | १६७३ | ३४४६ |
| ९ | ९ | सोनरनिया ( १,२,३,४,५० | २१७० | २०३२ | ४२०२ |
| **जम्मा** | | | १६७२९ | १५५९६ | ३२३२५ |

(श्रोतः सङ्घीय मामिलातथा स्थानियविकास मन्त्रालय र राष्ट्रिय जनगणना २०७८)

### १.२.१ मौलापुर नगरपालिकाको भौगोलिक अवस्था


रौतहट जिल्लाको स्थानिय तहहरु मध्ये सानो सहरको रुपमा विकशित हुदै गरेको नगरपालिका मौलापुर हो । यो नगरपालिका रौतहट जिल्लाको बिच भागमा पर्ने गर्दछ। नेपालको संविधान २०७२ अनुसार नेपाललाई संघीय संरचनामा पुनःसंरचना गरे सँगै वि.सं.२०७३ मा यस नगरपालिकाको स्थापना भएको हो। यस अघि विभिन्न गाउँ विकास समितिहरूमा विभाजित तत्कालिन क्षेत्रहरू पतौरा, मर्यादपुर , सोनरनीया र पथरा बुधराम गरि ४ वटा गा.बि.स.लाई समेटेर यो नगरपालिका निर्माण गरिएको हो। हाल यो नगरपालिकामा ९वडा कायम गरिएको छ र नगर कार्यपालिकाको कार्यलय यहि नगरपालिकाको एक ऐतिहासिक धार्मीक स्थलले चिर-परिचित ठाँउ पतौरामा रहेको छ। यो नगरपालिकाको भौतिक अवस्थिति उतरमा फतुवा विजयपुर नगरपालिका दक्षिणमा बौधीमाई नगरपालिका त्यसतै पूर्वमा लाल बकैया नदी र पशिचममा रौतहट र बारा जिल्लाको सिमानालेघेरेको यो नगरपालिका शहरी विकास तिर लम्किदै गरेको र उर्बरा भुमीयूक्त नगरपालिका हो। जसको क्षेत्रफल ३५.७१ वर्गकिलोमिटर रहेको छ। यो नगरपालिका अक्क्षान्तर् २७.९३ र देशान्तर ८५.२० रहेको छ। वि.सं. २०७८ को जनगणना अनुसार यँहा ५२६८ घरधुरिमा ४८ प्रतिशत पूरुष र ५२ प्रतिशत महिला गरी जम्मा ३२३२५ कुल जनसँख्या रहेको छ।। यो नगरपालिका मधेश प्रदेशको समतल भागमा रहेकोले यँहाउब्जनी योग्य जमीन प्रशस्त रहेको छ। यसको हावापानी आर्द्र सम्सितोषण जलवायू छ, वर्षा याममा धैरे पानी पर्ने भए पनि गर्मीमा अतिगर्मी र जाडोमा अति नै जाडो मौसम रहने गर्दछ। मौलापुर नगरपालिका रौतहट जिल्लाकै उत्तर पश्चिममा अवस्थित छ। यस नगरपालिकाको सबै वडामा सडक संचालको पहुँच तथा विस्तार गरिएको छ। यस पालिकाको विचैमा हुलाकी राजमार्ग र महेन्द्र राजमार्गसँगको राम्रो संजाल रहेकोले यातायातको पहुँच अति नै राम्रो छ। यस नगरपालिको मुख्यबजार मौलापुर, पतौरा भएकोले सडक तथा यातायातको राम्रो विकास गरेको छ साथै यस पालिकामा सहरी विकासको आयोजनाहरु भएकोले पनि बजार विस्तार, बस पार्क, खेलमैदान, रिङ्ग रोडको विकास भएको छ।


### १.२.२ नगरपालिकाको जनसंख्यिक संरचना

यस नगरपालिकामा विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यस नगरपालिकामा यादव, राई, तत्मा, मुस्लिम, तेली, दनुवार, चमार, हरिजन, राम , धानुक, धोबि, खत्वे, केवत, मल्लाह, मुसहर, हलुवाई, दुसाद/पासवान/पासी, सुढी, हजामठाकुर, तराई अन्य, बरही, सोनार, कथबनियाँ, कर्मी, बाँतर/सरदार, कल्वार, राजधोब, सुनुवार, क्षेत्री, संयासी, नेवार, ब्राहमिन–पहाडी, शेर्पा, माली, क्यास्थ, कामी, डोम, माझि, कोइरी/कुसुवाहा, ब्राहमिन/तराइ, दमाइ/धोली, राइ आदि गरी जम्मा ३२ प्रकारको जातजातिहरु बसोवास गरेको छ भने यस नगरपालिकामा बाहिरी देशवाट आएर पनि बसोवास गर्ने मानिसहरुपनि रहेको छ। राष्ट्रिय जनगणना, २०७८ को अनुसार जातिय हिसावले सवै भन्दा वढी यादव २६.२ प्रतिशत, कानु १२.५ प्रतिशत कुर्मी ८.७ प्रतिशत छन् र सवभन्दा कम लोहार ३.२ प्रतिशत र चमार ३.९ प्रतिशात रहेको देखिन्छ। बिभिन्न जातजाति को बसोबास भए ता पनि बिभिनता मा एकता कायम रहेको छ।

### १.२.३ नगरपालिका सामाजिक तथा सांसकृति अवस्था

मौलापुर नगरपालिकामा खास गरी धार्मिक रुपले प्रख्यात नगरपालिका रहेको छ। यो नगरपालिकामा पुरातात्विक महादेव मन्दिर एक ऐतिहासिक धरोहरको रुपमा रहेको छ। मौलापुर नगरपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानिय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यस नगरपालिकामा यादव, राई, तत्मा, मुस्लिम, तेली, दनुवार, चमार, हरिजन, राम , धानुक, धोबि, खत्वे, केवत, मल्लाह, मुसहर, हलुवाई, दुसाद/पासवान/पासी, सुढी, हजाम/ठाकुर, तराई अन्य, बरही, सोनार, कथबनियाँ, कुर्मी, बाँतर/सरदार, कल्वार, राजधोब, सुनुवार, क्षेत्री, संयासी, नेवार, ब्राहमिन/पहाडी, शेर्पा, माली, क्यास्थ, कामी, डोम, माझि, कोइरी/कुसुवाहा, ब्राहमिन/तराइ, दमाइ/धोली, राइ आदि गरी जम्मा ३२ प्रकारको जातजातिहरु बसोवास गरेको छ, भने यस नगरपालिकामा बाहिरी देशवाट आएर पनि बसोवास गर्ने मानिसहरुपनि रहेको छ। जातिय हिसावले सवै भन्दा वढी यादव २६.२ प्रतिशत, कानु १२.५ प्रतिशत कुर्मी ८.७ प्रतिशत छन् र सवभन्दा कम लोहार ३.२ प्रतिशत र चमार ३.९ प्रतिशत रहेको देखिन्छ। त्यसतै भाषिक रुपले सब भन्दा बढि बोलने भाषा बाजिका रहेको छ भने ८६ प्रतिशत ले बज्जिका, १० प्रतिशतले भोजपुरी र केहिले मैथली र नेपाली भाषा बोलने गर्दछ। त्यसतै यहा दोस्रो भाषाको रुपमा हिन्दी र नेपाली बोलने गर्दछ।




| नगरपालिका गौरबका आयोजनाहरु : | |
|---|---|
| १.पुरातात्विक महादेव मन्दिर, पतौरा | २.जग्गा एकीकरण आयोजना मार्फत शहरीकरण |
| ३.एकीकृत नमूना दलित बस्ती, मर्यादपुर | ४.एकीकृत नमूनादलित बस्ती, मौलापुर |
| ५.प्राविधिक शिक्षालय | ६.नमूना मा.वि.सोनरनियाको पुर्वाधार |
| ७. व्यामशाला सहित लाईब्रेरी भवन | ८. प्राथमिक स्वास्थ्य केन्द्रको भवन |
| ९.धुवाँ– चुल्हो मुक्तनगर | १०.मौलापुर पिक्निकपार्क |
| ११. कोल्ड स्टोर | १२.मौलापुर बसपार्क |
| १३.चिरचिरिया – गम्हरीया– पतौरा सडक कालोपत्रे | १४.नगरपालिकाको भवन |
| १६.मौलापुर एफ.एम.रेडियो | १७. Free Wifi नगर |
| १८.साक्षरता अभियान | १९. हर हातमे हुनर कार्यक्रम |

| | |
|---|---|
| २०. मौलापुर, मर्यादपुर र पतौरामा जग्गा सहित विद्यालय पूर्वाधार | |

(स्रोत : राष्ट्रिय जनगणना २०७८)

धार्मिक हिसाबले मनाईने मुख्य चाडपर्वहरुमा दशै, तिहार, छठ, होली, माघे संक्रान्ती, शिवरात्री, झिझियापर्व, समाचकवा, र विभिन्न मेलाहरु हिन्दु धर्मबालीहरुले मनाउने गर्दछन् भने इद, बक्रिद, सोभरात, मोहरम, जुमा, सबेबात, यी मुख्य चाईपर्वहरु मुसलिम धर्म मान्ने घरपरिवारहरुले मनाउने गरेका छन् । क्रिस्मश डे, डिक्रफेष्डे र स्टार सन्डे यीमुख्य चाडपर्वहरु भने क्रियश्यन धर्म मान्ने घर परिवारहरुले मनाउने गरेका छन् । यँहा ९८.१५ प्रतिशत हिन्दु धर्म मान्ने ब्यक्तिहरु, १.७९ प्रतिशत मुसलिम र न्यून सँख्यामा मात्र अन्य धार्मालाम्विहरुको बसोबास यस नगरपालिकामा रहेको छ। यो नगरपालिकाले धार्मिक हिसावले आफ्नो पहिचान बनाउन सफल रहे ता पनि सामजिक हिसावले अहिले पनि समाज, घर परिवारमा लैगिंक विभेद, जातिय छुवाछुत तथा अन्य व्यवहारमा हुनु पर्ने जति सकरात्मक परिवर्तन हुन नसके हो। यस्ता सवालहरुको सम्वोधनका लागि स्थानिय सरकारले कुनै प्रयास बाकँ राखेको छैन, यस पालिकामा दलित घर परिवारहरुको लागि नमुना एकिकृत दलित वस्तिहरुको निर्माण गरेको छ। तर अझ समय सापेक्ष विकासका कदमहरुमा सामाजिक सदभाव कायम राखि समावेशिता, समता अविभृदीमा योगदान हुने त्यसतै सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ।

## १.२.४ मौलापुर नगरपालिकाको आर्थिक अवस्था :

औधोगिक क्षेत्रको सम्भावना प्रचुर मात्रामा भए तापनि स्थानियअर्थतन्त्र कृषिमा आधारित रहेको छ। करिब ७० देखि ८० प्रतिशत घरपरिवार कृषि कार्यमा नै संलग्न रहेका छन्। नगरपालिका क्षेत्रमा खेती योग्य जग्गा प्रशस्त रहेको छ। अरुवा खोलाको सिचाईको सुबिधा सँगै विभिन्न डिप वोरिन, धारा, मोटर र कृष्कको लागि तालिम र कृषी औजारहरु पनि नगरपालिकाले बेला बेलामा सहयोग गर्ने गरेको छ। खेती प्रणाली हेर्दा धान खेती अनिवार्य रुपमा एक बालीलगाउने गर्दछन् भने अन्यवालीहरुमा मकै, गहु दालबालीको खेतीहुने गरेको छ। त्यस्तै यस क्षेत्रका कृषकहरु मूलतः सबै प्रकारका खेती गर्ने गर्छन् जस्तै मकै, धान, कोदो जस्ता अन्नवाली, तेलहन, दलहन समेत गर्दै आइरहेको छन्। **साथै नगरपालिकाले खेतिपातिका लागने विधुत महसुल र जमिनकको कर पनि छुट गरेको छ।** यसले कृषकलाई थप खेतिमा सहजस्ता ल्याएको छ। अर्को तर्फ किसानहरुले केहि केरा खेती र पशुपालनहरु गर्ने गरेको छ। कृषि पैदावारलाई सहजै नजिककै सुविधा युत्त बजारहरु पतौरा, मौलापुरको हाट बजारमा बेची आम्दानीको श्रोतको रुपमालिने गरेका छन्। मौलापुर नगर पालिकाको मुख्य आम्दानीको स्रोत कृषि भएता पनि यहाको मानिसहरु अन्य आय आर्जन क्रियाकलापहरुमा संलगन रहेको छ।

| पेशा | जम्मा | रोजगारको क्षेत्र हरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सरकारी वित्तीय निगम गैर-वित्तीय निगम गैर-लाभकारी संस्था घरेलू घरेलू सेवा उल्लेख गरिएको छैन | वित्तीय सस्था | गैर-वित्तीय सस्था | गैर- सरकारी संस्था | घरेलू सेवा | जानकारी नभएको |
| **जम्मा** | **१२८४८.** | **३०५.** | **३०.** | **४५४७.** | **२९.** | **७९२८.** | **९.** |
| सशस्त्र बल | १८. | १८. | ०. | ०. | ०. | ०. | ०. |
| प्रबन्धकहरू | २७५. | ३३. | ०. | १५०. | १०. | ८२. | ०. |
| व्यावसायिक | २९८. | १२४. | १. | १४८. | १०. | १५. | ०. |
| प्राविधिक हरू र सहयोगी | १०७. | ३७. | ५. | ५६. | ०. | ९. | ०. |
| कार्यालय सहयोग | ५४. | १२. | १६. | २३. | २. | १. | ०. |
| सेवा र बिक्री कामदारहरू | ४२८. | ६५. | ६. | २२५. | ०. | १३२. | ०. |
| कुशल कृषि, मत्स्य पालन गर्ने | ६०१२. | ३. | ०. | १५३. | ०. | ५८५६. | ०. |
| शिल्प र सम्बन्धित व्यापार श्रमिकहरू | १०९३. | ५. | १. | ७८०. | ४. | ३०३. | ०. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्लान्ट र मेशिन अपरेटरहरू र एसेम्बलरहरू | १७१. | ०. | ०. | ७३. | ०. | ९८. | ०. |
| प्रारम्भिक कामदारहरू | ४३८९. | ८. | १. | २९३८. | ३. | १४३०. | ९. |
| व्यवसाय उल्लेख गरिएको छैन | ३. | ०. | ०. | १. | ०. | २. | ०. |
| **पुरुष** | | | | | | | |
| **जम्मा** | **८३५७.** | **२४९.** | **२३.** | **२५०६.** | **२६.** | **५५४९.** | **४.** |
| सशस्त्र बल | १८. | १८. | ०. | ०. | ०. | ०. | ०. |
| प्रबन्धकहरू | २४२. | ३१. | ०. | १३५. | ९. | ६७. | ०. |
| व्यावसायिक | २२१. | ८४. | १. | ११३. | ९. | १४. | ०. |
| प्राविधिक हरू र सहयोगी | ८४. | २९. | ५. | ४३. | ०. | ७. | ०. |
| कार्यालय सहयोग | ४०. | ११. | १२. | १५. | १. | १. | ०. |
| सेवा र बिक्री कामदारहरू | ३७६. | ६१. | ४. | १९८. | ०. | ११३. | ०. |
| कुशल कृषि, मत्स्य पालन गर्नेहरु | ४०७३. | २. | ०. | १०१. | ०. | ३९७०. | ०. |
| शिल्प र सम्बन्धित व्यापार श्रमिकहरू | १०२०. | ५. | ०. | ७५०. | ४. | २६१. | ०. |
| प्लान्ट र मेशिन अपरेटरहरू र प्राविधिकहरु | १६५. | ०. | ०. | ७०. | ०. | ९५. | ०. |
| प्रारम्भिक कामदारहरू | २११६. | ८. | १. | १०८०. | ३. | १०२०. | ४. |
| व्यवसाय उल्लेख गरिएको छैन | २. | ०. | ०. | १. | ०. | १. | ०. |
| **महिला** | | | | | | | |
| **जम्मा** | **४४९१.** | **५६.** | **७.** | **२०४१.** | **३.** | **२३७९.** | **५.** |
| सशस्त्र बल | ०. | ०. | ०. | ०. | ०. | ०. | ०. |
| प्रबन्धकहरू | ३३. | २. | ०. | १५. | १. | १५. | ०. |
| व्यावसायिक | ७७. | ४०. | ०. | ३५. | १. | १. | ०. |
| प्राविधिक हरू र सहयोगी | २३. | ८. | ०. | १३. | ०. | २. | ०. |
| कार्यालय सहयोग | १४. | १. | ४. | ८. | १. | ०. | ०. |
| सेवा र बिक्री कामदारहरू | ५२. | ४. | २. | २७. | ०. | १९. | ०. |
| कुशल कृषि, मत्स्य पालन गर्नेहरु | १९३९. | १. | ०. | ५२. | ०. | १८८६. | ०. |
| शिल्प र सम्बन्धित व्यापार श्रमिकहरू | ७३. | ०. | १. | ३०. | ०. | ४२. | ०. |
| प्लान्ट र मेशिन अपरेटरहरू र प्राविधिकहरु | ६. | ०. | ०. | ३. | ०. | ३. | ०. |
| प्रारम्भिक कामदारहरू | २२७३. | ०. | ०. | १८५८. | ०. | ४१०. | ५. |

(श्रोतः राष्ट्रिय जनगणना २०७८)

### १.२.५ मौलापुर नगरपालिकाको शैक्षिक अवस्था

नेपालको संबिधान २०७२ र राष्ट्रिय शिक्षा नीति २०७६ को प्राबधान अनुरुप यस नगरपालिकामा रहेको सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच, गुणस्तर, सहभागिता, र समावेशीकता बनाउनको लागि १८ ओटा बालविकास केन्द्रहरु संचालन गरि निरन्तर शिक्षा प्रदान गरिरहेको छ । यसैगरी, कक्षा १ देखि ५ सम्म ४ ओटा, कक्षा ६ देखि ८ सम्म २ ओटा, कक्षा ९ देखि १० सम्म ३ ओटा र कक्षा ११ देखि १२ सम्म ३ ओटा विद्यालयहरु मार्फत क्षैशिक गतिबिधी संचालन गर्दै आइरहेको छ ।

| विद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाई | सि.एल.सि | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | इसिइडि | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५. | ६-८. | १-८. | ९-१०. | ११-१२. | ९-१२. | | | |
| कक्षागत र तहगत जम्मा विद्यालय सङ्ख्या (सबै प्रकारका) | १२ | ० | ० | ० | ० | ४ | ० | ० | २ | ० | ३ | ० | ३ | १२ | ८ | १२ | ६ | ३ | ६ | १२ | ० | ० |
| कक्षागत र तहगत सबै प्रकारका समुदायिक जम्मा विद्यालय सङ्ख्या | १२ | ० | ० | ० | ० | ४ | ० | ० | २ | ० | ३ | ० | ३ | १२ | ८ | १२ | ६ | ३ | ६ | १२ | ० | ० |
| जम्मा समुदायिक विद्यालयमध्ये अनुमति प्राप्त कक्षाग र तहगत विद्यालय सङ्ख्या (शुन्य दरबन्दी भएका) | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | १ | ० | ० |
| जम्मा सामुदयिक विद्यालयमध्ये बिशेष विद्यालयहरुको सङ्ख्या (बिभिन्न अपाङ्गताका भएका बालबालिकाका लागि) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा सामुदयिक विद्यालयमध्ये धार्मिक विद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा सामुदयिक विद्यालयमध्ये घुम्ती विद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा सामुदयिक विद्यालयमध्ये समाहित शिक्षा सहितका विद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा सामुदयिक विद्यालयमध्ये आवासिय सुबिधा सहितका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयहरुको सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | |
| प्राबिधिक धार सहितका जम्मा सामुदयिक विद्यालयहरुको सङ्ख्या (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | ० | ० |
| नमूना विद्यालय कार्यक्रम सहितका सामुदयिक विद्यालयहरुको सङ्ख्या (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | ० | ० |
| बिज्ञान बिषय सहितका जम्मा विद्यालयहरुको सङ्ख्या (सबै प्रकारका कक्षा ११-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | ० | ० |
| बिज्ञान बिषय सहितका जम्मा सामुदयिक विद्यालयहरुको सङ्ख्या (कक्षा ११-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | ० | ० |
| खुल्ला विद्यालय सङ्ख्या (Other Column मा लेखानुहोस) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० |
| अनौपचारिक बैकल्पिक र प्रौढ विद्यालय (Other Column मा लेखानुहोस) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

यस नगरपालिकाले शैक्षिक गतिविधि नेपाल सरकारको शिक्षा ऐन बमोजिम संचालन गर्दै आई रहेको छ। ५–१२ वर्ष उमेरका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा १३–१६ वर्ष उमेरका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा नेपाल सरकारले प्रदान गर्ने दायित्व राखेको छ। संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा अधिकार स्थानिय तहलाई प्रदान गरी स्थानिय तहलाई जिम्मेवार बनाएको छ। नेपालमा निजी सःशुल्क र सरकारी निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा छन्। यद्यपी नेपाल सरकारको शिक्षा ऐन बमोजिम शिक्षा संचालन गर्दा गर्दै नेपालमा विद्यालय शिक्षामा ४ वर्ष उमेरका बालबालिका प्रारम्भिक बालविकास शिक्षामा सहभागी हुनपर्ने मापदण्ड रहे

ता पनि यो उमेर समुहका वालवलिकाहरु प्रारम्भिक बालविकास अनुभव नलिई पनि कक्षा १ मा भर्ना भइरहेको छ । यस सन्दर्भमा मौलापुर नगरपालिकाको शैक्षिक अवस्थाबारे नीतिगत व्यवस्था, उपलब्धि, अन्तर र विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको चर्चा गरिएको छ। रौतहट जिल्लाको मौलापुर नगरपालिकामा हाल १८ वटा प्रारम्भिक बाल विकास केन्द्रहरू सञ्चालनमा छन् । तीमध्ये १२ वटा सामुदायिक विद्यालयमा र ६ वटा संस्थागत विद्यालयमा आधारित छन् । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको तथ्याङ्क अनुसार, शैक्षिक सत्र २०८० मा सामुदायिक र सस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षामा भर्ना भएका बालबालिकाको कुल संख्या ५५६ जना रहेकोमा ३१५ (५६.६५ प्रतिशत ) छात्रा र २४१(४३.३४ प्रतिशत ) छात्रहरु रहेका छन् । यस नगरपालिकामा प्रारम्भिक बाल विकास (ECED) मा, ७५ प्रतिशत बालबालिकाले सिकाई सामग्री प्राप्त गरेका छन् भने ९५ प्रतिशत शिक्षक/शिक्षिकाहरूले कम्तिमा १५ दिने तालिम प्राप्त गरेका छन्। खुद भर्ना दर २६.0 प्रतिशत रहेको छ भने सहजै देखिने भर्ना दर ३२.0 प्रतिशत छ। लैङ्गिक समता सूचांक (GER) १.४० र (NER) १.४२ रहेको छ । दलित बालबालिकाको प्रतिशत २३.९२प्रतिशत छ भने अपाङ्गता भएका बालबालिकाको प्रतिशत ०.६ प्रतिशत छ । कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत २१.१ प्रतिशत रहेको छ । यस नगरपालिकामा आधारभूत शिक्षामा, कक्षा १ मा सहजै देखिने प्रवेश दर ९७.३ प्रतिशत र खुद प्रवेश दर ५३.५ प्रतिशत रहेको छ । लैङ्गिक समता सूचांक (GIR) १.०७ र (NIR) १.२ रहेको छ । ECED अनुभव लिई आएका बालबालिका ३०.६ प्रतिशत र अनुभव नलिई आएका बालबालिका ६९.४ प्रतिशत रहेको छ। आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर १०५.२ प्रतिशत र खुद भर्ना दर ८४.८ प्रतिशत रहेको छ । आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर 110.7 प्रतिशत र खुद भर्ना दर १०१.३ प्रतिशत रहेको छ। आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर १०७.४ प्रतिशत र खुद भर्ना दर ९१.२ प्रतिशत रहेको छ । यस नगरपालिकामा माध्यमिक शिक्षामा, कक्षा ९-१० मा सहजै देखिने भर्ना दर १०५.९ प्रतिशत र खुद भर्ना दर ६४.१ प्रतिशत रहेको छ । कक्षा ११-१२ मा सहजै देखिने भर्ना दर १७.९प्रतिशत र खुद भर्ना दर ८.१ प्रतिशत रहेको छ। माध्यमिक तह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर ५८ प्रतिशत र खुद भर्ना दर ३३.६ प्रतिशत रहेको छ। लैङ्गिक समता सूचांक (GER) ०.८५ र (NER) ०.८३ रहेको छ । यस नगरपालिकामा आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षकहरू ३२.७ प्रतिशत रहेको छ, जबकि कक्षा ६-८ मा ११.१ प्रतिशत मात्र छ । समग्रमा, आधारभूत तह (कक्षा १-८) मा महिला शिक्षकहरू २९.७ प्रतिशत रहेको छ । माध्यमिक तहमा, कक्षा ९-१० मा महिला शिक्षकहरू २० प्रतिशत रहेको छ भने कक्षा ११-१२ मा 0.0 प्रतिशत छ । समग्रमा, माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकहरू १२.५प्रतिशत रहेको छ । यस नगरपालिकामा सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगत रूपमा कार्यरत शिक्षक र विद्यार्थीको अनुपात (STR) विभिन्न तहहरूमा फरक-फरक रहेको छ । बालविकास तथा पूर्व प्राथमिक तह (ECED) मा शिक्षक र विद्यार्थीको अनुपात १३१ रहेको छ । आधारभूत तहमा, कक्षा १-५ मा यो अनुपात १;९० रहेको छ भने कक्षा ६-८ मा यो अनुपात १;३२६ रहेको छ । माध्यमिक तहमा, कक्षा ९-१० मा शिक्षक र विद्यार्थीको अनुपात ११८ रहेको छ भने कक्षा ११-१२ मा यो अनुपात २१८ रहेको छ । तथ्यांकको विश्लेषण गर्दा, आधारभूततह (कक्षा १-८) र माध्यमिकतह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) आधारभूततह (कक्षा १-८) मा १.५ प्रतिशत र माध्यमिकतह (कक्षा १-१२): ३५.६ प्रतिशत रहेको छ । यस विश्लेषणबाट देखिन्छ कि माध्यमिकतहमा विद्यालय बाहिर रहेका बालबालिकाको दर धैरै उच्च छ।

| **क्र.स.** | **सूचकहरु** | **आधार बर्ष २०८० को अवस्था** |
|---|---|---|
| **१. प्रारम्भिक बाल बिकाश तथा शिक्षा** | | |
| १.१ | ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्य | ७५ |
| १.२ | ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | ९५ |
| १.३ | ECED मा खुद भर्ना दर (Enrolment rate of 4-year old children) | २६ |
| १.४ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | ३२ |
| १.५ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | १.४ |
| १.६ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | १.४२ |
| १.७ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | २३.९२ |
| १.८ | ECED मा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ०.३६ |
| १.९ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१.१ |

| | | |
|---|---|---|
| **२. आधारभुत शिक्षा** | | |
| २.१ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1) | ९७.३ |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | ५३.५ |
| २.३ | कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GIR) | १.०७ |
| २.४ | कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NIR) | १.२ |
| २.५ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | ३०.६ |
| २.६ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव नलिई आएका बालबालिकाको प्रतिशत | ६९.४ |
| २.७ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | १०५.२ |
| २.८ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ८४.८ |
| २.९ | आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (GER) | ११०.७ |
| २.१० | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER) | १०१ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | १०७.४ |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ९१.२ |
| **३. माध्यमिक शिक्षा** | | |
| ३.१ | माध्यमिकतह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (GER) | १०५.९ |
| ३.२ | माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) | ६४.१ |
| ३.३ | माध्यमिकतह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) | १७.९ |
| ३.४ | माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर (NER) | ८.१ |
| ३.५ | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | ५८ |
| ३.६ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | ३३.६ |
| ३.७ | आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.१९ |
| ३.८ | आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.१५ |
| ३.९ | माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | ०.८५ |
| ३.१०, | माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | ०.८३ |
| ३.११, | आधारभूततह (कक्षा १-८) मा उमेरगत भर्ना दर (ASER) | ९८.५ |
| ३.१२, | माध्यमिकतह (कक्षा १-१२) मा उमेरगत भर्ना दर (ASER) | ६४.४ |
| **४ .विद्यालय बाहिर रहेको बालबालिकाहरु** | | |
| ४.१ | आधारभूततह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | १.५ |
| ४.२ | माध्यमिकतह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | ३५.६ |
| **५ .बिधार्थी निरन्तरता दर** | | |
| ५.१ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर (Survival Rate to Grade 5) | १००.३ |
| ५.२ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ को अन्त्यसम्म टिक्ने बालबालिकाको दर (Retention Rate at the end of Grade 5) | १०० |
| ५.३ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-5) | १०० |
| ५.४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | १००.१ |
| ५.५ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ को अन्त्यसम्म टिक्ने बालबालिकाको दर (Retention Rate at the end of Grade 8) | १०० |
| ५.६ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-8) | १०० |
| ५.७ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) | १०० |

| | | |
|---|---|---|
| ५.८ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर (Retention Rate at the end of Grade 10) | १०० |
| ५.९ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकत्तह (कक्षा १-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-10) | १०० |
| ५.१०, | आधारभूतहमा (कक्षा १-८) तोकिएको उमेरसमूह भन्दा कम/बढी उमेर स्मुहका बिद्यार्थीको प्रतिशत (Percentage of Under and Ove age Children in Basic Level) | १६.२ |
| **६ .सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात** | | |
| ६.१ | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | ३१ |
| ६.२ | आधारभूततह (कक्षा १-५) | ९० |
| ६.३ | आधारभूततह (कक्षा ६-८) | ३२६ |
| ६.४ | माध्यमिकतह (कक्षा ९-१०) | ११८ |
| ६.५ | माध्यमिकतह (कक्षा ११-१२) | २१८ |
| ६.६ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ३२.७ |
| ६.७ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | ११.१ |
| ६.८ | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | २९.७ |
| ६.९ | माध्यमिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | २० |
| ६.१ | माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | ० |
| ६.१ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १२.५ |

( स्रोत: मौलापुर नगरपालिका IEMIS, २०८०)

## १.३ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरु

मौलापुर नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् –

१. माध्यमिकतहमा विद्यालय बाहिर रहेका बालबालिकाको दर धेरै उच्च छ । आधारभूततह (कक्षा १-८) र माध्यमिकतह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) आधारभूततह (कक्षा १-८)- १.५ प्रतिशत र माध्यमिकतह (कक्षा १-१२): ३५.६ प्रतिशत रहेको छ ।
२. वालवलिकाको संख्याको अधारमा प्रारम्भिक बालविकास केन्द्रको पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्न ।
३. आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) १.१९ रहेको छ यस अनुपातलाई बराबर कायम गर्न सकेको छैन ।
४. बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत ०.४, आधारभूततह (कक्षा १-८) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत ३.२, माध्यमिकतह (कक्षा ९-१२) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत ०.४ रहेको छ त्यसैले बालमैत्री, अपाङ्गता मैत्री, लैङ्गिक मैत्रीको अवधारणा अनुसार थप प्रभावकारी सिकाइ वातावरण निर्माण गर्नु ।
५. सामुदायिक आधारभूत विद्यालयतहहरूमा कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत ८.६ प्रतिशत मात्र रहेको छ यसले शिक्षकको विकास गर्न न सकेको देखिन छ ।
६. इन्टरनेट, सूचना र प्रविधिको पहुँचमा रहेको विद्यालयलाई सुविधा सम्पन्न ICT lab को व्यस्थापन गरिनु ।
७. अपुग भौतिक पूर्वाधार रहेको विधालयलाई प्राथमिकतामा राखि उचित व्यवस्थापन गरिनु ।
८. संविधानतः आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु ।

९. व्यवहार कुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्न व्यवसायिक, प्राविधिक र व्यावहारिक शिक्षामा जोड दिनु ।
१०. व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
११. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु ।
१२. बालविकास तथा पूर्व प्राथमिक तह (ECED) मा शिक्षक र विद्यार्थीको अनुपात १:३१ रहेको छ ।
१३. आधारभूत तहमा, कक्षा १-५ मा यो अनुपात १:९० रहेको छ भने कक्षा ६-८ मा यो अनुपात १:३२६ रहेको छ ।
१४. माध्यमिक तहमा, कक्षा ९-१० मा शिक्षक र विद्यार्थीको अनुपात १:११८ रहेको छ भने कक्षा ११-१२ मा यो अनुपात १:२१८ रहेको छ । त्यसैले विद्यालयहरुमा तहगत अनुसार विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर्नु पर्ने ।

## १.४ विद्यालय शिक्षा क्षेत्रका अवसरहरु

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेका छन् –

१. विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने ।
२. योगता पुगेका युवाहरुलाई नगर शिक्षकमा रोजगारीको अवसर प्रदान ।
३. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको ।
४. शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको ।
५. विकास साझेदारहरुको स्थानिय तहमा समन्वय, सहकार्य तथा आवशयक कार्य गर्न उचित वतावरण रहेको ।
६. शिक्षा प्रति नगरपालिका धैरै संबेदनशील रहेको ।
७. शिक्षको व्यावस्थापन विधार्थीको अनुपात अनुसार नगरपालिकाबाट पनि भई रहेको ।

# परिच्छेद- २. दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ परिचय

यो परिच्छेदमा मुख्य गरि यो नगर शैक्षिक योजना निर्माणका लागि यस मौलापुर नगरपालिकाले राखेको दूरदृष्टी, ध्येय, उद्देशय, रणनीति तथा लक्ष्य सहित नतिजाहरु प्रस्तुत गरिएको छ । यो योजनाले नगरपालिकाको विद्यालय शिक्षा आगामी १० वर्षको मार्ग पहिचानका लागि राष्ट्रिय देखि स्थानिय तहसम्मको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती, अवसर र सम्भावनाहरूको आधारमा यो शिक्षा योजना निर्माण गर्ने जमर्को गरेको छ। यस शिक्षा क्षेत्र योजनाले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने उद्देश्य राखेको छ ।

## २.२ दूरदृष्टि

"निशुल्क शिक्षा बालबालिकाको अधिकार, समाजिक न्याय र समृद्धि भविष्यको आधार"

## २.४ लक्ष्य

विद्यालय उमेर समूहका सबै बालबालिकाहरूको शिक्षाको पहुँच सुनिश्चित गरी समतामूलक, प्राविधिक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

## २.५ उद्देश्य

१. सबै बालबालिकालाई आधारभूत र माध्यमिक तहसम्म अनिवार्य तथा नि:शुल्क शिक्षा प्रदान गर्नु ।
२. विद्यालय शिक्षालाई जीवनोपयोगी, प्रविधिमैत्री, प्रतिस्पर्धी र व्यावहारिक बनाउनु ।
३. बालमैत्री शिक्षण वातावरणको सिर्जना गरी विद्यालय उमेर समूहका बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्नु ।
४. अपाङ्गता भएका व्यक्तिहरूका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
५. अनौपचारिक, वैकल्पिक, र खुला शिक्षाबाट आजीवन सिकाइको अवसर प्रदान गरी पूर्ण साक्षर मौलापुर नगरपालिका निर्माण गर्नु ।
६. प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादनशील जनशक्ति तयार गर्नु ।
७. विद्यालय व्यवस्थापनमा सुशासन र उत्तरदायित्व सुनिश्चित गर्नु ।
८. शिक्षकहरूको पेसागत योग्यता र सक्षमता विकास गर्नु ।
९. गुणस्तरीय शिक्षाको लागि विद्यार्थीहरूको अनुपातको आधारमा शिक्षक व्यवस्थापन गर्नु ।
१०. विज्ञान र प्रविधिमा आधारित नवप्रवर्तनशील अनुसन्धानको प्रवर्द्धन गर्नु ।
११. निजी र सार्वजनिक शिक्षाको समन्वय र प्रभावकारिता वृद्धि गर्नु ।
१२. प्रारम्भिक बालविकासका कार्यक्रमद्वारा बालबालिकाको सर्वाङ्गीण विकास गर्नु ।
१३. विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता, र उत्तरदायित्व सुनिश्चित गर्नु ।
१४. विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि र नेतृत्वको सबलीकरण गर्नु ।
१५. नियमित विद्यालय शिक्षा अनुगमन संयन्त्रको विकास गर्नु ।

## २.६ रणनीतिहरु

१. सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्न भर्ना अभियान, छात्रवृत्ति तथा लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने।
२. आधारभूत तथा माध्यमिक तहसम्म अनिवार्य र निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने।
३. विद्यालय शिक्षालाई जीवनोपयोगी, सीपमूलक, प्रविधिमैत्री तथा रोजगारमुखी बनाउने।
४. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग र डिजिटल सिकाइ सामग्रीको विकास गर्ने।
५. बालमैत्री, समावेशी, सुरक्षित तथा लैङ्गिकमैत्री विद्यालय वातावरण निर्माण गर्ने।
६. विद्यालय बाहिर रहेका, जोखिममा परेका तथा विपन्न समुदायका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने।
७. अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त पूर्वाधार, विशेष सिकाइ सामग्री तथा सहयोगी सेवाको व्यवस्था गर्ने।
८. प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर सुधार गरी बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने।

९. अनौपचारिक, वैकल्पिक तथा खुला शिक्षामार्फत आजीवन सिकाइ र पूर्ण साक्षरता अभियान सञ्चालन गर्ने।
१०. प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थानीय श्रम बजार र उत्पादनसँग आबद्ध गर्ने।
११. शिक्षकको पेशागत क्षमता विकासका लागि नियमित तालिम, कार्यसम्पादन मूल्यांकन तथा उत्प्रेरणा प्रणाली लागू गर्ने।
१२. विद्यार्थी–शिक्षक अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने।
१३. विद्यालयमा नियमित सिकाइ उपलब्धि परीक्षण, शैक्षिक गुणस्तर मूल्यांकन तथा सुधार कार्यक्रम सञ्चालन गर्ने।
१४. विद्यालय व्यवस्थापनमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व सुनिश्चित गर्ने।
१५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायको क्षमता अभिवृद्धि गर्ने।
१६. स्थानीय भाषा, कला, संस्कृति तथा मौलिक पहिचानलाई शिक्षण सिकाइ प्रक्रियामा समावेश गर्ने।
१७. विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा आधारित अनुसन्धान र सिर्जनशील गतिविधिलाई प्रोत्साहन गर्ने।
१८. निजी तथा सामुदायिक विद्यालयबीच समन्वय, सहकार्य र गुणस्तरीय प्रतिस्पर्धा अभिवृद्धि गर्ने।
१९. विद्यालय अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई प्रविधिमैत्री, नियमित र प्रभावकारी बनाउने।
२०. विपद् जोखिम न्यूनीकरण, विद्यालय सुरक्षा तथा स्वास्थ्य–सरसफाइ कार्यक्रमलाई विद्यालय व्यवस्थापनसँग एकीकृत गर्ने।

## २.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछ:

१. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाहरूको दरमा वृद्धि हुनेछ ।
२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमता सहित आधारभूत तह पूरा गर्नेछन् ।
३. शिक्षक र विद्यार्थी अनुपात सुधार भई गुणस्तरीय शिक्षा प्रदान हुनेछ ।
४. सबै विद्यालय उमेर समूहका बालबालिकाको विद्यालयमा पहुँच तथा नियमित उपस्थितिमा वृद्धि हुने।
५. आधारभूत तथा माध्यमिक तहसम्मको अनिवार्य तथा निःशुल्क शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन हुने।
६. विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने दरमा कमी आउने।
७. प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक शिक्षाको गुणस्तरमा सुधार हुने।
८. बालमैत्री, सुरक्षित, समावेशी तथा लैङ्गिकमैत्री विद्यालय वातावरण सुनिश्चित हुने।
९. अपाङ्गता भएका तथा विपन्न समुदायका बालबालिकाको शिक्षामा समान पहुँच र सहभागिता वृद्धि हुने।
१०. विद्यार्थीहरूको सिकाइ उपलब्धि, शैक्षिक गुणस्तर तथा परीक्षा नतिजामा सुधार आउने।
११. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीको विस्तार हुने।
१२. शिक्षकहरूको पेशागत दक्षता, क्षमता तथा कार्यसम्पादनमा अभिवृद्धि हुने।
१३. विद्यार्थी–शिक्षक अनुपात सन्तुलित भई प्रभावकारी शिक्षक व्यवस्थापन सुनिश्चित हुने।
१४. प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत रोजगारमुखी र उत्पादनशील जनशक्ति तयार हुने।
१५. अनौपचारिक तथा वैकल्पिक शिक्षामार्फत साक्षरता दरमा वृद्धि भई पूर्ण साक्षर नगरपालिका निर्माणतर्फ प्रगति हुने।
१६. विद्यालय व्यवस्थापन समिति तथा समुदायको सहभागिता र नेतृत्व क्षमता सुदृढ हुने।
१७. विद्यालय व्यवस्थापनमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व कायम हुने।
१८. नियमित अनुगमन, मूल्यांकन तथा तथ्यमा आधारित शैक्षिक योजना प्रणाली विकास हुने।
१९. विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा आधारित अनुसन्धान र सिर्जनशील कार्यमा वृद्धि हुने।
२०. निजी तथा सामुदायिक विद्यालयबीच समन्वय र गुणस्तरीय प्रतिस्पर्धा अभिवृद्धि हुने।
२१. विद्यालय सुरक्षा, स्वास्थ्य, सरसफाइ तथा विपद् व्यवस्थापन प्रणाली प्रभावकारी हुने।
२२. स्थानीय भाषा, कला, संस्कृति तथा पहिचान संरक्षणमा शिक्षा क्षेत्रको योगदान वृद्धि हुने।
२३. गुणस्तरीय शिक्षामार्फत सक्षम, अनुशासित, नैतिक तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन हुने।

## २.७ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण

मौलापुर नगरपालिकाको ५ वर्षे शिक्षा क्षेत्रको योजना (सन २०२५ देखि २०३०) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ६५.५ | ६९.१ | ७२.८ | ७६.८ | ८०.९ | ८५.३ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७५ | ७७.७ | ८०.६ | ८३.५ | ८६.६ | ८९.८ | | |
| | | | | २. **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ५३.५ | ५७.४ | ६१.५ | ६५.८ | ७०.५ | ७५.६ | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ९७.३ | ९७.६ | ९७.९ | ९८.२ | ९८.५ | ९८.८ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ८४.८ | ८५.७ | ८६.६ | ८७.५ | ८८.४ | ८९.३ | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०५.२ | १०४.२ | १०३.२ | १०२.२ | १०१.२ | १००.२ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | १०० | १०२.५ | १०५.२ | १०७.८ | ११०.६ | ११३.४ | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | १०० | १०३ | १०६.१ | १०९.३ | ११२.६ | ११६ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९१.२ | ९३.१ | ९५.१ | ९७.१ | ९९.२ | १०१.३ | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०७.४ | १०६.८ | १०६.२ | १०५.७ | १०५.१ | १०४.६ | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | १०० | १०३ | १०६.१ | १०९.३ | ११२.६ | ११५.९ | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | १०० | १०३.२ | १०६.४ | १०९.८ | ११३.३ | ११६.९ | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.२ | १.२ | १.२ | १.२ | १.२ | १.२ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) १-५ कक्षा र १-१२ कक्षा | स्थानीय | १.५ | १.१ | ०.८ | ०.४ | ०. | | | १-८ कक्षा |
| | | स्थानीय | ३५.६ | ३५.१ | ३४.६ | ३४.१ | ३३.६ | ३३.१ | | १-१२ कक्षा |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | २९.७ | २९.८ | २९.९ | ३० | ३० | ३०.१ | | |
| | | ३. **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ६४.१ | ६९ | ७४.२ | ७९.९ | ८६ | ९२.६ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | १०५.९ | १०८.२ | ११०.५ | ११२.९ | ११५.४ | ११७.९ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | ०.८ | ०.८ | ०.८ | ०.८ | ०.८ | ०.९ | | |
| ३.४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर (Retention Rate at the end of Grade 10) | स्थानीय | १०० | १०३.५ | १०७ | ११०.७ | ११४.६ | ११८.५ | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | १०० | १०३.४ | १०७ | ११०.७ | ११४.४ | ११८.४ | | |
| ३.६ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकत्तह (कक्षा १-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-10) | स्थानीय | १०० | १०३.२ | १०६.४ | १०९.८ | ११३.३ | ११६.९ | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १२.५ | १२.९ | १३.३ | १३.७ | १४.१ | १४.५ | | |
| | | ४. **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ४७ | ५० | ५५ | ६० | ७० | ७५ | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ५६.४ | ६० | ६५ | ७० | ७५ | ८० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ८० | ८५ | ९० | ९५ | १०० | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | १.५ | १ | १ | १ | १ | १ | | |
| **५ सुशासन तथा व्यवस्थापन** | | | | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | **९०.२** | **९५.३** | **१००.६** | **१०६.२** | **११२.२** | **११८.५** | | |
| ६.१ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | **३२६.१** | **३३४.६** | **३४३.३** | **३५२.२** | **३६१.४** | **३७०.८** | | |
| ७.१ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | **३२६.१** | **३३४.६** | **३४३.३** | **३५२.२** | **३६१.४** | **३७०.८** | | |
| ८.१ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | **११७.६** | **१२८** | **१३९.४** | **१५१.९** | **१६५.४** | **१८०.१** | | |
| ९.१ | माध्यमिक तह (कक्षा११-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | **२१७.५** | **१९६.१** | **१७६.८** | **१५९.४** | **१४३.७** | **१२९.६** | | |
| **६. शिक्षामा लगानी** | | | | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| ७.१ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ४५ | ५० | ५० | ५० | ५० | ५० | | |
| ८.१ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ३५ | ४० | ४० | ५० | ५० | ५० | | |

स्रोतः शिक्षा शाखा, EMIS टुलकिट २०८१

# परिच्छेद- ३.विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## परिचय

यस शिक्षा क्षेत्रको योजना सन् २०२५ देखि २०३४ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थात् सन् २०२५ देखि२०२९ का लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ। तेश्रो परिच्छेदमा विद्यालय क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरूः बालिवकास र शिक्षा,आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ र सोहि अनुरुप भने रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१. परिचय

सामान्यता पाँच वर्ष उमेर भन्दा मुनिका बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकासलाई समग्र रूपमा बाल विकास भनिन्छ। यस उमेरमा बालबालिकामा स्वस्थ बानी, सुरक्षा उपाय, सिर्जनात्मक सोच, भाषिक र सञ्चार सीपको विकास गराउन दिइने अवसर वा शिक्षा नै बाल शिक्षा हो। प्रारम्भिक बाल विकास र शिक्षाको पाठ्यक्रम उमेर अनुसारको विकासात्मक पक्षलाई ध्यानमा राखेर एकीकृत सिद्धान्तका आधारमा विकास गरिएको हुन्छ। शिक्षा (नवौं संशोधन) ऐन, २०२८ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको शिक्षा प्रदान गर्ने परिकल्पना गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल विकासको अवसर प्रदान गर्ने र चार वर्षभन्दा कम उमेरका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका गतिविधि सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ। संघीयता कार्यान्वयन पछि स्थानिय सरकार संचालन ऐन, २०७४ ले प्रारम्भिक बाल विकास र शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन स्थानिय तहबाट नै हुने व्यवस्था गरेको छ। पन्ध्रौं योजनाले प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई विद्यालयको अभिन्न अंगको रूपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य गर्ने, कम्तिमा एक विद्यालय एक बाल विकास केन्द्रको अवधारणा अन्तर्गत स्थानिय तह मार्फत बाल विकास केन्द्रको पुनर्वितरण गर्ने, संघीय सरकारबाट दिइने अनुदानलाई निरन्तरता दिने, प्रदेश तथा स्थानिय तहबाट समेत लगानी गरी बाल विकास केन्द्रको विकासका लागि लागत साझेदारी गर्ने, प्रारम्भिक बाल विकास तथा शिक्षाका शिक्षकको तालिम अवधिको पुनरावलोकन गरी एक शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गर्ने, प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुसार बसाई व्यवस्थापन र सरसफाइलाई ध्यान दिई खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्री सहित आकर्षक मनोरञ्जन र बालमैत्री कक्षा कोठाको व्यवस्था गर्ने रणनीति लिईएको छ।

### ३.१.२ प्रारम्भिक बाल विकास शिक्षाको वर्तमान अवस्था

रौतहट जिल्लाको मौलापुर नगरपालिकामा हाल १८ वटा प्रारम्भिक बाल विकास केन्द्रहरू सञ्चालनमा छन्। तीमध्ये १२ वटा सामुदायिक विद्यालयमा र ६ वटा संस्थागत विद्यालयमा आधारित छन्। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको तथ्याङ्क अनुसार, शैक्षिक सत्र २०८० मा सामुदायिक र सस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षामा भर्ना भएका बालबालिकाको कुल संख्या ५५६ जना रहेकोमा ३१५ (५६.६५प्रतिशत ) छात्रा र २४१(४३.३४प्रतिशत ) छात्रहरु रहेका छन्। मौलापुर नगरपालिकाको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको तथ्याङ्क अनुसार, शैक्षिक सत्र २०८० मा सबै प्रकारका विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षामा भर्ना भएका बालबालिकाको कुल संख्या ५५६ रहेकोमा दलित बालबालिकाको संख्या १३३ (२३.९२प्रतिशत ) रहेको छ, जसमा ७१ (५३.३८प्रतिशत ) छात्रा र ६२ (४६.६१प्रतिशत ) छात्र छन्। ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) १.४०.40, ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) १.४२.42, ECED मा

भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत 0.36, ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत २१.१ रहेको छ । यस नगरपालिकामा प्रारम्भिक बाल विकास (ECED) मा, 75प्रतिशत बालबालिकाले सिकाई सामग्री प्राप्त गरेका छन् भने 95प्रतिशत शिक्षक/शिक्षिकाहरूले कम्तिमा १५ दिने तालिम प्राप्त गरेका छन्। खुद भर्ना दर 26.0प्रतिशत रहेको छ भने सहजै देखिने भर्ना दर 32.0प्रतिशत छ। लैङ्गिक समता सूचांक (GER) १.४० र (NER) १.४२ रहेको छ। दलित बालबालिकाको प्रतिशत २३.९२ प्रतिशत छ भने अपाङ्गता भएका बालबालिकाको प्रतिशत ०.३६ प्रतिशत छ। प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका यी चुनौतीहरु महत्वपूर्ण छन् ।

**न्यूनतम् मापदण्ड पूरा गर्ने**: मौलापुर नगरपालिकामा हाल १८ वटा प्रारम्भिक बाल विकास केन्द्रहरू सञ्चालनमा छन् तर सबै केन्द्रहरुमा आवश्यक पूर्वाधार, शिक्षण सामग्री, र प्रशिक्षित शिक्षकहरुको व्यवस्था भएको छैन। यसका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुको सहकार्य आवश्यक छ ।

नेपाल सरकारको रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ ( पहिलो संशोधन(२०७५) अनुसार ४ वर्ष पुरा गर्ने बालबालिकाहरु बिधाल भर्ना भई शिक्षाको मुलधारमा आउनुपर्ने प्राबधान रहेता पनि अहिले पनि १.५ प्रतिशत बालबालिकाहरु केन्द्रमा भर्ना भएको छैन । अभिभावकहरुलाई बालविकासको महत्त्वबारे सचेतना कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ। यसले बालबालिकालाई समयमा नै शिक्षामा समावेश गर्न मद्दत पुर्याउँछ।

हाल मौलापुर नगरपालिकामा संचालित बालविकास केन्द्रको सहजकर्ताहरुको पारीश्रमिक एकदमै न्यून रहेको छ साथै नगरपालिकाले बालविकास केन्द्रहरुको सहजकर्ताहरुलाई क्षमता अविबृदी गर्न सकेको छैन । त्यसैले नियमित तालिम तथा कार्यशालाहरुको आयोजना गर्न आवश्यकता रहेको देखिन्छ । । यसले उनीहरुको पेशागत विकासमा सहयोग पुर्याउँछ। कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव नलिई आएका बालबालिकाको प्रतिशत जम्मा ६९.४ प्रतिशत रहेको, बाल विकास केन्द्र को ९५ प्रतिशत शिक्षक/शिक्षिकाहरूले १५ दिने तालिम प्राप्त गरेका, बाल विकास केन्द्र उमर समुहको बालबालिका अहिले पनि २१.१ प्रतिशत शिक्षाको बन्चितिकरणमा रहेको, बालविकास केन्द्रमा बिधयार्थी र शिक्षकको अनुपात १:३१ जना रहेको जुन नेपाल सरकारको मापदण्ड पुरा नभएको, प्रारम्भिक बाल विकास (ECED) को ७५ प्रतिशत बालबालिकाले मात्र सिकाई सामग्री प्राप्त गरेको देखिन्छ साथै धैरै बालविकास केन्द्रहरुले सरकारले तोकेका न्युनत्तम मापदण्ड पनि पुरा गर्न सकेको छैन् ।

### ३.१.३ प्रारम्भिक बालविकास तथा शिक्षाका समस्याहरु:

१. प्रारम्भिक बालविकास केन्द्रको न्युनतम मापदण्ड पुरा गरेका १८ बालविकास केन्द्रको व्यवस्थापन गर्न नसकिनु,

२. खुद भर्ना दर (NER) जम्मा २६.०% र कुल भर्ना दर (GER) ३२.०% मात्र हुनुले अझै पनि धेरै बालबालिकाहरू प्रारम्भिक शिक्षाको पहुँच बाहिर रहेका छन्।

३. कक्षा १ मा नयाँ भर्ना हुने बालबालिकाहरू मध्ये ६९.४% बालबालिका ECED को कुनै पनि अनुभव नलिनि सिधै प्राथमिक विद्यालयमा प्रवेश गर्ने गरेका छन्।

४. कुल भर्ना भएका बालबालिकाहरू मध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत मात्र ०.३६% छ, जसले यो कार्यक्रम सबैका लागि पूर्ण समावेशी हुन नसकेको देखाउँछ।

५. बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाहरू मध्ये २१.१% बालबालिकाहरू तोकिएको उमेर समूह भन्दा कम वा बढी उमेरका छन्।

६. ५ वटा न्यूनतम सक्षमताका मापदण्डहरू मध्ये कम्तिमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पूरा गर्ने केन्द्रहरू ६५.५% मात्र छन्; अर्थात् बाँकी ३४.५% केन्द्रहरू न्यूनतम पूर्वाधार विना नै सञ्चालित छन्।

७. कुल बालबालिकाहरू मध्ये केवल ७५% ले मात्र आवश्यक सिकाई सामग्रीको पूरा सेट (Set) प्राप्त गरेका छन्, जसले गर्दा २५% बालबालिकाहरू सामग्री विहीन छन्।

८. कार्यरत शिक्षकहरूको योग्यता र तालिमको स्तर राम्रो भए तापनि उनीहरूको सेवा-सुविधा, उचित पारिश्रमिक र वृत्तिविकासको व्यवस्थापन सन्तोषजनक छैन ।

९. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित न्यूनतम सिकाई कार्यघण्टा पूरा भए/नभएको र प्रारम्भिक सिकाई तथा विकास मापदण्ड (ELDS) प्रभावकारी रूपमा संचालन हुन नसक्नु ।

### ३.१.४ उद्देश्यहरु

१. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु।

२. ४८ महिना पुरा गरेका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्नु।

३. पाठ्यक्रम २०७७ अनुसार ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पुर्व प्राथमिक शिक्षालाई कक्षा १ मा प्रवेशको तयारी गराउनु।

४. सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाईमैत्री जस्ता न्युनतम पूर्वाधार तथा सिकाई सक्षमता भएका प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको विकास गर्नु, कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव नलिई आएका बालबालिकाको प्रतिशत जम्मा ६९.४ प्रतिशत रहेको दर घटाउनु,

५. प्रारम्भिक बालविकास उमेर समुहका २१.१ प्रतिशत बालबालिकालाई बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्ने, १८ ओटा बाल विकास केन्द्र लाई राष्ट्रिय मापदण्डका ५ ओटा मध्ये न्युनतम ३ ओटा सक्षमता पुरा गराउने,

### ३.१.५ रणनितिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ।

१. सबै बालबालिकाको पहुँच पुग्नेगरी खानेपानी, शौचालय, सिकाई सामाग्री, सिकाइ समय लगायत राष्ट्रिय मापदण्डमा उल्लिखित सुविधाहरु उपलब्ध गराउने,

२. तिनै तहका सरकार विच सहकार्य, समन्वय र सहभागितामा बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड पुरा गर्ने गरि पूर्वाधार निर्माण गर्ने,

३. प्रारम्भिक बालविकासमा असमर्थ (फरक क्षमता भएका, अल्पसंख्यक, अतिबिपन्न आदि) बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा ल्याई कक्षा १ मा भर्ना हुन आवश्यक आधार तयार गर्ने

४. न्यूनतम मापदण्ड पूरा गरेका १८ वटा बालविकास केन्द्रहरूको दिगो र प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।

५. प्रारम्भिक बालविकासमा खुद भर्ना दर (NER) र कुल भर्ना दर (GER) मा उल्लेखनीय वृद्धि गर्दै पहुँच बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउने।

६. कक्षा १ मा नयाँ भर्ना हुने बालबालिकाहरूमध्ये पूर्व-बालविकास (ECED) को अनुभव लिई आउनेहरूको प्रतिशत बढाउने र सिधै भर्ना हुने ६९.४% को दरलाई न्यून गर्ने।

७. अपाङ्गता भएका बालबालिकाहरूको भर्ना दर (०.३६% बाट) वृद्धि गरी बालविकास कार्यक्रमलाई पूर्ण रूपमा समतामूलक र समावेशी बनाउने।

८. तोकिएको उमेर समूह (४ वर्ष) का बालबालिकाहरूलाई मात्र बालविकासमा सहभागी गराई कम वा बढी उमेरका बालबालिकाको संख्या (२१.१%) लाई व्यवस्थित गर्ने।

९. न्यूनतम सक्षमताका मापदण्डहरू (Minimum Enabling Standards) पूरा गर्ने केन्द्रहरूको संख्या ६५.५% बाट बढाएर शतप्रतिशत पुर्‍याउने र बाँकी ३४.५% केन्द्रहरूमा न्यूनतम पूर्वाधारको विकास गर्ने।

१०. बालविकास केन्द्रमा अध्ययनरत सम्पूर्ण (१००%) बालबालिकाहरूका लागि आवश्यक सिकाई सामग्रीको पूरा सेट (Set) उपलब्धता सुनिश्चित गर्ने।

११. कार्यरत शिक्षक/शिक्षिकाहरूको योग्यता र तालिमको कदर गर्दै उनीहरूको सेवा-सुविधा, उचित पारिश्रमिक र वृत्तिविकासको व्यवस्थापनलाई सन्तोषजनक र व्यवस्थित बनाउने।

१२. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित न्यूनतम सिकाई कार्यघण्टाको सुनिश्चितता गर्ने र प्रारम्भिक सिकाई तथा विकास मापदण्ड (ELDS) लाई प्रभावकारी रूपमा सञ्चालन तथा नियमित अनुगमन गर्ने।

## ३.१.६प्रमुख उपलब्धि, नतिजा तथा परिणात्मक लक्ष्य

**उपलब्धी**

१. ४ वर्ष उमेर पुरा गरेका सबै बालबालिका बालविकास केन्द्रमा भर्ना हुनेछन् ।
२. यस योजनाको अन्त्य सम्ममा सबै बालविकास केन्द्रले न्युनतम राष्ट्रिय मापदण्ड पुरा गरेका हुनेछन् ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष २०८०/०८१ | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|---|
| १.१ | ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ७५ | ७८ | ८२ | ८६ | ८४ | ९० |
| १.२ | ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | ९५ | ९५ | ९५.५ | ९६ | ९७ | ९८ |
| १.३ | ECED मा खुद भर्ना दर (Enrolment rate of 4-year old children) | २६ | २८ | ३० | ३५ | ४० | ४६ |
| १.४ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | ३२ | ३४ | ३६ | ३८ | ४० | ४२ |
| १.५ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | १.४० | १.४ | १.४ | १.३ | १.३ | १.२ |
| १.६ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | १.४२ | १.४२ | १.३८ | १.३ | १.२६ | १.२ |
| १.७ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | २३.९२ | २४ | २५ | २६ | २७ | २८ |
| १.८ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१.१ | १९ | १६ | १४ | १२ | १० |
| १.९ | राष्ट्रिय मापदण्ड पुरागरेको ECD केन्द्र | ५ | २ | ५ | ५ | १ | ० |

## ३.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्युनतम मापदण्डहरू विकास, परिमार्जन तथा प्रबोधीकरण | पटक | ० | १ | ० | ० | ० | १ | १ | संघ, प्रदेश र स्थानिय तह |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण तथा नयाँ थप केन्द्रको स्थापना | संख्या | | | | १ | १ | २ | १० | स्थानिय तह |
| ३ | शिक्षकलाई ELDS तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ४ | न्यूनतम मापदण्डअनुसार विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्ग मैत्री शौचालय सहितको दुई कोठे छुट्टै भवनको व्यवस्था | निरन्तर | | | | | | | | स्थानिय तह |
| ५ | केन्द्रहरुमा ६ कुना स्थपना | पटक | १ | २ | ३ | ४ | ५ | १५ | १८ | |
| ६ | अपाङ्ता भएका बालबालिकाहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | बिधयाल |
| ७ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह/बिधयाल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सहजकर्ताको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर मिलाउने | निरन्तर | | | | | | | | स्थानिय तह/बिधयाल |
| ९ | सबै प्रारम्भिक बालविकास केन्द्रमा शिक्षक र बालबालिकाको अनुपात बढीमा १:२५ कायम | निरन्तर | | | | | | | | स्थानिय तह/बिधयाल |
| १० | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानियभाषाको प्रयोग | निरन्तर | | | | | | | | स्थानिय तह/बिधयाल |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानियज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | निरन्तर | | | | | | | | स्थानिय तह/बिधयाल |
| ११ | अभिवाव वैठक | पटक | २ | २ | २ | २ | २ | १० | २० | विद्यालय |
| १२ | शिक्षहरुका लागि घुम्ती वैटक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | शिक्षा शाखा |
| १३ | Integrated ECD plan निर्माण र कार्यान्वन, Revision | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा |
| १४ | Ward level ECD समिति निर्माण तथा अभिमुखिकरण | पटक | | १ | | | | | | शिक्षा शाखा |
| १५ | बालबलिकाहरुको portfolio निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| १६ | नियमित स्वास्थ्य परीक्षण, सरसफाइ तथा पोषण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा |
| १७ | बालविकास केन्द्रहरूको नियमित सुपरिवेक्षण तथा अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१. परिचय

आधारभूत शिक्षा भन्नाले प्राकक्षा १ देखि कक्षा ८ सम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १–८ लाई आधारभूत शिक्षा र कक्षा ९–१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि मौलापुर नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.२.२. वर्तमान अवस्था

मौलापुर नगरपालिका आधारभूत तहमा जम्मा सामुदियक विद्यालय १२ वटा रहेक छन् जस मध्य आधारभूत बिधालय ६ ओटा रहेका छन् । आधारभूत तहमा सबै प्रकारका विद्यालयहरुमा जम्मा विद्यार्थी संख्या ७३५६ रहेका छन मौलापुर नगरपालिका शिक्षा विकासका दृष्टिले रौतहट जिल्लाका अग्रणी स्थानीय तहहरूमध्ये एक मानिन्छ। नगरपालिकाले शिक्षा क्षेत्रमा निरन्तर लगानी गर्दै विद्यालयको पहुँच, गुणस्तर, समावेशिता तथा व्यवस्थापन सुधारमा उल्लेखनीय प्रयास गर्दै आएको छ। यसका कारण आधारभूत तह शिक्षाका अधिकांश सूचकहरू सन्तोषजनक अवस्थामा रहेका छन्।

नगरपालिकाभित्र आधारभूत तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत विद्यालयहरूले अधिकांश विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालय शिक्षाको पहुँच प्रदान गरेको छ। आधारभूत तहमा बालबालिकाको भर्नादर तथा टिकाउ दर उच्च रहेको देखिन्छ। कक्षा १ देखि ८ सम्मको खुद भर्नादर र आधारभूत तह पूरा गर्ने दर उत्साहजनक रहेकोले विद्यालय पहुँच विस्तार र विद्यार्थी टिकाइराख्ने प्रयास प्रभावकारी रहेको संकेत गर्दछ। विद्यालय बाहिर रहेका बालबालिकाको संख्या न्यून रहेको भए तापनि सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन थप प्रयास आवश्यक देखिन्छ। लैङ्गिक समानताको दृष्टिले पनि नगरपालिका सकारात्मक अवस्थामा रहेको छ। आधारभूत तहमा बालिका तथा बालकको सहभागिता सन्तुलित रहेको देखिन्छ भने विद्यालयमा बालिकाको पहुँच र निरन्तरतामा सुधार भएको अवस्था छ। तथापि, लैङ्गिक समानतासँगै सामाजिक समावेशीकरणलाई थप सुदृढ गर्न आवश्यक छ। विशेषगरी दलित, जनजाति, आर्थिक रूपमा विपन्न तथा अपाङ्गता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरूको आवश्यकता देखिन्छ। सिकाइ उपलब्धिको सन्दर्भमा आधारभूत तहमा सुधारको सम्भावना रहेको देखिन्छ। प्रारम्भिक कक्षा तथा आधारभूत तहका विद्यार्थीहरूको भाषिक तथा गणितीय सीप अपेक्षित स्तरमा पुग्न

नसकेको अवस्था रहेकोले सिकाइ गुणस्तर अभिवृद्धिका लागि थप प्रयास आवश्यक छ। विशेषगरी पठन संस्कृति विकास, उपचारात्मक शिक्षण, शिक्षकको पेशागत क्षमता विकास तथा नियमित सिकाइ मूल्याङ्कनलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

शिक्षक व्यवस्थापनको सन्दर्भमा विद्यालयहरूमा शिक्षकको उपलब्धता रहेको भए तापनि शिक्षकविद्यार्थी अनुपात सन्तुलित देखिँदैन। कतिपय –विद्यालयमा विद्यार्थी संख्याको तुलनामा शिक्षकको चाप बढी रहेको हुन सक्छ। यसले शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्न सक्ने भएकाले शिक्षक दरबन्दी मिलान, विषयगत शिक्षक व्यवस्थापन तथा स्थानीय स्रोतबाट शिक्षक परिचालनलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिन्छ।

पूर्वाधार तथा विद्यालय वातावरणको सन्दर्भमा नगरपालिकाले विद्यालय सुधार, भवन निर्माण, खानेपानी, शौचालय तथा अन्य आधारभूत सुविधाको विकासमा लगानी गर्दै आएको छ। यद्यपि सबै विद्यालयलाई पूर्ण रूपमा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित विद्यालयका मापदण्डअनुसार विकास गर्न अझै निरन्तर लगानी र सुधार आवश्यक देखिन्छ।

समग्रमा हेर्दा मौलापुर नगरपालिकाको आधारभूत तह शिक्षा पहुँच, भर्ना, टिकाउ दर तथा लैङ्गिक समानताको दृष्टिले सन्तोषजनक अवस्थामा रहेको छ। तर सिकाइ उपलब्धि सुधार, शिक्षकविद्यार्थी अनुपात सन्तुलन–, प्रारम्भिक बाल विकास अनुभवको विस्तार, सामाजिक समावेशीकरण तथा बालमैत्री र सुरक्षित विद्यालयका मापदण्डहरूको पूर्ण कार्यान्वयन आगामी दिनका प्रमुख चुनौती तथा प्राथमिकताका क्षेत्रका रूपमा रहेका छन्। यिनै क्षेत्रहरूमा केन्द्रित भई स्थानीय शिक्षा योजनामार्फत रणनीतिक हस्तक्षेप गर्न आवश्यक देखिन्छ।

### ३.२.३. समस्या तथा चुनौती

मौलापुर नगरपालिकाको आधारभूत शिक्षा  लाई नियालेर हेर्ने हो भने  यस पालिका मा निम्न किसिमको चुनौती तथा समस्याहरु रहेको देखिन्छ ।

१. कक्षा १ मा प्रारम्भिक बालविकास (ECD/PPE) अनुभव प्राप्त गरी भर्ना हुने बालबालिकाको प्रतिशत केवल ३०.६ मात्र हुनु,
२. प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयबीच प्रभावकारी समन्वयको अभाव हुनु
३. आधारभूत तहमा कक्षा दोहोर्याउने विद्यार्थीको दर ४४ प्रतिशत रहेकोले सिकाइ स्तर कमजोर हुनु
४. कक्षा ३ मा भाषिक सिपतर्फ ४७.७ प्रतिशत मात्र सिकाइ उपलब्धि कम हुनु,
५. कक्षा ३ मा गणितीय सिपतर्फ ६१.३ प्रतिशत कम हुनु,
६. कक्षा ५ मा भाषिक सिपतर्फ ५६ प्रतिशत मात्र सिकाइ हुनु
७. कक्षा ५ मा गणितीय सिपतर्फ ६७.५ प्रतिशत मात्र हुनु
८. कक्षागत न्यूनतम सक्षमतामा नेपाली विषयमा ५६.६ प्रतिशत मात्र हुनु
९. गणित विषयमा न्यूनतम सक्षमता ४२.९ प्रतिशत मात्र रहेकोले मात्र हुनु
१०. शिक्षक–विद्यार्थी अनुपात ९०:१ रहेकोले प्रभावकारी शिक्षण सिकाइ नहुनु
११. स्वीकृत दरबन्दी अनुसार पर्याप्त शिक्षक उपलब्ध नहुनू
१२. पालिकाले थप २१ जना शिक्षक व्यवस्थापन गर्नुपरेकोले दीर्घकालीन वित्तीय व्यवस्थापन चुनौतीपूर्ण हुनु ,
१३. विद्यालयमा बालमैत्री तथा समावेशी सिकाइ वातावरण पूर्ण रूपमा सुनिश्चित हुन नसक्नु
१४. दलित तथा जनजाति समुदायका विद्यार्थीहरूको गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्न नसक्नु
१५. विद्यालय बाहिर रहेका बालबालिकाको संख्या अझै १.५ प्रतिशत हुनु,
१६. आधारभूत तहमा विद्यालय छोड्ने दर १.५ प्रतिशत रहेकाले पूर्ण टिकाउ सुनिश्चित गर्न नसक्नु
१७. कुल भर्नादर अत्यधिक रहेकोले उमेरअनुसार सही कक्षामा भर्ना व्यवस्थापन कमजोर हुनु
१८. सिकाइ उपलब्धि सुधारका लागि नियमित शैक्षिक सहयोग तथा उपचारात्मक कक्षा सञ्चालनमा समस्या हुनु
१९. शिक्षकको पेशागत क्षमता विकास तथा विषयगत तालिम संचालन गर्नु
२०. विद्यालयस्तरमा नियमित अनुगमन, सुपरिवेक्षण तथा सिकाइ मूल्याङ्कन प्रणाली प्रभावकारी बन्न नसक्नु,
२१. विपन्न तथा छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा लक्षित वर्गसम्म पहुँच सुनिश्चित गर्न नसक्नु ,
२२. समुदाय तथा अभिभावकको विद्यालय व्यवस्थापन र सिकाइ सुधारमा अपेक्षित सहभागिता नहुनु
२३. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक स्रोत, सामग्री तथा पूर्वाधार व्यवस्थापनमा समस्या हुनु,

### ३.२.४. उद्देश्यहरु

१. निःशुल्क तथा अनिवार्य आधारभूत  शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु ।

२. आधारभूत तहको शिक्षामा सबैको समता मूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु ।
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइ मैत्री,समावेशी, भय रहित र सुरक्षित बनाउनु ।
५. आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या शुन्य बनाउनु ।
६. वर्तमान शिक्षक विद्यार्थी अनुपातलाई सन्तुलनमा ल्याउनु ।
७. शिक्षकहरुलाई दक्ष वनाउनु ।।

### ३.२.५ रणनीतिहरू

८. बालमैत्री विद्यालय मापदण्ड पूर्ण कार्यान्वयन गर्ने।
९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) GESI) लाई मूलप्रवाहीकरण गर्ने।
१०. सुरक्षित विद्यालय रूपरेखा तथा विद्यालय सुरक्षा मापदण्ड कार्यान्वयन गर्ने।
११. बाल संरक्षण तथा उजुरी व्यवस्थापन प्रणाली संस्थागत गर्ने।
१२. अपाङ्गतामैत्री भौतिक तथा शैक्षिक वातावरण सुनिश्चित गर्ने।
१३. विद्यालय सुशासन, पारदर्शिता र जवाफदेहिता सुदृढ गर्ने।
१४. विद्यालय सुधार योजना) SIP) र स्थानीय शिक्षा योजनाबीच एकीकरण गर्ने।
१५. समुदाय, अभिभावक, बाल क्लब तथा स्थानीय सरकारको साझेदारी सुदृढ गर्ने।

### ३.२.६ प्रमुख उपलब्धि, नतिजा  तथा परिणात्मक लक्ष्य

**उपलब्धि**

१. आधाभूत तह  १–८ मा विद्यार्थी शिक्षक अनुपात ९०:१ बाट ५०:१ हुनेछ ।
२. आधारभूत तह १–८ उमेर समूहका शत प्रतिशत बालबालिकाहरु विद्यालयमा हुनेछन् ।
३. शत प्रतिशत विद्यालयहरुमा न्युनतम गुणस्तरीय सिकाई मापदण्ड पुरा गरेका  हुनेछ ।
४. शत प्रतिशत विद्यालयहरुमा अपांङमैत्री, छात्रामैत्री र लैङिकमैत्री पूर्वाधारको निर्माण भएका हुनेछ ।
५. आधारभूत तहका बालबालिकाको सिकाई उपलब्धि शत प्रतिशत हुनेछ ।
६. बालिका लक्षित खेलकुद, अतिरिक्त क्रियाकलाप, बालिका मैत्री पोसाक तथा मातृभाषामा आधारित बहुभाषिक शिक्षण विधिमा संचालन हुनेछ ।
७. आधारभूत तहमा गुनासो सुनवाई व्यवस्था लागु गर्ने तथा लैङिक सम्पर्क शिक्षकको व्यवस्थापन  कार्यान्वयन भएको हुनेछ ।
८. अधारभूत तहको शिक्षामा निःशूल्क र अनिवार्य रुपमा सवैको पहुँच हुने छ ।
९. शिक्षकहरूको पेशागत दक्षता तथा शिक्षण सिकाइको गुणस्तरमा सुधार हुनेछ।
१०. विद्यालय बाहिर रहेका बालबालिकाको संख्या शून्यमा झर्नेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ८४.८ | ८५.७ | ८६.६ | ८७.५ | ८८.४ |
| २ | आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (GER) | ११०.७ | १११.२ | १११.६ | ११२. | ११२.४ |
| ३ | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER) | १०१.३ | १०५.६ | ११०.२ | ११४.९ | ११९.८ |
| ४ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | १०७.४ | १०६.८ | १०६.२ | १०५.७ | १०५.१ |
| ५ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ९१.२ | ९३.१ | ९५.१ | ९७.१ | ९९.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.२ | १.२ | १.२ | १.२ | १.२ |
| ७ | आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.२ | १.२ | १.२ | १.२ | १.२ |
| ८ | आधारभूततह (कक्षा १-८) मा उमेरगत भर्ना दर (ASER) | ९८.५ | ९८.९ | ९९.२ | ९९.६ | १००. |
| ९ | आधारभूततह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | १.५ | १.१ | ०.८ | ०.४ | ०. |
| १० | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | १००.१ | १०२.६ | १०५.२ | १०७.८ | ११०.५ |
| ११ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ को अन्त्यसम्म टिक्ने बालबालिकाको दर (Retention Rate at the end of Grade 8) | १०० | १०३. | १०६.१ | १०९.३ | ११२.६ |
| १२ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-8) | १०० | १०३.२ | १०६.४ | १०९.८ | ११३.३ |
| १३ | आधारभूतहमा (कक्षा १-८) तोकिएको उमेरसमूह भन्दा कम/बढी उमेर स्मुहका बिद्यार्थीको प्रतिशत (Percentage of Under and Ove age Children in Basic Level) | १६.२ | १३.७ | ११.२ | ८.६ | ६. |
| १४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ८४.८ | ८५.७ | ८६.६ | ८७.५ | ८८.४ |
| १५ | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | ५८ | ०. | ०. | ०. | ०. |
| १६ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions)पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | ३ | १. | १. | १. | १. |

## ३.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयनक्शाङ्कन, शिक्षक समायोजन | पटक | ० | १ | ० | १ | ० | २ | २ | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| २ | विद्यार्थीको अनुपातमा शिक्षक भर्ना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ३ | शिक्षण पेशा विकास तालिम /पूर्णताजगी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ४ | बालिका लक्षित खेलकुद /मैदान र खेल समाग्रीको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| ५ | अपाङ मैत्री भौतिक पूर्वाधारको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| ६ | आधारभूत तहका छात्राहरुको लागि सेनेटरी पैड व्यवस्थापन (मेसिन) | पटक | ० | १ | ० | ० | ० | १ | १ | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| ७ | ग्रिन विद्यालयको व्यवस्थापन | निरन्तर | | | | | | | | स्थानिय तह/ विद्यालय |
| ८ | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ९ | पालिका स्तरीय बालिका लक्षित खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| १० | बहुभाषिक शिक्षण विधिको संचालन | निरन्तर | | | | | | | | स्थानिय तह |
| ११ | सुचना तथा प्रविधिको तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | बुक कर्णर र सिकाइ सामाग्रीको व्यवस्थापन | प्रत्यक कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| १३ | कक्षागत अभिभावक बैठक गर्ने | निरन्तर | | | | | | | | विधालय |
| १४ | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | संख्या | ० | १ | ० | ० | ० | १ | १ | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| १५ | भौतिक पूर्वधारको व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| १६ | अनुगमन, मूल्याङ्कन | निरन्तर | | | | | | | | |
| १७ | विद्यालय भर्ना तथा पुनःभर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | अपाङ्गता भएका बालबालिकाको पहिचान तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | समावेशी शिक्षा सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | विद्यालयस्तरीय शैक्षिक गुणस्तर सुधार योजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | विद्यालय सुधार योजना) SIP) निर्माण तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | स्थानीय तह, विद्यालय व्यवस्थापन समिति र अभिभावक विचसमन्वय बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | वार्षिक शैक्षिक योजना तथा पात्रो निर्माण र कार्यान्वयन | निरन्तर | | | | | | | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानले (जारी २०७२) माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानिय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानियसरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लेखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । शिक्षा ऐन २०२८ ले कक्षा ९–१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ ।

### ३.३.२ वर्तमान अवस्था

मौलापुर नगरपालिकामा सञ्चालित १२ वटा सामुदायिक विद्यालयमध्ये ६ वटा विद्यालयमा माध्यमिक तह ९ कक्षा)–१२सञ्चालनमा रहेका ( वटा विद्यालयमा विज्ञान विषयको अध्ययन व्यवस्था रहेको छ। माध्यमिक तहमा कुल १ वटा विद्यालयमा प्राविधिक धार तथा २ छन्। तीमध्ये २,२६८ विद्यार्थी अध्ययनरत रहेका छन्, जसमा छात्राको सहभागिता ४१प्रतिशत रहेको छ। ५८.३८ र छात्रको सहभागिता प्रतिशत ६२.
माध्यमिक तह ९ कक्षा)–१०११ मा कुल भर्नादर सन्तोषजनक भए पनि कक्षा (–१२ मा भर्नादर उल्लेखनीय रूपमा न्यून रहेको देखिन्छ। यसले आधारभूत तह पूरा गरेका सबै विद्यार्थी उच्च माध्यमिक तहमा निरन्तरता दिन नसकेको अवस्था संकेत गर्दछ। यद्यपि माध्यमिक तहसम्मको टिकाउ दर तथा कक्षा १० सम्म पुग्ने दर उच्च रहेको छ। शिक्षक व्यवस्थापनतर्फ विषयगत शिक्षकको उपलब्धता सीमित रहेको छ भने महिला शिक्षकको

सहभागिता न्यून देखिन्छ। शिक्षकगुणस्तरमा प्रभाव पर्ने सम्भावना रहेको विद्यार्थी अनुपात अत्यधिक उच्च रहेकाले शिक्षण सिकाइ प्रक्रियाको– छ। विशेषगरी विज्ञान, गणित, अंग्रेजी तथा प्राविधिक विषयमा दक्ष शिक्षक व्यवस्थापन आवश्यक देखिन्छ।

विद्यालयका शैक्षिक पूर्वाधारहरू न्यूनतम रूपमा उपलब्ध भए पनि राष्ट्रिय मापदण्डअनुसार पर्याप्त छैनन्। विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याब अधिकांश विद्यालयमा भए पनि आवश्यक भौतिक संरचना, उपकरण, सामग्री तथा दक्ष जनशक्तिको अभाव रहेको छ। विज्ञान प्रयोगशालामा ल्याब असिस्टेन्ट, पुस्तकालयमा लाइब्रेरियन तथा कम्प्युटर शिक्षणका लागि विषयगत शिक्षकको व्यवस्था हुन सकेको छैन। कम्प्युटर ल्याबहरू नियमित सञ्चालन तथा मर्मतसम्भारको अभावमा प्रभावकारी रूपमा प्रयोग हुन नसकेको अवस्था छ।
विद्यालय स्वास्थ्य तथा विद्यार्थी कल्याणका दृष्टिले केही विद्यालयमा नर्सको व्यवस्था भए पनि मापदण्डअनुसार उपचार कक्ष तथा आवश्यक स्वास्थ्य सामग्रीको पर्याप्त व्यवस्था छैन। समग्रमा माध्यमिक तहमा पहुँच विस्तार, विशेषगरी कक्षा ११मा भर्ना वृद्धि १२–, विषयगत शिक्षक व्यवस्थापन, महिला शिक्षकको सहभागिता वृद्धि तथा विज्ञान, पुस्तकालय, सूचना प्रविधि र स्वास्थ्यसम्बन्धी पूर्वाधार सुदृढीकरण आगामी प्राथमिकताका क्षेत्रका रूपमा देखिन्छन्।

### ३.३.३ प्रमुख समस्या र चुनौतीहरू

१. सामुदायिक माध्यमिक विद्यालयहरूमा गणित, विज्ञान, अङ्ग्रेजी लगायत आवश्यक विषयगत शिक्षकको अभाव हुनु।
२. कक्षा ९–१० मा आवश्यक सबै विषयगत शिक्षक पूरा भएका विद्यालयको संख्या शून्य हुनु।
३. माध्यमिक तहमा कार्यरत शिक्षकहरूमध्ये TPD तालिम प्राप्त शिक्षकको प्रतिशत न्यून हुनु।
४. शिक्षकहरूमा ICT मा आधारित Online/Offline शिक्षण सम्बन्धी तालिमको अभाव हुनु।
५. कक्षा ९–१० मा १:११८ तथा कक्षा ११–१२ मा १:२१२ शिक्षक–विद्यार्थी अनुपात रहनु।
६. कक्षा ११–१२ मा खुद भर्नादर न्यून हुनु तथा विद्यार्थीको शैक्षिक निरन्तरता कायम गर्न चुनौती हुनु।
७. विज्ञान तथा प्राविधिक शिक्षाका लागि आवश्यक प्रयोगशाला, उपकरण, सामग्री तथा ल्याब असिस्टेन्टको अभाव हुनु।
८. विद्यालयहरूमा मापदण्डअनुसारको पुस्तकालय कक्ष, पर्याप्त पुस्तक तथा लाइब्रेरियनको व्यवस्था नहुनु।
९. कम्प्युटर ल्याबको नियमित सञ्चालन, पर्याप्त कम्प्युटर, मर्मतसम्भार तथा कम्प्युटर शिक्षकको अभाव हुनु।
१०. माध्यमिक तहमा महिला शिक्षकको सहभागिता न्यून हुनु।
११. विद्यालयमा मापदण्डअनुसार स्वास्थ्य कक्ष, प्राथमिक उपचार सामग्री तथा विद्यालय स्वास्थ्य सेवाको पर्याप्त व्यवस्था नहुनु।
१२. माध्यमिक शिक्षाको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, ICT, पुस्तकालय, प्रयोगशाला तथा पूर्वाधार विकासका लागि पर्याप्त बजेटको अभाव हुनु।

### ३.३.४ उद्देश्यहरू

१. माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा गणित, विज्ञान, अङ्ग्रेजी लगायत पाँचवटै अनिवार्य विषयका विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गरी शतप्रतिशत विद्यालयमा विषयगत शिक्षक व्यवस्था गर्नु।
२. माध्यमिक तह (कक्षा ९–१२) मा विद्यार्थी–शिक्षक अनुपातलाई राष्ट्रिय तथा प्रचलित मापदण्डअनुसार सन्तुलित बनाउनु।
३. माध्यमिक विद्यालयहरूमा मापदण्डअनुसार विज्ञान प्रयोगशाला, प्रयोगात्मक सामग्री, उपकरण तथा प्राविधिक जनशक्तिको व्यवस्था गर्नु।
४. गुणस्तरीय शिक्षा प्रदान गर्न दक्ष, तालिमप्राप्त तथा विषयगत शिक्षकसहित आवश्यक मानव स्रोतको सुनिश्चितता गर्नु।
५. विधायिकी तथा शैक्षिक मापदण्डअनुसार शिक्षक दरबन्दी, विषयगत शिक्षक र शैक्षिक व्यवस्थापन प्रणाली सुदृढ गर्नु।
६. समावेशी, समानतामूलक र पहुँचयुक्त माध्यमिक शिक्षा प्रवर्द्धन गर्दै सिकाइ क्षति न्यूनीकरण गर्नु।
७. माध्यमिक तहमा प्राविधिक, व्यावसायिक तथा सीपमूलक शिक्षाको पहुँच र गुणस्तर विस्तार गर्नु।
८. डिजिटल शिक्षा, सूचना तथा सञ्चार प्रविधिको सुरक्षित, प्रभावकारी र उत्तरदायी प्रयोगलाई प्रवर्द्धन गर्नु।
९. माध्यमिक तहमा कक्षा ११–१२ को भर्नादर, निरन्तरता र शैक्षिक उपलब्धि वृद्धि गर्नु।
१०. विद्यालयमा पुस्तकालय, कम्प्युटर ल्याब, स्वास्थ्य कक्ष तथा अन्य शैक्षिक पूर्वाधारलाई मापदण्डअनुसार सुदृढ गर्नु।

११. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि गर्दै TPD, ICT तथा विषयगत तालिम प्राप्त शिक्षकहरूको संख्या वृद्धि गर्नु।
१२. माध्यमिक तहमा लैङ्गिक समानता, समावेशिता तथा महिला शिक्षकको सहभागिता अभिवृद्धि गर्नु

### ३.३.५ रणनीतिहरू

१. विषयगत, दक्ष तथा पर्याप्त शिक्षक व्यवस्थापन गर्ने।
२. शिक्षकहरूको पेशागत विकास, TPD तथा ICT क्षमता अभिवृद्धि गर्ने।
३. विद्यार्थी–शिक्षक अनुपातलाई मापदण्डअनुसार कायम गर्ने।
४. विपन्न, दलित, बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत विद्यार्थीहरूको पहुँच र सहभागिता सुनिश्चित गर्ने।
५. सिकाइ क्षति न्यूनीकरण तथा शैक्षिक उपलब्धि सुधार कार्यक्रम सञ्चालन गर्ने।
६. डिजिटल शिक्षा तथा सूचना प्रविधिको प्रभावकारी प्रयोग विस्तार गर्ने।
७. विद्यालय सुशासन, अनुगमन तथा जवाफदेहिता प्रणाली सुदृढ गर्ने।
८. नियमित मूल्याङ्कन, पृष्ठपोषण तथा गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्ने।
९. पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब तथा अन्य शैक्षिक पूर्वाधार सुदृढ गर्ने।
१०. लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्ने।
११. विद्यालयमा आवश्यक प्राविधिक तथा सहयोगी जनशक्ति व्यवस्थापन गर्ने।
१२. प्राविधिक, व्यावसायिक तथा सीपमूलक शिक्षाको पहुँच विस्तार गर्ने।
१३. स्थानीय आवश्यकता र रोजगारीसँग जोडिएका सीप विकास कार्यक्रम सञ्चालन गर्ने।
१४. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा विद्यालयलाई प्रोत्साहन गर्ने।

### ३.३.६ प्रमुख उपलब्धि, नतिजा तथा परिणात्मक लक्ष्य

**उपलब्धि**

१. समय सापेक्ष गुणस्तरिय माध्यमिक शिक्षामा सवैको पुहुच सुनिश्चित हुने ।
२. विद्यालय सुशासन, हरित विद्यालय, सुरक्षित तथा गुणस्तरीय शैक्षिक वातावरण प्रवर्द्धन भई विद्यालय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र सरोकारवालाको सहभागिता सुदृढ हुने ।
३. प्राविधिक, व्यावसायिक तथा सीपमूलक शिक्षाको विस्तार भई स्थानीय श्रम बजारका लागि योग्य तथा स्वरोजगारमुखी जनशक्ति उत्पादन हुने ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र.स. | सूचकहरु | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ६४.१ | ६९ | ७४.२ | ७९.९ | ८६ |
| २ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | १०५.९ | १०८.२ | ११०.५ | ११२.९ | ११५.४ |
| ३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | ०.८ | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर (Retention Rate at the end of Grade 10) | १०० | १०० | १०० | १०० | १०० |
| ५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | १०० | १०० | १०० | १०० | १०० |
| ६ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकत्तह (कक्षा १-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-10) | १०० | १०० | १०० | १०० | १०० |
| ७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | १२.५ | १२.९ | १३.३ | १३.७ | १४.१ |

### ३.३.७ प्रमुख क्रियाकलाप र लक्ष्य

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गरिएको छ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | १ | | | | | १ | | नगरपालिका |
| २ | विषयगत शिक्षक क्लब तथा पेशागत सिकाइ समूह | पटक | | १ | | | | १ | | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | १ | | | १ | | | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | १ | | | | | १ | | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी आदी | पटक | ४ | ४ | ४ | ४ | २ | १८ | | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | १ | ० | १ | ० | २ | | संघ/ प्रदेश/ नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यालय नर्स, पोषण, स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | पटक | ० | १ | ० | १ | ० | १ | | नगरपालिका |
| १० | प्रकोप प्रति सचेत रहन योजना विकास | संख्या | २ | ३ | २ | १ | २ | १० | | नगरपालिका |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | संघ |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | नगरपालिका |
| १३ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | नगरपालिका |
| १४ | विद्यार्थीहरुको अत्तरिक्त क्रियाकलाप | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| १५ | माध्यमिक विद्यालय तहमा पुस्तकालय स्थापना | संख्या | १ | १ | २ | २ | २ | ८ | | |
| १६ | माध्यमिक विद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन | संख्या | ० | १ | १ | ० | ० | २ | | |
| १७ | सिकाइ क्षति न्यूनीकरण तथा उपचारात्मक कक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १८ | विद्यालयमा छात्रबास सन्चालन कार्यक्रम | संख्या | | १ | १ | १ | | ३ | | |
| १९ | TPD, ICT तथा पुनर्ताजगी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २० | विज्ञान प्रयोगशाला सुदृढीकरण | निरन्तर | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विकल्प हो । विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ । समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन् । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा

राज्यले लगानी गरेको हुन्छ । औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन । औपचारिक शिक्षबाट वन्चित भएका नागरिकका लागि अनौपचारिक शिक्षा दोस्रो शैक्षिक अवसर हो । गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन । जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो ।

### ३.५.२ वर्तमान अवस्था

मौलापुर नगरपालिकाको साक्षरता दर हाल ५६.४ प्रतिशत रहेको छ। यसमा पुरुष साक्षरता दर ६५.३ प्रतिशत र महिला साक्षरता दर ४६.९प्रतिशत रहेको देखिन्छ, जसले पुरुष र महिलाबीच साक्षरतामा १८.४प्रतिशत को अन्तर देखाएको छ। यो तथ्यले स्पष्ट रुपमा महिलाहरूको शिक्षामा पहुँच सीमित रहेको र लिङ्गीय असमानता विद्यमान रहेको संकेत गर्दछ। नगरपालिकाको कुल जनसंख्याको ४३.६ प्रतिशत निरक्षर रहेको तथ्यले साक्षरता वृद्धिका लागि थप प्रभावकारी कदम चाल्नु पर्ने आवश्यकता औंल्याउँछ। ५ वर्षभन्दा माथि उमेर समूहमा ५६.४प्रतिशत जनसंख्या मात्र साक्षर छ भने ४३.२प्रतिशत निरक्षर छन्। १५ वर्षभन्दा माथिका उमेर समूहमा हेर्दा स्थिति अझ गम्भीर देखिन्छ, जहाँ ४६.६६ प्रतिशत मात्र साक्षर छन् भने ५३.३३ प्रतिशत अझै पनि निरक्षर छन्। युवावर्ग (१५ देखि २४ वर्ष) मा भने तुलनात्मक रुपमा सुधार देखिएको छ, जसमा ७३.३प्रतिशत साक्षर र २६.७ प्रतिशत निरक्षर छन् । त्यसतै १ देखी १२ कक्षा उमेर समूहको बालबालिका विद्यालय वाहिर रहेको ३५.६ प्रतिशत रहेको छ। यस तथ्यांकले युवा पुस्तामा साक्षरताको पहुँच सुधारिएको भए पनि अन्य उमेर समूहमा शिक्षा क्षेत्रको चुनौती अझै गहिरो रहेको देखाउँछ। अर्थात, यी आँकडाहरूले मौलापुर नगरपालिकामा साक्षरताका कार्यक्रमहरूलाई थप प्रभावकारी र लक्षित रूपमा सञ्चालन गर्न आवश्यक रहेको र शिक्षाको पहुँच सुनिश्चित गर्न अझ बढी प्रयास गर्नुपर्ने स्पष्ट सन्देश दिन्छ। यि माथि उल्लेखित निरक्षर जनसंख्यालाई साक्षर बनाउने सशत्त माध्यम नै अनौपचारिक शिक्षा अन्तर्गतको साक्षरता, सिपमुलक र आजीवन सिकाइ कार्यक्रम हो तर यसलाई व्यवस्थित गर्ने राष्ट्रिय शिक्षा समता प्रारुप पालिकाको मौजुदा कानुन कार्यान्वयन हुन सकेको छैन । यसलाई व्यवस्थित प्रभावकारी संचालनका लागि सामुदायिक सिकाइ केन्द्रबाट मात्रै सम्भव हुने हो। यस मौलापुर नगरपालिकामा २ वटा सामुदायिक सिकाइ केन्द्र रहेको भए तापनि ती व्यवस्थित रुपमा सञ्चालन हुन नसकेको देखिन्छ। ४३.६प्रतिशत निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउन यस्ता केन्द्रहरूको संख्या र प्रभावकारितामा वृद्धि गर्नुपर्ने आवश्यकता छ। साथै, सामुदायिक पुस्तकालयहरूको अभावले पनि साक्षरता अभियानमा अवरोध पुगेको देखिन्छ। यस नगरपालिकाले विगतमा प्रौढ शिक्षा, किशोरी शिक्षा, तथा अन्य अनौपचारिक कार्यक्रम सञ्चालन गरेको भए तापनि, हालको तथ्याङ्कले ती कार्यक्रमहरूले पर्याप्त सुधार गर्न नसकेको देखाउँछ। सरकारले अनौपचारिक शिक्षा मार्फत मौलापुर नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्ने लक्ष्य राखेको भए पनि हालसम्म यस क्षेत्रका कार्यक्रम प्रभावकारी बन्न सकेका छैन् । अनौपचारिक शिक्षा मार्फत व्यक्तिको पढ्न, लेख्न तथा सामान्य गणितीय सीपलाई विकास गर्दै व्यवहारिक ज्ञान र व्यवसायिक सीपमा वृद्धि गर्न सकिन्छ, जसले जीवनस्तरमा सुधार ल्याउँछ। यसलाई थप व्यवस्थित बनाउन र प्रभावकारी बनाउन स्थानिय सरकार संचालन ऐन, २०७४ तथा सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ र अनिवार्य तथा निशुलक शिक्षा ऐन २०७५ बमोजिम कार्यान्वयन गर्न यो विद्यालय शिक्षा योजनाको लक्ष्य रहेको छ ।

### ३.५.३ समस्या तथा चुनौतिहरु

१. सत प्रतिशत नागरिकहरुलाई साक्षर् बनाउन न सकेको,
२. अनौपचारिक शिक्षाक राष्ट्रिय सक्षमता पारुप लागु गर्न नसकेको,
३. सिमान्तकृत समुदायहरुमा आयआर्जन गर्न र निरन्तर शिक्षाको कार्यक्रम संचालन ।
४. ३५.६ प्रतिशत विद्यालय वाहिर रहेको १ देखी १२ कक्षा उमेर समूहको बालबालिकाहरु लाई शिक्षाको मुलधारमा ल्याउन नसक्नु ।
५. यस नगरपालिका को प्रत्येक वडा हरुमा सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना र प्रभावकारी रुपमा व्यवस्थापन र परिचालन गर्न नसकिएको ।
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रभावकारी व्यवस्थापनमा सरोकारवलाहरु विच समन्वय सहकार्यको कमि ।
७. मौलापुर नगरपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु व्यवस्थापन तथा सञ्चालन र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ केन्द्र हरु संचालन गर्न नसक्नु,
८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदणडहरु कार्यान्वयन गर्न नसक्नु ।

९. पाठ्यक्रम,पाठ्यपुस्तक तथा थप सिकाई सामग्रीहरु विकास नहुनु ।
१०. सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको क्षमता विकास र आवशयक वजेटको व्यवस्था नहुनु ।
११. अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत विभिन्न गैह्र सरकारी संघ सस्थाहरुसंग समन्वय  गर्न नसक्नु ।

### ३.५.४ उद्देश्य

१. विद्यालय वाहिर रहेका किशोर र किशोरीलाई अनौपचारिक शिक्षामा सर्वशुलभ पहुच सुनिश्चित गरि सक्षर पालिका घोषणा गर्ने ।
२. मौलापुर  नगरपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्र मार्फत अनौपचारिक कक्षा र समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु व्यवस्थापन तथा सञ्चालन गर्नु ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमलाई व्यवस्थित गर्नका लागि अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुपलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गरि  साक्षरता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरि साक्षर नगर घोषणा गर्नु।
५. अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत विभिन्न गैह्र सरकारी संघ सस्थाहरुसंग सामान्य गरि अनौचारिका कक्षा संचालन गर्ने,

### ३.५ .५ रणनीति

१. अनौपचारिक शिक्षामा पहुच पुर्याउनका लागि राष्टिय सक्षमता प्रारुप लागु गरि औपचारिक शिक्षाबाट वंचित रहेका, विद्यालय बाहिर रहेकाहरुलाई शिक्षाको मुलधारमा ल्याउने ।
२. आवशयकता अनुसारको सामूदायिक सिकाइ केन्द्रहरूको स्थापना र उचित व्यवस्थापन गरिने ।
३. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानियसंघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावकलाई आजीवन शिक्षा र जीवन उपयोगी शिक्षा विकासमा परिचालन गरिनेछ ।
४. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरि साक्षरता कार्यक्रम संचालन गरिने ।
५. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न वनाउनका लागि प्रविधि, पुस्तकालय र सामुदायिक सूचना केन्द्रसँग जोडने ।
६. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न छोटो अवधिका आय-आर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
७. साक्षरता कार्यक्रम संचालन, वयवस्थापन , अनुगमण, निरक्षण र प्रमाणिकरणको लागि वडा कार्यालय, वडा समिति र वडा सक्षरता समितिलाई जिम्मेवार बनाइने छ।
८. सिकाई हस्तान्तरणका लागि अन्तरपुस्ता वैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने छ। ।
९. स्थानिय सामुदायिक शिक्षा केन्द्र सहजकर्ताहरुलाई तालिम दिई क्षमता अभिवृद्धी गर्ने छ। ।
१०. विभिन्न उमेर समूहका जनसंख्याको लागि साक्षरता कार्यक्रम संचालन गरिने र सो का लागि ९ देखि १२ कक्षा विद्यार्थिहरुलाई परिचालन गरिनुका साथै आवशयकता अनुसार अन्य नविनतम विधिहरु अपनाईने छ।
११. विद्यालय वाहिर रहेका किशोर र किशोरीलाई औनपचारिक शिक्षाको माध्यमबाट विद्यालयमा भर्ना गरिने छ ।

### ३.५.६ प्रमुख उपलब्धि, नतिजा  तथा परिणात्मक लक्ष्य

**उपलब्धि**

१. सबै नागरिकहरुको अनौपर्चाररक तथा निरन्तर शिक्षाको माध्यमबाट जीवनोपयोगी सीप तथा शिक्षाको अवसर सुशनशित हनेछ ।

**नतिजा तथा परिणत्मक**

| क्रसं | सूचक | इकाई | आधार वर्ष २०८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाहिर रहेको वालबालिकाहरु अनौपचारिक शिक्षाको माध्यमबाट विद्यायलयमा भर्ना र कक्षामा निरन्तरता हुने । | विद्यालय बाहिर बालबालिका प्रतिशत | ३५.६ | ५ | १० | १० | ५ | ५ |
| २ | एक वडा एक सामुदायिक सिकाई केन्द्रको विस्तार र संचालन | केन्द्र | २ | २ | १ | २ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | वडागत रुपमा समुदायिक पुस्ताकलयको स्थापना | संख्या | ० | १ | ४ | ४ | ० | ० |
| ४ | अनौपचारिक तथा आजीवन सिकाई सम्वन्धि तथ्याकंहरु अध्यावधिक तथा व्यवस्थित | निरन्तर | ० | १ | १ | १ | १ | १ |
| ५ | साक्षर प्रतिशतमा वृद्धि भएको भएको हुने | प्रतिशत | ५६.४ | ६० | ७० | ८० | ९० | १०० |
| ६ | छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन | संख्या | ० | २ | ५ | ९ | ९ | ९ |
| ७ | बालबालिकाको सामुदायिक सिकाइ केन्द्रमा सिकाइ निरन्तरता, | निरन्तर | २ | ४ | ६ | ८ | ९ | ९ |
| ८ | सामुदायिक सिकाइ केन्द्रहरु प्राविधिक मैत्री र पुस्ताकलयको स्थापना | संख्या | २ | २ | २ | २ | १ | ० |
| ९ | साक्षर नगरपालिका घोषणा | पटक | ० | ० | ० | ० | ० | १ |

## ३.५ ७ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाई | भौतिक लक्ष्य ५ वर्षा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्षमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निरक्षर र विद्यालय वाहिर रहेक किशोर किशोरीहरुको विवरण संकलन गरि खणडिकृत रुपमा तथ्याकं तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २ | सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता अभिवृद्धी कार्याक्रम संचालन गर्ने | निरन्तर | | | | | | | | नगरपालिका/ सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक सिकाई केन्द्रको विस्तार र सञ्चालन गर्ने | संख्या | २ | १ | २ | १ | १ | ७ | १० | नगरपालिका |
| ४ | एक वडा एक सामुदायिक पुस्तकालय स्थापना गरि सामुदायिक केन्द्र संग आवद्ध गर्ने | संख्या | २ | २ | २ | १ | ० | ७ | १० | नगरपालिका |
| ५ | समुदायिक सिकाई केन्द्र र पुस्तकालयको स्थपना र क्षमता विकासका लागि सरकारी तथा गैरसरकारी संघसस्थाहरु तथा सरोकारवलाहरु सँग समन्वय र सहकार्य | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ६ | आयमुलक तथा सीपमुल्क कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ७ | सामुदायिक सिकाइ केन्द्र तथा अन्य संघसंस्था मार्फत वैकल्पिक सिकाइ कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ८ | समुदायिक सिकाइ केन्द्रको सहजकर्ताहरुको क्षमता विकास | संख्या | ० | १ | १ | १ | १ | ४ | ८ | नगरपालिका |
| ९ | अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप कार्यावन्यन | निरन्तर | | | | | | | | नगरपालिका |
| १० | अभिवावक सचेतना तथा परामर्श कार्यक्रम संचालन | वडागत | १ | १ | १ | १ | १ | ५ | १० | वडागत |

# परिच्छेद-४.अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.परिचय

यस परिच्छेदमा खास गरि शिक्षाका क्षेत्रहरुको अन्तर सम्वन्धित विषयहरु जस्तै शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन

### ४.१.१. परिचय

विद्यालय तहको वर्तमान पाठयक्रम राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ हो। राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ मा विद्यालय तहको शिक्षालाई आधारभूत तह कक्षा १ देखि ८ र माध्यमिक तह ९ देखि १२ गरी दुई तहमा विभाजन गरिएको छ। त्यस्तै प्रारम्भिक बाल कक्षालाई पनि विद्यालय तहमा सामायोजन गरिएको छ। विद्यालय तहको पाठयक्रममा कक्षा १–३ मा एकीकृत पाठयक्रम ढाँचा लागु गरिएको छ। कक्षा १–३ को पाठ्यक्रम मुख्यतयाः थिम बेसमा आधारित भएको हुँदा सो को मूलमर्म अनुरुप पाठ्यक्रम लागु भएको नभएको सम्बन्धमा नगरले निरन्तर अनुगमन गर्नु पर्ने देखिन्छ। आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रुपमा लागु गर्नु जरुरी छ। यस्तै विद्यालय तहको कक्षा १–८ मा विषयगत शिक्षण ढाँचा अनुरुप पठनपाठन हुने व्यवस्था छ भने कक्षा ९–१२ को पाठयक्रमलाई भने एकलपथीय ढाँचामा ढालिएको छ। यसको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सवालमा पनि नगरले निरन्तर शैक्षिक कार्यक्रम चुस्त दुरुस्त बनाउनु जरुरी छ। विद्यालय तहको पाठयक्रम कार्यान्वयन विशेषतः ९–१२ को ढाँचालाई कार्यान्वयन गर्नमा ठूलो चुनौती देखिन्छ। एकलपथीय विषयगत शिक्षणलाई व्यवस्थापन गर्न पर्याप्त मात्रामा शिक्षक व्यवस्थापन तथा विद्यालयगत रुपमा विविध विषयलाई प्रमुख बनाइ अघि बढ्नु समेत जरुरी देखिन्छ। कक्षा ११–१२ सम्मका विद्यालयहरुलाई स्तरीकृत गर्ने र स्थानियमाग अनरुपको पाठ्क्रमलाई प्राथमिकता दिने गरी विद्यालय सञ्चालन गर्नमा सहजीकरण गर्नु पनि आवश्यक छ। प्रत्येक विद्यालयमा सबैजसो विषयका पाठ्यक्रम र शिक्षक निर्देशिका अनिवार्य शिक्षकहरूलाई उपलब्ध गराइ शिक्षण कार्यलाई पूर्णतया पाठ्यक्रममा आधारित बनाउनु जरुरी छ। त्यस्तै बाल विकास कक्षाहरुको सिकाइ व्यवस्थापनलाई पाठ्यक्रम अनुकुलन बनाउन नगरपालिकाले यसलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। आधारभूत तह कक्षा १ देखि ८ सम्म १०० पूर्णाङ्कको स्थानियपाठ्यक्रम मौलापुर नगरपालिकाले निर्माण गरि कार्यान्वनमा ल्याको छ। स्थानियज्ञानको संरक्षण, प्रस्फुटन र विकासका लागि स्थानियपाठयक्रमको निमार्ण गरी लागु गर्न राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ ले स्थानिय तहलाई निर्देश गरे अनुसार स्थानियआवश्यकतामा आधारित भई यस नगरपालिकाले स्थानिय तहको नेतृत्वमा सरोकारवालाहरुलाई संलग्न गराइ स्थानियपाठयक्रम निमार्ण गरि कार्यान्वनमा लयाएको छ। विद्यार्थीको सिकाइ मूल्याङ्कनका सवालमा हाल आधारभूत तह कक्षा १–३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४–८ मा ५० प्रतिशत बाह्य र ५० प्रतिशत आन्तरिक मूल्याङ्कन गरी अन्तरिम मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। कक्षा ९ देखि कक्षा १२ सम्म बाह्य ७५ प्रतिशत र आन्तरिक २५ प्रतिशत गरि अन्तरिम मूल्यांकन गर्नुपर्ने व्यवस्था छ। कक्षा १० र कक्षा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन र मापदण्ड बमोजिम प्रदेश र संघले गर्ने गराउने व्यवस्था छ।

### ४.१.२. वर्तमान अवस्था

हाल मौलापुर नगरपालिका अन्तर्गगत कूल १२ वटा सामुदायिक विद्यालयहरु राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार नगर स्तरीय शैक्षिक गतिविधिहरु सञ्चालन भइरहेका छन्। यस मौलापुर नगरपालिकामा वर्तमानमा हेर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लाई पूर्णतया सबै विद्यालयमा कार्यान्वयन गरिएको अवस्था छ। यस नगर पालिकामा प्रारम्भिक बालबिकास केन्द्र १८ वटा, आधारभूत विद्यालय कक्षा १ देखि ५ सम्म ४ वटा, त्यस्तै आधारभूत विद्यालय कक्षा १ देखि ८ सम्म ६ वटा , माध्यमिक विद्यालय कक्षा १ देखि १२ सम्म ६ वटा कूल १२ वटा विद्यालयहरुमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पूर्ण रुपमा कार्यान्वयनमा रहेको साथ साथै स्थानियपाठ्यक्रम पनि कार्यान्वन भैरहेको अवस्था छ। निजी स्तरमा सञ्चालित विद्यालयहरूले राष्ट्रिय पाठ्यक्रमद्वारा स्वीकृत आपूm अनुकुलन शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरेका छन्। सबैजसो

विद्यालयहरुमा स्थानियपाठ्यक्रमको ठाउँमा ऐच्छिक अंग्रेजी वा कम्प्युटर विषय पढाइरहेको देखिन्छ छ। विद्यार्थी मूल्याङ्कंनको सम्बन्धमा नगर स्तरीय परीक्षा समिति गठन गरी नगरको शैक्षिक तालिका बमोजिम विद्यालयमा परीक्षाहरु संचालन गरिदैँ आएका छन्। गत वर्ष कक्षा ८ अर्थात् आधारभूत तहको अन्तिम परीक्षा तथा मूल्याङ्कन कार्यमा विद्यार्थीहरुको उत्तरपुस्तिकासमेत नगरमा केन्द्रित गरी परीक्षण गरिएको थियो। कक्षा १ देखि ८ सम्म अनिवार्यतः लागु गर्नु पर्ने स्थानियपाठयक्रम निर्माण र लागु गर्न सान्दर्भिक योजना आवश्यक देखिन्छ। यस कार्यमा स्थानियस्तरका विविधतालाई संवोधन गर्ने तथा समावेशिताको सम्पूर्ण पक्षलाई ध्यान पुर्याउनु जरुरी छ। योजना निर्माण र कार्यान्यनको तहमा अपाङ्ग,दलित, सिमान्तकृत, लैङ्गिक आदिवासी जनजातीय समावेशिता हुने गरी व्यवहारिक योजना बनाउनु आवश्यक देखिन्छ। नगरका विद्यालयहरुमा शिक्षण सिकाइका नियमित कार्यक्रमहरु सामान्यतया अघि बढिरहेको छ। पाठ्क्रम र मूल्याङ्कन ढाँचा बारे निरन्तर शिक्षकहरुलाई प्रबोधिकरण कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न नसकिएको देखिन्छ यसको प्रमुख कारण भने बजेट तथा नगर शिक्षा योजनाबारे विस्तृत रुपमा कार्यक्रम निमार्ण गर्न नसक्नु नै देखिन्छ। यस सन्र्दभमा नगर स्तरीय शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी बनाउन नगरले स्पष्ट रुपमा नगर शिक्षा योजना निमार्ण गरी लागु गर्नु पर्ने देखिन्छ।

### ४.१.३. पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१. प्रारम्भिक बालविकास र विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको सुनिश्चता नहुनु
२. प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सामग्रीको प्रभावकारी उपलब्धता तथा प्रयोग सुनिश्चित गर्न नसक्नु।
३. शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विषयगत सहजीकरण सामग्रीको प्रभावकारी प्रयोग सुनिश्चित गर्न नसक्नु।
४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली (CAS) तथा थीममा आधारित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु।
५. प्रारम्भिक कक्षाहरूमा मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षण सिकाइको प्रभावकारी प्रयोग गर्न नसक्नु।
६. शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न नसक्नु।
७. स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तह तथा सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नसक्नु।
८. स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शिक्षक व्यवस्थापन तथा क्षमता विकास गर्न नसक्नु।
९. विपद्, महामारी तथा सङ्कटकालीन अवस्थामा वैकल्पिक सिकाइ तथा सिकाइ आपूर्ति कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु।
१०. कक्षाकोठामा न्यूनतम सिकाइ मापदण्डअनुसार सिकाइ कुना, शैक्षिक सामग्री तथा बालमैत्री सिकाइ वातावरण व्यवस्थापन गर्न नसक्नु।
११. पाठ्यक्रमको उद्देश्य, सिकाइ उपलब्धि र मूल्याङ्कन प्रणालीभन्दा पाठ्यपुस्तक केन्द्रित शिक्षण गर्ने प्रवृत्ति न्यूनीकरण गर्न नसक्नु।

### ४.१.४ उद्देश्य

१. प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सामग्रीको प्रभावकारी उपलब्धता तथा प्रयोग सुनिश्चित गर्नु।
२. शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विषयगत सहजीकरण सामग्रीको प्रभावकारी प्रयोग सुनिश्चित गर्नु।
३. प्रशनावलीको वैक तयार गरि परिक्षा प्रणालिलाई स्तरिकृत गुणस्तरिय बनाउनु ।
४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली (CAS) तथा थीममा आधारित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु।
५. प्रारम्भिक कक्षाहरूमा लैगिंक मैत्री मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षण सिकाइको प्रवर्द्धन गर्नु।
६. शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग विस्तार गर्नु।
७. स्थानीय पाठ्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तह र सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।
८. स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शिक्षक व्यवस्थापन तथा क्षमता अभिवृद्धि गर्नु।
९. विपद्, महामारी तथा सङ्कटकालीन अवस्थामा वैकल्पिक सिकाइ तथा सिकाइ आपूर्ति प्रणाली सुदृढ गर्नु।
१०. कक्षाकोठामा न्यूनतम सिकाइ मापदण्डअनुसार सिकाइ कुना, शैक्षिक सामग्री तथा बालमैत्री सिकाइ वातावरण सुनिश्चित गर्नु।

११. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ, मूल्याङ्कन तथा सिकाइ उपलब्धि हासिल गर्ने प्रणालीलाई प्रभावकारी बनाउनु।

### ४.१.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ ।

१. सबै विद्यालयका शिक्षकहरुलाई पाठयक्रम तथा शिक्षक निर्देशिका उपलब्ध गराउने ।
२. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा शैक्षिक सामग्रीको समयमै उपलब्धता र प्रभावकारी प्रयोग सुनिश्चित गर्ने।
३. शिक्षकहरूको पाठ्यक्रम कार्यान्वयन, शिक्षण सिकाइ तथा मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धि गर्ने।
४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली (CAS), थीममा आधारित शिक्षण तथा सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने।
५. प्रारम्भिक कक्षाहरूमा मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षण सिकाइलाई प्रवर्द्धन गर्ने।
६. शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको उपयोग विस्तार गर्ने।
७. स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तह, विद्यालय तथा सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने।
८. प्रशन बैंकबाट शिक्षण परिक्षण र मुल्याकंनलाई सहिजिकरण गरि प्रभावकारी बनाईने ।
९. स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शिक्षक व्यवस्थापन तथा स्रोत साधनको व्यवस्था गर्ने।
१०. विपद्, महामारी तथा सङ्कटकालीन अवस्थामा वैकल्पिक सिकाइ तथा सिकाइ आपूर्ति प्रणाली विकास गर्ने।
११. कक्षाकोठामा सिकाइ कुना, शैक्षिक सामग्री तथा बालमैत्री सिकाइ वातावरणको विकास गर्ने।
१२. पाठ्यपुस्तक केन्द्रित शिक्षणको सट्टा पाठ्यक्रम, सिकाइ उपलब्धि तथा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ प्रणालीलाई प्रवर्द्धन गर्ने।
१३. नियमित शैक्षिक अनुगमन, पृष्ठपोषण तथा पाठ्यक्रम कार्यान्वयनको समीक्षा गर्ने।
१४. वातावरण संरक्षण, वित्तीय साक्षरता, उद्यमशीलता, जीवनोपयोगी सीप तथा स्थानीय ज्ञान–सीपलाई पाठ्यक्रम तथा सहपाठ्यक्रियामार्फत प्रवर्द्धन गर्ने।

### ४.१.६ प्रमुख उपलब्धि, नतिजा तथा परिणात्मक लक्ष्य

**उपलब्धि**

एकीकृत पाठ्यक्रम, निरन्तर मूल्याङ्कन, विशेष सिकाइ क्षेत्र (थिम बेस ) अन्तर्गतको शिक्षण सिकाइ व्यवस्थापन प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | इकाई | आधार वर्ष २०८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाहिर रहेका बालबालिकाहरू अनौपचारिक शिक्षाको माध्यमबाट विद्यालयमा भर्ना र कक्षामा निरन्तरता हुने | प्रतिशत | ३५.६ | ५ | १० | १० | ५ | ५ |
| २ | सबै विद्यालय र बालविकास केन्द्रमा पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध भई प्रयोगमा आउने | विद्यालय प्रतिशत | - | ६० | ८० | १०० | १०० | १०० |
| ३ | राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिम शैक्षिक गतिविधिहरू सञ्चालन हुने | विद्यालय प्रतिशत | - | सन्तोषजनक | राम्रो | उत्कृष्ट | उत्कृष्ट | उत्कृष्ट |
| ४ | स्थानीय पाठ्यक्रम विकास भई लागू हुने | | - | मस्यौदा तयारी | परीक्षण/लागू | पूर्ण रूपमा लागू | निरन्तरता | परिमार्जन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रारम्भिक बालविकासदेखि आधारभूत तहमा आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने | संख्या/प्रतिशत | - | २० | ४० | ६० | ८० | १०० |
| ६ | शिक्षण सिकाइको मूल्याङ्कन प्रणाली प्रभावकारी र व्यवस्थित हुने | प्रतिशत | - | ५० | ७० | ९० | १०० | १०० |
| ७ | शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गता मैत्री तथा स्थानीय रूपमा सन्दर्भ सापेक्ष हुने | प्रतिशत | - | ३० | ५० | ७० | ९० | १०० |
| ८ | प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य विवरण (Portfolio) फाइल खडा हुने | प्रतिशत | - | ५० | ७० | ९० | १०० | १०० |

### ४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| क्र स | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य १० वर्ष मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | राष्ट्रिय पाठयक्रम प्रारुप २०७६को प्रभावकारी कार्यान्वयन लागि अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ/स्थनीय तह/बिधयल |
| २ | स्तरीकृत प्रश्न निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ३ | एकीकृत पाठयक्रम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ४ | उत्कृष्ट विद्याल य, शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ५ | स्थानिय पाठ्यक्रमको कार्यान्वयन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह/बिद्यायल |
| ६ | विद्यालयमा विद्यार्थी र शिक्षक सहयोग पद्धती विकास र कार्यान्वयन | निरन्तर | | | | | | | | |
| ७ | आवधिक पाठ्यक्रम तथा शिक्षण सिकाइको समिक्षा तथा परिमार्जन | निरन्तर | | | | | | | | |
| ८ | विपत,महामारि तता सङ्टको अवस्था वैकल्पिक शिक्षाको व्यवथापन | निरन्तर | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षण सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ। शिक्षक र विद्यार्थीबीचको अन्तरक्रियाले सिकाइको गुणस्तर निर्धारण गर्दछ। शिक्षकले अध्यापन गराउने विषयवस्तुको गहन ज्ञान लिनु आवश्यक छ। उनीहरूले समावेशी कक्षा व्यवस्थापन गर्दै विद्यार्थी, अभिभावक र अन्य शिक्षकहरूसँग प्रभावकारी सञ्चार र सहकार्य गर्नुपर्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनुपर्छ। शिक्षकले शैक्षणिक योजना निर्माण, शैक्षणिक सामग्री संकलन तथा निर्माण, र प्रभावकारी विद्यार्थी मूल्याङ्कन गर्न सक्नुपर्छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, र सुशासन प्रवर्धनका लागि शिक्षक व्यवस्थापन र पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिइएको छ। शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरयुक्त बनाउने, र शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने कार्यलाई प्राथमिकता दिइएको छ।

### ४.२.१ वर्तमान अवस्था

हाल मौलापुर नगरपालिकामा १२ ओटा सामुदायिक विद्यालय र १८ ओटा प्रारम्भिक बालविकास केन्द्र संचालनमा रहेका छन्। यस नगरपालिकाले शैक्षिक गतिविधिहरूको व्यवस्थापन शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार गर्दै आएको छ। शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र

अनिवार्य छ, स्थायी शिक्षक हुन शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गर्नुपर्छ, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्छ, र पेशा तालिम पूरा गरेको हुनुपर्छ आदि लाई आधार मानि शैक्षिक् गतिबिधी संचालन गर्दै आइरहेको छ। नगरपालिकाले शिक्षक व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना, रिक्त स्थानको पहिचान, पदपूर्ति, माग प्रतिशत निर्धारण, दरखास्त आव्हान तथा संकलन, जाँच तथा स्वीकृति, परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक), उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट, नतिजा प्रकाशन, सूचना प्रकाशन, नियुक्तिका लागि सिफारिस, नियुक्ति पदस्थापन शिक्षक ब्यवस्थापन र विकास कार्यमा नगरपालिका ले गर्दै आइरहेको छ। यस नगरपालिका मा शिक्षकको अवस्था हेर्ने हो भने प्रारम्भिक बालविकास शिक्षक (ECED) मा २४ जना रहेको छ भने आधारभूत तहको शिक्षक (Lower Basic (G1-5) सम्म महिला २७ जना र पुरुष ५७ जान गरि जम्मा८४ जना रहेको छ । आधारभूत तहको शिक्षक Upper Basic (G 6-8) सम्म महिला ४ जना र पुरुष ६ जान गरि जम्मा १०जना रहेको छ । यसैगरी माध्यमिक तहको शिक्षक (Secondary (G 9-10) सम्म महिला ० जना र पुरुष ८ जान गरि जम्मा ८ जना रहेको छ र माध्यमिक तहको शिक्षक Secondary (G 11-12) सम्म महिला ० जना र पुरुष २ जान गरि जम्मा २ जना रहेको छ। यस नगर पालिकामा महिला ५५ जना र पुरुष ७३ जान गरि जम्मा १२८ जना शिक्षकहरु रहेका छन्।

| विद्यालय तह | प्रारम्भिक बालविकास शिक्षक (ECED) | | | आधारभूत तहको शिक्षक (Lower Basic (G1-5)) | | | आधारभूत तहको शिक्षक Upper Basic (G 6-8) | | | माध्यमिक तहको शिक्षक (Secondary (G 9-10) | | | माध्यमिक तहको शिक्षक Secondary (G 11-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| सबै प्रकारका विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | १८ | ० | १८ | १८ | ३७ | ५५ | १ | ८ | ९ | २ | ८ | १० | ० | ६ | ६ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | १८ | ० | १८ | १८ | ३७ | ५५ | १ | ८ | ९ | १ | ११ | १२ | ० | ६ | ६ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | १८ | ० | १८ | १७ | ३२ | ४९ | १ | ८ | ९ | १ | ११ | १२ | ० | ६ | ६ |
| सामुदायिक विद्यालयमा कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| पालिका द्वरा सामुदायिक विद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | १८ | ० | १८ | ५ | ४ | ९ | ७ | ५ | १२ | १ | १० | ११ | ० | ० | ० |
| सामुदायिक विद्यालयमा कार्यरत शिक्षकमध्ये पूर्ण तालिम प्राप्त (शिक्षा बिषय र TPD सहितका शिक्षक) सङ्ख्या | ० | ० | ० | २ | १३ | १५ | ० | ४ | ४ | ० | ४ | ४ | ० | ० | ० |
| बिशेष विद्यालयमा कार्यरत र स्रोत कक्षा सन्चालन गर्ने स्रोत शिक्षकहरूमध्ये समाहित शिक्षासम्बन्धी तालिम प्राप्त शिक्षक सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामुदायिक विद्यालयमा कार्यरत शिक्षकमध्ये TPD तालिम (TPD को कुनै पनि Phase को तालिम | ० | ० | ० | ० | ० | ० | ० | ५ | ५ | ० | ६ | ६ | ० | ० | ० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिएको) लिएको शिक्षक सङ्ख्या | | | | | | | | | | | | | | | |
| CLC मा कार्यरत सहयोगी कार्यकर्ता/शिक्षक सङ्ख्या (Facilitators/Teacher) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| बैकल्पिक विद्यालय र प्रौढ विद्यालयमा कार्यरत सहयोगी कार्यकर्ता/शिक्षक (Facilitators/Teacher) सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| खुल्ला विद्यालयमा (Open school) कार्यरत सहयोगी कार्यकर्ता/शिक्षक (Facilitators/Teacher) सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

मौलापुर नगरपालिकाका सामुदायिक विद्यालयहरूमा महिला शिक्षकहरूको सहभागिता समग्र रूपमा न्यून रहेको देखिन्छ। तहगत रूपमा हेर्दा आधारभूत तह (कक्षा १–५) मा महिला शिक्षकहरूको प्रतिशत ३२.७, आधारभूत तह (कक्षा ६–८) मा ११.१ तथा आधारभूत तह (कक्षा १–८) मा २९.७ प्रतिशत रहेको छ। त्यसैगरी माध्यमिक तह (कक्षा ९–१०) मा महिला शिक्षकहरूको प्रतिशत २०.० रहेको छ भने कक्षा ११–१२ मा कुनै पनि महिला शिक्षक कार्यरत छैनन्। समग्र माध्यमिक तह (कक्षा ९–१२) मा महिला शिक्षकहरूको सहभागिता १२.५ प्रतिशत मात्र रहेकोले विद्यालय शिक्षामा लैङ्गिक सन्तुलन कायम गर्न थप प्रयास आवश्यक देखिन्छ।

सामुदायिक विद्यालयहरूमा स्वीकृत तथा राहत दरबन्दीमा कार्यरत शिक्षक र विद्यार्थीको अनुपात (STR) पनि मापदण्डअनुसार सन्तुलित देखिँदैन। बालविकास तथा पूर्वप्राथमिक तहमा शिक्षक–विद्यार्थी अनुपात १:३१ रहेको छ। आधारभूत तह (कक्षा १–५) मा १:९० र आधारभूत तह (कक्षा ६–८) मा १:३२६ रहेको छ, जसले विशेषगरी माथिल्लो आधारभूत तहमा शिक्षकको गम्भीर अभाव रहेको संकेत गर्दछ। त्यसैगरी माध्यमिक तह (कक्षा ९–१०) मा शिक्षक–विद्यार्थी अनुपात १:११८ तथा कक्षा ११–१२ मा १:२१८ रहेको छ। यी तथ्याङ्कहरूले सबै तहमा विद्यार्थी संख्याको तुलनामा शिक्षक संख्या अपर्याप्त रहेको तथा गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक शिक्षक व्यवस्थापन र दरबन्दी पुनर्संरचनाको आवश्यकता रहेको देखाउँछन् ।

| क्र स | तहगत शिक्षकहरु को अनुपात | प्रतिशत |
|---|---|---|
| १ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | 32.7 |
| २ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | 11.1 |
| ३ | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | 29.7 |
| ४ | माध्यमिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | 20.0 |
| ५ | माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | 0.0 |
| ६ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | 12.5 |
| **सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR)** | | |
| ७ | बालविकास तथा पूर्व प्र.बि. मा (ECED) | 31 |
| ८ | आधारभूत तह (कक्षा १-५) | 90 |
| ९ | आधारभूत तह (कक्षा ६-८) | 326 |
| १० | माध्यमिक तह (कक्षा ९-१०) | 118 |
| ११ | माध्यमिक तह (कक्षा ११-१२) | 218 |

### ४.२.२ समस्या तथा चुनौतिहरु

१. सबै तहमा महिला शिक्षकहरूको सहभागिता न्यून रहनु तथा माध्यमिक तह (कक्षा ११–१२) मा महिला शिक्षकको प्रतिनिधित्व शून्य हुनु।
२. बालविकास, आधारभूत तथा माध्यमिक तहमा शिक्षक–विद्यार्थी अनुपात मापदण्डअनुसार कायम हुन नसक्नु।
३. विद्यार्थी संख्याको तुलनामा पर्याप्त शिक्षक दरबन्दी तथा विषयगत शिक्षकको व्यवस्था हुन नसक्नु।
४. शिक्षक भर्ना, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन प्रभावकारी रूपमा हुन नसक्नु।
५. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये TPD तथा पेशागत विकास तालिम प्राप्त शिक्षकको संख्या न्यून हुनु।
६. शिक्षकहरूको ICT तथा आधुनिक शिक्षण सिकाइ सम्बन्धी क्षमता अभिवृद्धि हुन नसक्नु।
७. सामुदायिक सिकाइ केन्द्र (CLC) मा आवश्यक सहयोगी कार्यकर्ता/सहजीकर्ताको व्यवस्था हुन नसक्नु।
८. वैकल्पिक शिक्षा तथा प्रौढ शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक सहजीकर्ता तथा शिक्षकको व्यवस्था हुन नसक्नु।
९. विद्यालय, सामुदायिक सिकाइ केन्द्र तथा वैकल्पिक शिक्षा कार्यक्रमबीच आवश्यक मानव स्रोतको समुचित व्यवस्थापन हुन नसक्नु।
१०. गुणस्तरीय, समावेशी तथा सिकाइमुखी शिक्षा प्रदान गर्न आवश्यक दक्ष जनशक्ति तथा शैक्षिक सहयोग प्रणालीको सुनिश्चितता हुन नसक्नु।

### ४.२.३ उदेश्यहरु

१. तहगत रूपमा महिला शिक्षकहरूको सहभागिता वृद्धि गरी सबै तहमा महिला शिक्षकको अनुपात कम्तीमा २० प्रतिशतले अभिवृद्धि गर्नु।
२. बालविकास, आधारभूत तथा माध्यमिक तहमा शिक्षक–विद्यार्थी अनुपातलाई राष्ट्रिय मापदण्डअनुसार कायम गर्न आवश्यक शिक्षक व्यवस्थापन, दरबन्दी मिलान तथा शिक्षक भर्ना प्रणाली सुदृढ गर्नु।
३. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि नियमित तालिम, पेसागत सहयोग, कोचिङ, मेन्टरिङ तथा शिक्षक विकास कार्यक्रम सञ्चालन गर्नु।
४. सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी सञ्चालनका लागि आवश्यक सहजकर्ता तथा मानव स्रोतको व्यवस्थापन र क्षमता विकास गर्नु।
५. निरक्षरता न्यूनीकरण तथा आजीवन सिकाइ प्रवर्द्धनका लागि वैकल्पिक शिक्षा, प्रौढ शिक्षा तथा साक्षरता कार्यक्रम सुदृढ गर्दै आवश्यक सहयोगी कार्यकर्ता तथा शिक्षकको व्यवस्था गर्नु।

### ४.२ .४ रणनीतिहरु

१. महिला शिक्षकको सहभागिता वृद्धि गर्न प्राथमिकता सहित शिक्षक नियुक्ति, पदपूर्ति तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।
२. शिक्षक र विद्यार्थी अनुपात सन्तुलन गर्न दरबन्दी मिलान, शिक्षक पुनर्वितरण तथा आवश्यक शिक्षक भर्ना गर्ने।
३. विषयगत, स्वयंसेवक तथा करार शिक्षक व्यवस्थापनलाई आवश्यकता अनुसार सुदृढ गर्ने।
४. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि TPD, पुनर्ताजगी, ICT तथा विषयगत तालिम सञ्चालन गर्ने।
५. शिक्षकलाई पेसागत सहयोग, कोचिङ, मेन्टरिङ तथा पृष्ठपोषण प्रणालीमार्फत निरन्तर सहयोग गर्ने।
६. सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी सञ्चालनका लागि आवश्यक सहजकर्ता तथा मानव स्रोतको व्यवस्था गर्ने।
७. सामुदायिक सिकाइ केन्द्रको संस्थागत सुदृढीकरण तथा क्षमता विकास गर्ने।
८. वैकल्पिक शिक्षा, प्रौढ शिक्षा तथा साक्षरता कार्यक्रमलाई विस्तार र सुदृढीकरण गर्ने।
९. वैकल्पिक विद्यालय तथा प्रौढ शिक्षाका लागि आवश्यक सहयोगी कार्यकर्ता र शिक्षकको व्यवस्था तथा क्षमता विकास गर्ने।
१०. निरक्षरता न्यूनीकरण तथा आजीवन सिकाइका अवसर विस्तार गर्न समुदायमा आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने।

### ४.२.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धी**

१. महिला शिक्षकको सहभागिता तथा लैङ्गिक सन्तुलनमा सुधार हुने।
२. शिक्षक–विद्यार्थी अनुपात सुधार भई गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित हुने।
३. शिक्षकहरूको पेशागत, ICT तथा शिक्षण क्षमता अभिवृद्धि हुने।
४. विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूमा आवश्यक मानव स्रोतको उपलब्धता सुनिश्चित हुने।
५. वैकल्पिक, प्रौढ तथा साक्षरता कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि भई निरक्षरता दरमा कमी आउने।
६. आजीवन सिकाइ, सीप विकास तथा शैक्षिक सेवा प्रवाहको गुणस्तरमा सुधार हुने।
७. शिक्षित, साक्षर, सीपयुक्त तथा उत्पादनशील मानव संसाधन विकासमा योगदान पुग्ने।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | २४ | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(प्रतिशत ) | ९ ४ | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(प्रतिशत ) | १० | १५ | २० | २५ | ३० | ३५ |
| ४ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | १ | २ | ४ | ४ | ५ |
| ५ | सामुदयिक सिकाई केन्द्रहरु मा सहजकर्ता व्यवस्थापन गर्ने | ० | २ | ० | ० | ० | ० |
| ६ | अनौपचारिक सिकाई कक्षाहरु संचालन | ० | १० | २० | ३० | ४० | ० |
| ७ | सामुदायिक विद्यालयहरूमध्ये आधारभूततहमा (कक्षा ६-८ सम्म) अध्यापनको लागि Maths, Science and English बिषयको बिषयगत शिक्षक पूरा गर्ने विद्यालयहरूको सङ्ख्या | ० | १२ | १२ | १२ | १२ | १२ |

## ४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुखक्रियाकलापर वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विषयगत, स्वयंसेवक तथा करार शिक्षक नियुक्ति गर्ने। | संख्या | १० | १० | १० | १० | १० | ५० | १०० | संघ/प्रदेश/स्थानिय तह |
| २ | अनौपचारिक सिकाई कक्षाहरु संचालन | वडा/कक्षा | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | स्थानिय तह |
| ३ | शिक्षकको पेसागत सहयोग, कोचिङ, मेन्टरिङ तथा पृष्ठपोषण कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर /बिधयाले | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | स्थानिय तह |
| ४ | शिक्षक दरबन्दी विश्लेषण, मिलान तथा आवश्यक शिक्षक व्यवस्थापन गर्ने। | पटक | ० | १ | ० | ० | १ | ० | २ | |
| ५ | नियमित अनुगमन, मूल्याङ्कन तथा प्रगति समीक्षा गर्ने। | निरन्तर | | | | | | | | |
| ६ | शिक्षकहरुका लागि प्रविधि क्षमता विकास तालिम | पटक | १ | ० | १ | ० | १ | ३ | ५ | |

## ४.३ शौक्षिक समता र समावेशिकरण

### ४.३.१ परिचय

विभिन्न कारणले शिक्षाको मूलप्रवाहीकरणबाट बञ्चित विभिन्न वर्ग, जाति, लिंग, भाषा, फरक क्षमता भएका विद्यालयका बालबालिकालाई बहुभाषिक र स्थानियभाषाको माध्यबाट शिक्षा प्रदान गर्नु आवश्यक हो। नेपालको संविधानको प्रस्तावनामा समेत नेपाली शिक्षालाई समतामूलक र समावेशी बनाउने अठोट गरिएको छ। राष्ट्रिय शिक्षा नीति–२०७६ , अनिवार्य तथा निःशुल्क शिक्षा ऐन–२०७५, ले नेपालको तिनवटै सरकारलाई अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपमा पछाडि परेका सिमान्तकृत समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमको शैक्षिक संस्थाबाट निःशुल्क रुपमा विद्यालय उच्च शिक्षा र प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान सहित जिम्मेबारी तोकिएको छ। एकीकृत क्षमता र नीति २०७१ कार्यान्वयनबाट बहु–वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहित शैक्षिक अवसरको व्यवस्था गरिएको छ। अशक्त अपाङ्ग, अनाथ, फरक क्षमता भएका बालबालिकाका लागि आवाससहितको विद्यालय शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ, आर्थिक रुपले विपन्न बालबालिकाका लागि आर्थिक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।


### ४.३.२ वर्तमान अवस्था

मौलापुर नगरपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानिय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यस नगरपालिकामा यादव, राई, तत्मा, मुस्लिम, तेली, दनुवार, चमार÷हरिजन÷राम , धानुक, धोबि, खत्वे, केवत, मल्लाह, मुसहर, हलुवाई, दुसाद÷पासवान÷पासी, सुढी, हजाम/ठाकुर, तराई अन्य, बरही, सोनार, कथबनियाँ, कर्मी, बाँतर/सरदार, कल्वार, राजधोब, सुनुवार, क्षेत्री, संयासी, नेवार, ब्राहमिन–पहाडी, शेर्पा, माली, क्यास्थ, कामी, डोम, माझि, कोइरी/कुसुवाहा, ब्राहमिन–तराइ, दमाइ/धोली, राइ आदि गरी जम्मा ३२ प्रकारको जातजातिहरु बसोवास गरेको छ, भने यस नगरपालिकामा बाहिरी देशवाट आएर पनि बसोवास गर्ने मानिसहरुपनि रहेको छ। जस मध्ये यादव समुदायको मानिसहरु २६.२२ प्रतिशत रही बहुल्यता रहेको देखिन्छ भने सब भन्दम कम शोर्प समुदायको ०.०५ प्रतिशतको मानिसहरुको बसोबास रहेको देखिन्छ।

| जात जाती | जम्मा | प्रतिशत | जात जाती | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ब्राह्मण - पहाड | ४९. | ०.२ | धोबी | १७०६. | ५.३ |
| मुस्लिम | ४७८. | १.५ | तत्मा | ४६७. | १.४ |
| यादव | ८४७७. | २६.२ | लोहार | १०४१. | ३.२ |
| तेली | २३४६. | ७.३ | बाराई | ४१५. | १.३ |
| चमार/हरिजन/राम | १२६४. | ३.९ | बिन | १५०३. | ४.७ |
| कोइरी/कुशवाहा | १६०८. | ५. | नुनिया | ७१७. | २.२ |
| कुर्मी | २८०९. | ८.७ | सोनार | २२२. | ०.७ |
| सन्यासी/दशनामी | ९४. | ०.३ | कुम्हार | १००४. | ३.१ |
| दुसध/पासावन/पसी | ६३८. | २. | कहार | ११३. | ०.४ |
| मल्लहा | ३७. | ०.१ | कायस्थ | ११४. | ०.४ |
| कथाबनिया | ४७. | ०.२ | माली | २६२. | ०.८ |
| ब्राह्मण - तराई | ५८२. | १.८ | धुनिया | ८९. | ०.३ |
| कलवार | १३१५. | ४.१ | डोम | ८०. | ०.३ |
| कानु | ४०५०. | १२.५ | रौनियार | ६२. | ०.२ |
| कुमल | ८८. | ०.३ | बनियान | २४. | ०.१ |
| हजम/ठाकुर | ५४६. | १.७ | अरू | ४३. | ०.१ |
| शेर्पा | १६. | ०.१ | विदेशी | १९. | ०.१ |

(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

यस नगरपालिकालाई भाषिक रुपमा हेर्ने हो भने, यहाँ मैथली, उर्दु, नेपाली, भोजपुरी, बज्जिका, हिन्दी  आदी भाषा बोलिन्छन्। अनेकताबीच एकता कायम भएको छ। भाषिक रुपमा यस नगरपालिकामा बज्जिका बोल्ने मानिसको बाहुल्यता रहेको छ अर्थात ८६ प्रतिशत मानिसले बज्जिका बोल्छ भने सब भन्दा कम मात्रामा ०.१० प्रतिशत मानिसले नेपाली भाषा बोल्न प्रयोग गर्दछ। यद्यपी भाषामा विविधता भएता पनि सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह–अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ।




(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

यस नगरपालिकामा अपाङ्गता भएको व्यक्तिलाई हेर्ने हो भने राष्ट्रिय जनगणना २०७८ को अनुसार शारीरिक, आँखा कम देखिने, आँखा सम्बन्धि अपागंता, कान सम्बन्धि अपागंता, बोलाई सम्बन्धि, बौद्धिक, सुस्मोनोस्थिती र बहु अपागंता भएको व्यक्ति रहेको देखिन्छ। जम्मा ३२,३२५ जनसँख्या मध्ये १.४४ प्रतिशत अपागंता भएको व्यक्ति रहेको छ भने सो मध्ये विद्यालय जाने उमेर समुह ० देखि १९ बर्षको १५५९० जनामा १.१८ प्रतिशत बालबालिकाहरु अपागंता रहेको देखिन्छ।

त्यसतै यस नगरपालिकामा कक्षागत रुपमा अपागंता भएको बालबालिकाहरुको संख्या हेर्ने हो भने, बालविकासरपूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिका ०.४ प्रतिशत, आधारभूततह १ कक्षा ८ मा अपाङ्गता भएका बिद्यार्थी ३.२ प्रतिशत, माध्यमिकतह ९ कक्षा देखि १२ मा अपाङ्गता भएका बिद्यार्थी ०.३ प्रतिशत रहेको छ। यस नगरपालिकमा बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि बिशेष विद्यालयहरुको बेबस्था रहेको छैन। साथै बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि समाहित शिक्षा सहितको सामुदायिक विद्यालयहरु यस नगरपालिकाका नरहेको अवस्था छ र माथिको तथ्यांक को आधारमा हेर्ने हो भने यस पालिका मा अपाङ्गता भएका बिद्यार्थीहरूका लागि बिशेष विद्यालयहरुको आबस्यक रहेको छ तर पनि बिशोष बिधयाको  ब्यबस्था भयको छैन।

| सूचक | प्रतिशत |
|---|---|
| बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ०४. |
| आधारभूततह (कक्षा १-८) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ३२. |
| माध्यमिकतह (कक्षा ९-१२) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ०४. |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि बिशेष विद्यालयहरुको सङ्ख्या | ०. |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि समाहित शिक्षा सहितको सामुदायिक विद्यालयहरुको सङ्ख्या | ०. |

| | |
|---|---|
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूको प्रारम्भिक परिक्षण र पहिचान (Early Screening) कार्य सम्पन्न गर्ने सामुदायिक विद्यालयहरुको सङ्ख्या | २४. |

यस पालिकामा १२ विद्यालयहरु मध्ये ३ वटामा अपांग मैत्री शौचालय रहेको छ। भने अपागंता मैत्री कक्षाकोठा र शौक्षिक सामाग्रीहरुको कमि रहेको देखिन्छ। यस नगरपालिका मा अपाङ्गता भएका बिद्यार्थीहरूको प्रारम्भिक परिक्षण र पहिचान कार्य गरिन्छ साथै पहिचान भएको बालबालिकाहरु वा कठिन परिस्थिमा रहेको वालवालिकाहरुलाई पहिचान भए पश्चात विद्यालय वालवालिकाहरुलाई शिक्षण सामाग्रीहरु लगायतको सहयोगी सामाग्रीहरु प्रदान गरिने कार्य पनि यस नगरापालिकाबाट गर्ने गरिएको छ। यस नगरपालिका मा दलित विद्यार्थीहरु र छात्रवृति पाउने विद्याथीहरुको अनुपात यस प्रकार रहेको छ। आधारभूततह कक्षा १ देखि ५ मा दलित बिध्यर्थि २२.१ प्रतिशत, आधारभूततह कक्षा ६ देखि ८ मा दलित बिध्यर्थि १६.२ प्रतिशत, आधारभूततह कक्षा १ देखि ८ मा दलित बिध्यर्थि १९९.९ प्रतिशत, माध्यमिकतह कक्षा ९ देखि १० मा दलित बिध्यर्थि १५.७ प्रतिशत, माध्यमिकतह कक्षा ११ देखि १२ मा दलित बिध्यर्थि ७.३ प्रतिशत, माध्यमिकतह कक्षा ९ देखि १२ मा दलित बिध्यर्थि १४.३ प्रतिशत रहेको छ

| सूचक | प्रतिशत |
|---|---|
| आधारभूततह (कक्षा १-५) मा दलित विद्यार्थी प्रतिशत | २२.१ |
| आधारभूततह (कक्षा ६-८) मा दलित विद्यार्थी प्रतिशत | १६.२ |
| आधारभूततह (कक्षा १-८) मा दलित विद्यार्थी प्रतिशत | १९.९ |
| माध्यमिकतह (कक्षा ९-१०) मा दलित विद्यार्थी प्रतिशत | १५.७ |
| माध्यमिकतह (कक्षा ११-१२) मा दलित विद्यार्थी प्रतिशत | ७.३ |
| माध्यमिकतह (कक्षा ९-१२) मा दलित विद्यार्थी प्रतिशत | १४.३ |
| आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) तहमा बिपन्न छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छात्र/छात्रा प्रतिशत | २५ |
| आधारभूततह (कक्षा ९-१०) का विद्यार्थीहरु मध्ये छात्रवृत्ति पाउनेको प्रतिशत | ९९.४ |

मौलापुर नगरपालिकामा दलित विद्यार्थीहरूको अनुपात उल्लेखनीय रूपमा उच्च रहेको छ। तर विपन्न विद्यार्थीहरूमध्ये केवल २५ प्रतिशतले मात्र छात्रवृत्ति प्राप्त गरेका छन्, जसले विपन्न तथा दलित विद्यार्थी लक्षित छात्रवृत्ति र शैक्षिक सहयोग कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यकता देखाउँछ।समग्र लैङ्गिक समता सूचकाङ्क (GPI) १.०७ रहेको छ। प्रारम्भिक बालविकास तथा आधारभूत तहमा बालिकाहरूको सहभागिता सन्तोषजनक देखिए पनि माध्यमिक तह (कक्षा ९–१२) मा GPI क्रमशः ०.८५ र ०.८३ रहेकोले बालिकाहरूको पहुँच, सहभागिता तथा निरन्तरतामा चुनौती देखिन्छ। त्यसैले माध्यमिक तहमा बालिकामैत्री तथा समावेशी कार्यक्रमहरूलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ।

| सूचक | प्रतिशत |
|---|---|
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | १.४ |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | १.४ |
| कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GIR) | १.१ |
| कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NIR) | १.२ |
| आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.२ |
| आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.२ |
| माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | ०.९ |
| माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | ०.८ |

यस नगरपालिकामा लैगिंक समता सूचांक सन्तुलन तथा सामान गर्नको लागि यस नगरपालिकाले समता तथा समावेशी कार्यक्रमहरु ल्याउनु पर्ने आवश्यक देखिएको छ। यद्यपी यस नगरपालिकाले विगतको दिनहरुमा सिकाई वातावरण सुधार गर्न र कोभिड–१९ को बेला भएको शौक्षिक क्षतिलाई कम गर्नका लागि बैकल्पिक कक्षा संचालन गराई त्यसलाई निरन्तरता दिईरहेको छ। साथै छात्राहरुलाई शिक्षामा सहभागीता पहुच सुनिचिता गर्नका लागि छात्रवृति कार्यक्रम अन्तर्गतका योजनाहरु कार्यान्वयनमा रहेको छ सोही अनुरुप साईकल, ल्यापट, शिक्षाको लागि साक्षरता कार्यक्रम बार्षिक क्रियाकलापको रुपमा गर्दै आएई रहेको छ । समता र सामावेशिकरण सिद्धान्तलाई आत्मासाथ गरी स्थानियपाठय पुस्तक कक्षा १-८ सम्म लागु गराएको छ। विद्यार्थी शिक्षकको अनुपातलाई नेपाल सरकारको मापदण्ड बमोजिम नरहेका अवस्थाले गर्दा नगरक्षेत्र भित्र संचालित विभिन्न सामुदायिक विद्यालयहरुमा नगरले नगर शिक्षक व्यवस्था गरी महिला लाई प्राथमिकता दिई नियूक्त गरेको र महिलालाई पायक पर्ने गरी विभिन्न विद्यालयहरुमा पद स्थापन गरिएको छ।

### ४.३.३ चुनौतीहरू

१. जातीय, लैङ्गिक, भाषिक तथा सामाजिक अवस्थाअनुसारको विद्यार्थी विवरण व्यवस्थापन तथा प्रयोग प्रभावकारी रूपमा गर्न नसक्नु।
२. अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान, आवश्यक सहयोग तथा समावेशी शिक्षाको व्यवस्था सुनिश्चित गर्न नसक्नु।
३. विपन्न, दलित, अपाङ्गता भएका, बालिका तथा अन्य सीमान्तकृत समूहका बालबालिकाका लागि पर्याप्त छात्रवृत्ति तथा सहयोग कार्यक्रम सञ्चालन गर्न नसक्नु।
४. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा शिक्षण सिकाइ प्रक्रियामा समावेशीकरणको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु।
५. कठिन परिस्थितिमा रहेका तथा विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक सिकाइ तथा सहयोग प्रणाली विस्तार गर्न नसक्नु।
६. कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूका लागि उपचारात्मक तथा सहयोगात्मक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु।
७. शिक्षक नियुक्ति, व्यवस्थापन तथा क्षमता विकासमा समावेशी र लैङ्गिक दृष्टिकोण सुनिश्चित गर्न नसक्नु।
८. विद्यालयमा विभेद, हिंसा, दुर्व्यवहार तथा बहिष्करणरहित सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्न नसक्नु।
९. विद्यालयका भौतिक तथा शैक्षिक पूर्वाधारलाई अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा बालमैत्री बनाउन नसक्नु।
१०. बालमैत्री विद्यालय, किशोरीमैत्री सरसफाइ तथा स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु।
११. मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षण सिकाइको प्रभावकारी प्रयोग गर्न नसक्नु।
१२. स्थानीय भाषा, संस्कृति, इतिहास, वातावरण तथा जीवनोपयोगी सीपलाई शिक्षण सिकाइसँग प्रभावकारी रूपमा आबद्ध गर्न नसक्नु।
१३. सबै बालबालिकाको नियमित उपस्थिति, सहभागिता, सिकाइ उपलब्धि तथा आधारभूत शिक्षा पूरा गर्ने सुनिश्चितता गर्न नसक्नु।

### ४.३.४ उद्देश्यहरू

१. सबै बालबालिकाको जातीय, लैङ्गिक, भाषिक तथा सामाजिक अवस्थाअनुसार समतामूलक पहुँच, सहभागिता र सिकाइ सुनिश्चित गर्नु।
२. अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान गरी समावेशी तथा गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्नु।
३. विपन्न, दलित, बालिका, अपाङ्गता भएका तथा अन्य सीमान्तकृत समूहका बालबालिकाका लागि छात्रवृत्ति तथा शैक्षिक सहयोगको पहुँच विस्तार गर्नु।
४. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा शिक्षण सिकाइ प्रक्रियालाई समावेशी, लैङ्गिक तथा बालमैत्री बनाउनु।
५. विद्यालय बाहिर रहेका, जोखिममा रहेका तथा कठिन परिस्थितिका बालबालिकाका लागि वैकल्पिक सिकाइ तथा सहयोग प्रणाली विकास गर्नु।
६. कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूका लागि उपचारात्मक तथा सहयोगात्मक सिकाइ कार्यक्रम सञ्चालन गर्नु।
७. शिक्षक नियुक्ति, व्यवस्थापन तथा क्षमता विकासमा समावेशीकरण र लैङ्गिक समानता प्रवर्द्धन गर्नु।
८. विद्यालयलाई विभेद, हिंसा, दुर्व्यवहार तथा बहिष्करणमुक्त सुरक्षित सिकाइ केन्द्रका रूपमा विकास गर्नु।

९. विद्यालयका भौतिक तथा शैक्षिक पूर्वाधारलाई अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा बालमैत्री बनाउनु।
१०. बालमैत्री विद्यालय, किशोरीमैत्री सरसफाइ तथा स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।
११. मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षण सिकाइलाई प्रवर्द्धन गर्नु।
१२. स्थानीय भाषा, संस्कृति, इतिहास, वातावरण तथा जीवनोपयोगी सीपलाई शिक्षण सिकाइसँग एकीकरण गर्नु।
१३. सबै बालबालिकाले आधारभूत शिक्षा पूरा गर्ने तथा नियमित उपस्थिति, सहभागिता र सिकाइ उपलब्धि हासिल गर्ने सुनिश्चितता गर्नु।

### ४.३.५ रणनीतिहरू

१. सबै बालबालिकाको समतामूलक पहुँच, सहभागिता तथा सिकाइ सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने।
२. विपन्न, दलित, बालिका, अपाङ्गता भएका तथा अन्य सीमान्तकृत समूहका बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामग्री तथा सहयोग कार्यक्रम विस्तार गर्ने।
३. अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान (Disability Screening) गरी आवश्यक सहयोग, सहायक सामग्री तथा समावेशी शिक्षा सेवा उपलब्ध गराउने।
४. विद्यालय बाहिर रहेका, जोखिममा रहेका तथा कठिन परिस्थितिका बालबालिकाको खोजी, भर्ना, पुनःभर्ना र टिकाउ सुनिश्चित गर्ने।
५. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ सामग्री तथा मूल्याङ्कन प्रक्रियामा समावेशीकरण र लैङ्गिक समानता प्रवर्द्धन गर्ने।
६. कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूका लागि उपचारात्मक, सहयोगात्मक तथा सिकाइ आपूर्ति कार्यक्रम सञ्चालन गर्ने।
७. शिक्षक नियुक्ति, व्यवस्थापन तथा क्षमता विकासमा समावेशीकरण, लैङ्गिक समानता तथा अपाङ्गता समावेशी दृष्टिकोण अवलम्बन गर्ने।
८. विद्यालयलाई विभेद, हिंसा, दुर्व्यवहार, बालश्रम तथा बालविवाहमुक्त सुरक्षित सिकाइ केन्द्रका रूपमा विकास गर्ने।
९. विद्यालयका भौतिक तथा शैक्षिक पूर्वाधारलाई बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री बनाउने।
१०. बालमैत्री विद्यालय, किशोरीमैत्री शौचालय, महिनावारी स्वच्छता व्यवस्थापन तथा स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयन गर्ने।
११. मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षण सिकाइलाई प्रारम्भिक तथा आधारभूत तहमा प्रवर्द्धन गर्ने।
१२. स्थानीय भाषा, संस्कृति, इतिहास, वातावरण, जीवनोपयोगी सीप तथा नागरिक शिक्षालाई शिक्षण सिकाइसँग एकीकृत गर्ने।
१३. विद्यालय, अभिभावक, समुदाय तथा सरोकारवालाबीच साझेदारी र सहभागिता अभिवृद्धि गरी समावेशी शिक्षा प्रवर्द्धन गर्ने।
१४. नियमित अनुगमन, पृष्ठपोषण तथा तथ्यमा आधारित योजना र निर्णय प्रणाली सुदृढ गर्ने।

### ४.३.६ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. सबै बालबालिकाको शिक्षामा समतामूलक पहुँच, सहभागिता र सिकाइ सुनिश्चित हुने।
२. विपन्न, दलित, बालिका तथा अपाङ्गता भएका बालबालिकाको शैक्षिक अवसर विस्तार हुने।
३. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको संख्या न्यून हुने।
४. समावेशी, बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री विद्यालय वातावरण सुनिश्चित हुने।
५. मातृभाषा, स्थानीय भाषा तथा जीवनोपयोगी सीपमा आधारित शिक्षण सिकाइ प्रवर्द्धन हुने।
६. कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार हुने।

७. विद्यालयमा विभेद, हिंसा तथा दुर्व्यवहारमुक्त सुरक्षित वातावरण कायम हुने।
८. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाको प्रतिशत वृद्धि हुने।

**नतिजा**

| क्र. स | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अपांगता भएको बालबालिका Early Screening लाई विद्यालयमा निरन्तरता दिने | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय |
| २ | दलित, विपन्न र सिमान्तकृत बालबालिकामा छात्रावृति प्रदान गरी विद्यालयमा निरन्तरता गराउने | २५ प्रतिशत | ४० प्रतिशत | ६० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत | १०० प्रतिशत |
| ३ | विद्यालयमा अपागंता मैत्री शौचाल निर्माण हुने | ३ विद्यालय | २ विद्यालय | २ विद्यालय | २ विद्यालय | २ विद्यालय | १ विद्यालय |
| ४ | विशोष स्रोत विद्यालय सम्बन्धन र संचालन | ० विद्यालय | ० विद्यालय | १ विद्यालय | ० विद्यालय | १ विद्यालय | ० विद्यालय |
| ५ | लैगिंक सम्प्रपक शिक्षक तोक्ने र निरन्तरता दिने | ४ विद्यालय | १२ विद्यालय | ० विद्यालय | ० विद्यालय | ० विद्यालय | ० विद्यालय |
| 6 | लैङ्गिक अनुपात लाई सन्तुलन कायम हुने | १.०७ प्रतिशत | १.०५ प्रतिशत | १.०३ प्रतिशत | १.०२ प्रतिशत | १ प्रतिशत | ० प्रतिशत |
| 7 | विद्यालय बाहिर रहेका बालबालिका हरुलाई विधालय मा भर्ना | १.५ प्रतिशत | १.२ प्रतिशत | १ प्रतिशत | ०.५ प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |
| 8 | आधारभूत तहमा लैङ्गिक समता सूचक सन्तुलन गर्न किशोरी शिक्षा मार्फत शिक्षाको मुल प्रवाहमा ल्याउने र टिकाउने | १.१९ | 1.1० | 1.५ | 1.० | ० | ० |
| ९ | माध्यमिक तहमा लैङ्गिक समता सूचक शिक्षा मार्फत शिक्षाको मुल प्रवाहमा ल्याउने र टिकाउने | ०.८५ | ०.९० | ०.९५ | १ | ० | ० |

## ४.३.७ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | लैगिंक सम्प्रपक शिक्षक तोक्ने | पटक | १२ | ० | ० | ० | ० | १२ | १२ | विद्यालय |
| २ | लैङ्गिक सम्पर्क शिक्षक विभिन्न तालिम मार्पत क्षमता विकास | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानिय तह |
| ३ | मनोसामाजिक परामर्श | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानिय तह |
| ४ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | संख्या | | १ | १ | १ | १ | ५ | ५ | विद्यालय/ स्थानिय तह |
| ५ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय/ स्थानिय तह |
| ६ | लक्षित छात्रवृत्ति, शैक्षिक सामग्री तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय/ स्थानिय तह |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | १ | | १ | १ | १ | ५ | ५ | विद्यालय/ स्थानिय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विशोष/स्रोत कक्षाको संचालन | सख्या | ० | ० | ० | ० | 1 | 2 | 2 | संघ/प्रदेश/स्थानिय तह |
| ९ | विद्यालयमा लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री शौचालय निर्माण | विद्यालय संख्या | ० | ४ | २ | ३ | ३ | १२ | १२ | संघ/प्रदेश/स्थानिय तह |
| १० | विभिन्न सँघ सँस्थाहरु र सामुदायिक सिकाई केन्द्रसँग समन्वय गरी विद्यालय बाहिर रहेका बालिकाहरुलाई किशोरी शिक्षा संचालन | वडागत केन्द्र | ० | ९ | ९ | ९ | ० | ९ | ९ | स्थानिय तह |
| ११ | कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि सिकाइ आपूर्ति )Learning Recovery) तथा उपचारात्मक कक्षा सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा |
| १२ | बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री शौचालय, र्याम्प तथा अन्य पूर्वाधार निर्माणसुधार गर्ने।/ | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा |
| १३ | मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षण सिकाइ सामग्री विकास तथा प्रयोग गर्ने। | निरन्तर | | | | | | | | |
| १४ | विद्यालयमा गुनासो व्यवस्थापन तथा बाल संरक्षण संयन्त्र गठन र सञ्चालन गर्ने। | निरन्तर | | | | | | | | |
| १५ | नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणाली सञ्चालन गर्ने। | निरन्तर | | | | | | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि प्राथमिक कक्षामा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिएको छ। नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आएको छ, र आर्थिक वर्ष २०७७/७८ मा यो लगानी करिब ८ अरब पुगेको छ। सत्रे योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ। विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

### ४.४.२ वर्तमान अवस्था

स्थानिय तहको संरचना बनेपछि यस पालिकाले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ। यसले बालविकास शिक्षामा बालबालिकाको उल्लेखनीय सहभागिता बढाएको छ। आ.व. २०७७/०७८ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरेपछि यस पालिकाका कक्षा ० देखि ५ का विद्यार्थीहरू लाभान्वित भएका छन्। पालिकाबाट विद्यालय दिवा खाजामा पूर्ण रूपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गरिएको छ। ECED देखि कक्षा ५ सम्मका बिद्यार्थीमध्ये निशुल्क दिवा खाजा प्राप्त गरेका बिद्यार्थी ९० प्रतिशत रहेको छ

### ४.४.३ समस्या तथा चुनौतीहरु

१. दिवा खाजा कार्यक्रमको गुणस्तर, विविधता तथा प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न नसक्नु।
२. दिवा खाजामा स्थानीय उत्पादन तथा पोषणयुक्त खाद्य सामग्रीको प्रयोग पर्याप्त गर्न नसक्नु।
३. विद्यालयमा सुरक्षित खानेपानी, साबुन, सरसफाइ सामग्री तथा लैङ्गिकमैत्री शौचालयको पर्याप्त व्यवस्था गर्न नसक्नु।
४. किशोरीहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सेवा प्रभावकारी बनाउन नसक्नु।
५. नियमित स्वास्थ्य परीक्षण, प्राथमिक उपचार तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु।
६. सबै बालबालिकामा खोप, पोषण तथा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न नसक्नु।

७. विद्यालयमा नर्सिङ सेवा तथा स्वास्थ्य सहायता प्रणालीको व्यवस्था गर्न नसक्नु।

८. स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रमहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न नसक्नु।

### ४.४.३ उद्देश्य

१. विद्यालयमा स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी सेवाको गुणस्तर अभिवृद्धि गर्नु।
२. पोषणयुक्त तथा स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम प्रभावकारी बनाउनु।
३. सुरक्षित खानेपानी, सरसफाइ तथा लैङ्गिकमैत्री स्वास्थ्य सुविधा सुनिश्चित गर्नु।
४. किशोरीमैत्री महिनावारी स्वच्छता व्यवस्थापन प्रणाली सुदृढ गर्नु।
५. विद्यालय स्वास्थ्य, पोषण तथा खोप सेवामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु।
६. विद्यालयमा स्वास्थ्य सहायता तथा नर्सिङ सेवाको विकास गर्नु।

### ४.४.४ रणनीतिहरू

१. पोषणयुक्त तथा स्थानीय खाद्य सामग्रीमा आधारित दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने।
२. विद्यालयमा सुरक्षित खानेपानी, शौचालय तथा सरसफाइ सामग्रीको व्यवस्था सुदृढ गर्ने।
३. किशोरीमैत्री स्वास्थ्य तथा महिनावारी स्वच्छता व्यवस्थापनलाई प्रवर्द्धन गर्ने।
४. नियमित स्वास्थ्य परीक्षण, पोषण तथा खोप कार्यक्रम सञ्चालन गर्ने।
५. विद्यालय स्वास्थ्य तथा प्राथमिक उपचार सेवा सुदृढ गर्ने।
६. स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

### ४.४.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि:**

१. पोषणयुक्त दिवा खाजा तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित हुने।

२. सुरक्षित खानेपानी, सरसफाइ तथा लैङ्गिकमैत्री शौचालयको उपलब्धता वृद्धि हुने।

३. किशोरीमैत्री महिनावारी स्वच्छता व्यवस्थापन सुदृढ हुने।

४. नियमित स्वास्थ्य परीक्षण, खोप तथा पोषण कार्यक्रम प्रभावकारी हुने।

५. विद्यार्थीहरूको स्वास्थ्य, पोषण अवस्था र विद्यालय उपस्थितिमा सुधार हुने।

६. स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास हुने।

**नतिजाहरू:**

| क्र. स | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय दिवा खाजा कार्यविधि अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको । | ० | १ | १ | १ | १ | १ |
| २ | ३ ओटा माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन हुने । | ० | १ | १ | १ | ० | ० |
| ३ | १२ ओटा सामुदिक विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिने । | ३ | ९ | ० | ० | ० | ० |
| ४ | १२ ओटा सामुदिक विद्यालयमा स्थानियउत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने। | ० | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय |

### ४.४.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियकत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि अद्यावधिक र परिमार्जन | नपटक | | १ | | १ | | २ | नगरपालिका |
| २ | एक विद्यालय एक स्वास्थकर्मी | विद्यालय | | | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | प्राथमिक उपचार बाकस | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | नगरपालिका |
| ४ | स्थानियपाठ्यक्रममा किशोरी शिक्षा | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | आबस्यकता अनुसार | नगरपालिका विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी कार्यक्रम | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | आबस्यकता अनुसार | विद्यालय |
| ६ | स्थानियउत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | | | | | | | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | १२ | १२ | १२ | १२ | १२ | १२ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | अभिभावक आमा समूह | निरन्तर | १२ | १२ | १२ | १२ | १२ | १२ | विद्यालय |
| ९ | विद्यालयमा सुरक्षित खानेपानी, साबुन, हात धुने स्थान तथा सरसफाइ सामग्री उपलब्ध गराउने। | निरन्तर | | | | | | | |
| १० | स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी जनचेतना तथा अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.५ विद्यालय सुरक्षा, बिपत, न्यूनिकरण तथा उत्थानशिल

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवनरक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ। आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थिति जन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। विशेषतः लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड–१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमक प्राथमिकतामा राखी यो शिक्षा योजना निर्माण गरिएको छ।

### ४.५.२ विपद्को वर्तमान अवस्था

विपद् शब्दले सामान्यतया कुनै पनि किसिमको प्राकृतिक प्रकोप वा महामारी जन्य संक्रमणको कारण उत्पन्न हुने आपतकालिन अवस्था वा कष्टप्रद अवस्थालाई जनाउछ। मौलापुर नगरपालिका पनि एक विपदको महामारी बाट पूर्ण रुपमा प्रभावित भएको क्षेत्र हो। कोभिड १९ को पहिलो चरणमा

देखापरेको महामारीको कारण विद्यालयहरुका शैक्षिक गतिबिधिहरु करिब ८ महिना भन्दा बढि समय प्रभावित हुदाँ करिब छ हजार बालबालिकाहरुको सिकाइ कार्यकलाप प्रत्यक्षरुपमा प्रभावित हुन पुगेको थियो। यसै गरी यो पालिका बाढि, डुबान, शीतलहर, हिट स्ट्रक र हावाहुरी नामक प्राकृतिक प्रकोपको कारण बर्षौनी समस्यामा फस्ने गरेको पाइन्छ। यस पालिका मा १२ ओटा बिधलायाहरु संचालनमा रहेको छ। यस नगरपालिका को नजिकै लालबकैया नदि रहेको छ। बर्सेनि बर्खा याममा बढी को प्रोकोप यस पालिका मा रहेको छ। बढीले यस नगरपालिकामा रहेको बिधालयहरु प्रभावित गर्ने गर्दा छ। किसिमका प्रकोप र तिनिहरुले विद्यालयहरुमा पार्ने प्रभावलाई देहायको तालिकामा उल्लेख गरिएको छ। साथै मौलापुर नगरपालिकाको प्रकोप स्तरीकरण र प्रकोप पात्रो निम्न तालिकामा उल्लेख गरिएको छ। प्राकृतिक प्रकोप र

विद्यालयमा पार्ने प्रभाव विश्लेषण

| क्र.स | विद्यालयको नाम र ठेगाना | बढि प्रभाव पार्ने प्राकृतिक प्रकोपहरु | | प्रभाव | | | | समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आंशिक | सामान्य | धेरै | अति धेरै | | |
| १. | श्री मा.वि. पथरा वुधराम | क | बाढी र डुबान | √ | | | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | | √ | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | | √ | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| २. | श्री जनता मा.वि. सोनरनिया | क | बाढी र डुबान | √ | | | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | | √ | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | | √ | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| ३. | श्री लक्ष्मीनिया मा.वि. मौलापुर | क | बाढी र डुबान | √ | | | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | | √ | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | | √ | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| ४. | श्री सामुदायिक आ.वि. मर्यादपुर चिरचिरयि | क | बाढी र डुबान | | | | √ | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | | √ | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | | √ | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| ५. | श्री मा.वि. गम्हरिया पतौरा | क | बाढी र डुबान | | | √ | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | | √ | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | | √ | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| ६. | श्री मा.वि. मर्यादपुर | क | बाढी र डुबान | | √ | | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | √ | | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | √ | | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| ७. | श्री जबहर सह मा. वि. पतौरा –१ | क | बाढी र डुबान | √ | | | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | √ | | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | √ | | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| ८. | श्री ब्रममाई प्र.वि. मर्यादपुर | क | बाढी र डुबान | | √ | | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | √ | | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | √ | | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| ९. | श्री रामजानकी आ.वि. पथरा बुधराम | क | बाढी र डुबान | | √ | | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | √ | | | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | √ | | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०. | श्री प्रा.वि. सवैया पिपरीया | क | बाढी र डुबान | | | √ | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | | √ | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | | √ | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | | √ | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| ११. | श्री राम औतार राय यादव प्रा.वि. सोनरनिया | क | बाढी र डुबान | | | √ | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | | √ | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | | √ | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |
| १२. | श्री अद्धभुत नाथ प्रा. पतौरा | क | बाढी र डुबान | | | √ | | आषाढ, श्रावण, भाद्र | |
| | | ख. | शीतलहर | | √ | | | मंसिर र पौष | |
| | | ग. | हिट स्ट्रक | | √ | | | चैत्र, बैशाख, जेष्ठ | |
| | | घ. | हावाहुरी | √ | | | | फाल्गुन, चैत्र | |
| | | ङ | कोभिड १९ | | | | √ | निश्चित नहुने | |
| | | च. | अन्य भूकम्प, आगलागी, | √ | | | | निश्चित नहुने | |

सूचक : प्रकोपले पार्ने प्रभावमा,

सामान्य : सामान्य साबधानी अपनाएर विद्यलय संचालन गर्न सकिने अवस्था

आंशिक : विद्यालयमा साबधानीका उपायहरु अपनाएर संचालन गर्न सकिने अवस्था

धेरै : विद्यालय संचालन गर्न नसकिने अवस्था र संचालनको लागि विशेष तयारीको आवश्यकता पर्ने

अति धेरै : विद्यालय संचालन गर्न नसकिने तथा सिकाइको लागि वैकल्पिक बिधिको प्रयोग गर्नु पर्ने,

### ४.५.३ चुनौतिहरु

१. बाढीको समयमा विद्यार्थीहरू विद्यालय आउन सक्दैनन्, जसले उनीहरूको शिक्षा प्रभावित हुन्छ र सो अवधिमा बैकल्पिक कक्ष संचालन को माध्यमको बेवस्ता गर्न नसकेको,

२. शीतलहरले विद्यार्थीहरूको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ, विशेष गरी बालबालिकाहरूमा। यसले उनीहरूको विद्यालयमा उपस्थिति र सिकाइ प्रक्रियामा अवरोध ल्याउँछ सो अनुसारको अध्यन अध्यापन बाताबरण सिर्जना गर्न नसकेको ।

३. विद्यालयहरूले शीतलहरको समयमा तापक्रम व्यवस्थापनका लागि विशेष उपायहरू अपनाउन आवश्यक छ, जस्तै: न्यानो कपडाको व्यवस्था, हीटरको प्रयोग आदि सोको बेबस्था गर्न नसक्नु,

४. मौलापुर नगरपालिकामा अत्यधिक गर्मीले विद्यार्थीहरूको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। हिट स्ट्रकको जोखिमले विद्यार्थीहरूको उपस्थिति र सिकाइ प्रक्रियामा अवरोध ल्याएको,

५. गर्मीको समयमा विद्यालयहरूले प्रशस्त पानीको व्यवस्था, कक्षाकोठामा पंखा वा एसीको प्रयोग आदि गर्न आवश्यक छ तर सबै समुदियक बिधालय मा बेवस्ता गर्न सकेको छैन,
६. मौलापुर नगरपालिकामा हावाहुरीले विद्यालयको संरचनामा क्षति पुर्याउन सक्छ र विद्यार्थीहरूको सुरक्षामा खतरा ल्याएको,
७. आपतकालीन समयमा जस्तै कोभिड, हैजा, महामारी अदि विद्यालयहरूले स्वास्थ्य मापदण्डहरू पालना गर्न आवश्यक छ, जस्तै: मास्कको प्रयोग, सामाजिक दूरी, नियमित स्यानिटाइजेशन आदि जसको बेवस्ता गर्न नसकेको,

### ४.५.४ उद्देश्यहरू

१. विद्यालयहरूको भौतिक संरचना सुरक्षित राख्न बाढी प्रतिरोधी निर्माण सामग्रीको प्रयोग गर्ने।
२. विपद्को समयमा शिक्षाको वैकल्पिक व्यवस्था गर्ने।
३. सुरक्षित विद्यालयको अवधरणा सवै विद्यालयमा लागु गर्ने।
४. बाढीको समयमा वैकल्पिक कक्ष सञ्चालनको लागि अनलाइन शिक्षा प्रणालीको विकास गर्ने।
५. बाढीको पूर्वानुमान र चेतावनी प्रणालीको स्थापना गर्ने।
६. विद्यार्थीहरूको स्वास्थ्य सुरक्षाका लागि न्यानो कपडाको व्यवस्था गर्ने।
७. कक्षाकोठामा हीटरको प्रयोग र तापक्रम व्यवस्थापनका लागि विशेष उपायहरू बेबस्था गर्ने।
८. शीतलहरको समयमा विद्यालयको समय तालिका समायोजन गर्ने मिलाउने।
९. गर्मीको समयमा प्रशस्त पानीको व्यवस्था कक्षाकोठामा पंखा बेवस्तापन र प्रयोग गर्ने।
१०. विद्यार्थीहरूलाई गर्मीबाट बच्न आवश्यक सावधानी अपनाउन सचेतना कार्यक्रम संचालन गर्ने।
११. विद्यालयको संरचना सुरक्षित राख्न हावाहुरी प्रतिरोधी निर्माण सामग्रीको प्रयोग गर्ने।
१२. भूकम्प र आगलागी, हावाहुरीको समयमा आपतकालीन योजना तयार गर्नु, जसमा सुरक्षित स्थानमा विद्यार्थीहरूलाई लैजाने व्यवस्था गर्ने।
१३. कोभिड-१९, हैजा, महामारी जस्ता आपतकालीन समयमा स्वास्थ्य मापदण्डहरू पालना गर्न मास्कको प्रयोग, सामाजिक दूरी, र नियमित स्यानिटाइजेशनको व्यवस्था गर्ने।
१४. विद्यालयको संरचना सुरक्षित राख्न भूकम्प प्रतिरोधी निर्माण गर्ने।

### ४.५.५ रणनीतिहरू

१. स्थानियस्रो तहरूको उपयोग गरि  स्थानियरूपमा उपलब्ध बाढी प्रतिरोधी सामग्रीहरूको उपयोग गर्ने,
२. वैकल्पिक कक्ष सञ्चालनको लागि अनलाइन शिक्षा प्रणालीको विकास गर्ने,
३. अनलाइन कक्षाहरू सञ्चालन गर्न उपयुक्त डिजिटल प्लेटफर्मको चयन र विकास गरिने,
४. शिक्षक र विद्यार्थीहरूलाई अनलाइन शिक्षण र सिकाइका लागि आवश्यक प्रशिक्षण प्रदान गरिने,
विद्याल सुरक्षा योजना तयारी संगै बाढीको पूर्वानुमान र चेतावनी प्रणालीको स्थापना गरिने,
५. स्थानियसमुदाय र गैर-सरकारी संस्थाहरूको सहयोगमा न्यानो कपडाको व्यवस्था र बितरण जाडो मौसममा गरिने
६. सचेतना कार्यक्रमहरु  विद्यार्थीहरूलाई शीतलहरको समयमा न्यानो कपडा प्रयोग गर्न सचेतना कार्यक्रम सञ्चालन गरिने,
७. हीटरको प्रयोग र तापक्रम व्यवस्थापन जाडो र गर्मि समयमा गरिने,
८. तापक्रम व्यवस्थापनका लागि विशेष उपायहरू अपनाउनुहोस्, जस्तै: कक्षाकोठाको उचित वेंटिलेशन बनाउने,
९. शीतलहरको समयमा विद्यालयको समय तालिका समायोजन गरिने ताकि विद्यार्थीहरूलाई कम चिसोमा विद्यालय आउन सकियोस्।
१०. तापक्रम व्यवस्थापन गर्ने प्रशस्त पानीको व्यवस्था र पंखा प्रयोग र सामग्री व्यवस्थापन  गरिने,
११. बिज्ञ हरुको सलाहमा आपतकालीन योजना: भूकम्प, आगलागी, र हावाहुरीको समयमा आपतकालीन योजना तयार गरिने  जसमा सुरक्षित स्थानमा विद्यार्थीहरूलाई लैजाने व्यवस्था समावेश गरिने,
१२. स्वास्थ्य मापदण्ड  कोभिड-१९, हैजा, महामारी जस्ता आपतकालीन समयमा स्वास्थ्य मापदण्डहरू पालना गर्न मास्कको प्रयोग, सामाजिक दूरी, र नियमित स्यानिटाइजेशनको व्यवस्था गरिने,

### ४.५.६ प्रमुख उपलब्धि, नतिजा तथा परिणात्मक लक्ष्य

**उपलब्धी**

१. विपद् प्रतिरोधी संरचना निर्माण भई विद्यालय सुरक्षित विद्यालय हुनेछ ।
२. स्थानियरूपमा उपलब्ध बाढी प्रतिरोधी सामग्रीहरूको उपयोगले लागत कम हुन्छ र स्थानियअर्थतन्त्रलाई बलियो बनाउने छ,
३. वैकल्पिक कक्ष सञ्चालनको लागि अनलाइन शिक्षा प्रणालीको विकास हुनेछ,
४. बाढीको समयमा पनि विद्यार्थीहरूको शिक्षण प्रक्रियामा निरन्तरता हुनेछ,
५. अनलाइन शिक्षण र सिकाइमा दक्षता वृद्धि, जसले शिक्षण प्रक्रियालाई प्रभावकारी बनाउँछ।
६. बाढीको पूर्वानुमान र चेतावनी प्रणालीले समयमै सावधानी अपनाउन मद्दत गरिने छ,
७. विद्यार्थीहरूलाई शीतलहरको समयमा न्यानो कपडा प्रयोग गर्न सचेतना वृद्धि हुने छ,
८. जाडो र गर्मी समयमा कक्षाकोठाको तापक्रम व्यवस्थापन, जसले विद्यार्थीहरूको स्वास्थ्यमा सुधार ल्याउँछ,

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र.स. | विद्यालय सुरक्षा, बिपत, न्यूनिकरण तथा उत्थानशिल | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय दिवा खाजा कार्यविधि अद्यावधिक तथा प्रभावकारी कार्यान्वयन | ० | १ | १ | १ | १ | १ |
| २ | ३ वटा माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन | ० | १ | १ | १ | ० | ० |
| ३ | १२ वटा सामुदायिक विद्यालयमा प्राथमिक उपचार बाकस उपलब्ध गराउने तथा प्राथमिक उपचार सम्बन्धी अभिमुखीकरण सञ्चालन | ३ | ९ | ० | ० | ० | ० |
| ४ | १२ वटा सामुदायिक विद्यालयमा स्थानीय उत्पादनमा आधारित चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चित | ० | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय |
| ५ | विद्यालयहरूमा सुरक्षित खानेपानी तथा सरसफाइ सामग्रीको उपलब्धता सुनिश्चित | ४ विद्यालय | ४ विद्यालय | ४ विद्यालय | ० | ० | ० |
| ६ | छात्रा तथा छात्रका लागि छुट्टाछुट्टै तथा लैङ्गिकमैत्री शौचालय सुधार तथा व्यवस्थापन | २ विद्यालय | ४ विद्यालय | ३ विद्यालय | ३ विद्यालय | ० | ० |
| ७ | किशोरीहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन कार्यक्रम सञ्चालन | ० | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय |
| ८ | विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण तथा पोषण अवस्था परीक्षण | ० | ६ विद्यालय | ६ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय |
| ९ | विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रमको नियमित अनुगमन तथा समीक्षा | ० | १ | १ | १ | १ | १ |
| १० | खोप, भिटामिन तथा स्वास्थ्य सचेतना कार्यक्रम विद्यालयमार्फत सञ्चालन | ० | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय | १२ विद्यालय |

### ४.५.७ प्रमुख क्रियाकलापहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | जम्मा | | कैफियकत |
|---|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | | भौतिक लक्ष्य (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानियरूपमा उपलब्ध बाढी प्रतिरोधी सामग्रीहरूको निर्माण कार्यमा र उपयोग सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| २ | अनलाइन कक्षाहरू सञ्चालन गर्न उपयुक्त डिजिटल प्लेटफर्मको चयन र विकास गर्ने, | आवश्यकता अनुसार | | | | | | | | |
| ३ | मौसम विभाग र स्थानियप्रशासनसँग सहकार्य गरी पूर्वानुमान र चेतावनी प्रणाली स्थापना गर्ने र सहकार्य गर्ने | पटक | | | | १ | | १ | १ | स्थानिय तह |
| ४ | स्थानियसमुदाय र गैर-सरकारी संस्थाहरूको सहयोगमा न्यानो कपडाको व्यवस्था र वितरण गर्ने | आवश्यकता अनुसार | | | | | | | | स्थानिय तह/बिधयल |
| ५ | विद्यार्थीहरूलाई शीतलहरको समयमा न्यानो कपडा प्रयोग गर्न सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह/बिधयल |
| ६ | शीतलहरको समयमा विद्यालयको समय तालिका समायोजन गर्नुहोस् ताकि विद्यार्थीहरूलाई कम चिसोमा विद्यालय आउन बाताबरण सिर्जना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह/बिधयल |
| ७ | विद्यालय विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरि विद्यालय सुरक्षा योजना निर्माण तथा कार्यान्वयन | निरन्तर | | | | | | | | स्थानिय तह/बिधयल |
| ८ | स्वास्थ्य मापदण्ड: कोभिड-१९, हैजा, महामारी जस्ता आपतकालीन समयमा स्वास्थ्य मापदण्डहरू पालना गर्न मास्कको प्रयोग, सामाजिक दूरी, र नियमित स्यानिटाइजेशनको व्यवस्था गर्ने | आवश्यकता अनुसार | | | | | | | | स्थानिय तह/बिधयल |
| ९ | किशोरीहरूका लागि सेनेटरी प्याड तथा महिनावारी स्वच्छता शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | ० | १ | ० | १ | ० | १ | २ | |
| १० | Education Culster गठन र परिचालन | पटक | ० | १ | ० | ० | ० | ० | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार, प्रारम्भिक बाल विकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। बालबालिकालाई विद्यालयमा भर्ना गर्नका लागि

सुरक्षित विद्यालय, कक्षा कोठा, खेल मैदान, शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार आवश्यक छन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधारलाई विपद जोखिम मुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित, बाल मैत्री र हरित विद्यालयको रूपमा विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ।

### ४.६.२ वर्तमान अवस्था

मौलापुर नगरपालिकामा कक्षागत रुपमा सन्चालित विद्यालयहरुको बिबरण अनुसार, प्रारम्भिक बाल विकास (ECED) मा १८ वटा विद्यालयहरु छन्। कक्षा १ देखि ५ सम्म ४ ओटा विद्यालय छ। कक्षा ६ देखि ८ सम्म २ विद्यालयहरु छन् भने कक्षा ९ देखि कक्षा १० मा २ विद्यालय छ। कक्षा ११ देखि कक्षा १२ सम्म ३ ओटा विद्यालय छ। सबै सामुदायिक विद्यालयहरूमा सवै विद्यालय भवनहरु पक्की छैनन्। भएका भवनहरु पनि अपाङ्गमैत्री छैनन्। प्रधानाध्यापकका लागि बेग्लै कोठा भए पनि सुविधासम्पन्न छैनन्। सवै विद्यालयमा अलग्गै कम्प्युटर कोठाको समेत अभाव छ। यस पालिकाका सबै विद्यालयहरूमा शौचालय भए पनि धेरैजसोमा पानीको राम्रो आपूर्ति देखिदैन। स्वच्छ पिउने पानीको व्यवस्था राम्रो छैन। खेलकुद कोठा, स्वास्थ्य कक्ष लगायत अन्य भौतिक पुर्वाधारहरुको अभाव रहेको छ। त्यसैगरी धेरैजसो विद्यालयहरूमा अलग्गै विज्ञान तथा अन्य ल्यावका कोठाहरूको अभाव देखिन्छ। विद्यालयहरूमा विद्यार्थीहरूको पठनपाठनमा सहज हुने खालका कक्षाकोठाहरू, छात्राका लागि अलग्गै शौचालय समेत हुन सकिरहेको छैन। राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खुलकूद कक्ष, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्षा, शिक्षक कक्षा, प्रशासन कक्षा, प्रधानाध्यापक कक्षा) के-कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश, स्थानियसरकार, कसले कसरी लिने भन्ने विषय अन्यौल देखिन्छ। त्यसतै निजि विद्यालहरुमा मापदणड अनुसारको त झनै केहि पनि देखिदैन।

### ४.६.३ चुनौतीहरू

१. विद्यालय, कक्षा कोठा, पाक्कीकक्षा तथा शौचालयको संख्या विद्यार्थी अनुपातअनुसार पर्याप्त नहुनु।
२. पुस्तकालय, प्रयोगशाला तथा कार्यलय कक्षको अवस्था कमजोर हुनु।
३. आवश्यक कक्षा कोठा निर्माण तथा पुनर्निर्माण गर्नुपर्ने अवस्था हुनु।
४. सुरक्षित, बालमैत्री तथा अपाङ्गतामैत्री विद्यालय संरचना पर्याप्त नहुनु।
५. भवन सुदृढीकरण तथा मर्मत सम्भार नियमित रूपमा नहुनु।
६. भौतिक पूर्वाधार विकासका लागि न्यूनतम मापदण्डको पूर्ण पालना नहुनु।
७. विपद् जोखिम न्यूनीकरण तथा सुरक्षित विद्यालय संरचना कमजोर हुनु।
८. छात्रा तथा अपाङ्गता भएका बालबालिकाका लागि छुट्टै र सुरक्षित शौचालयको अभाव हुनु।

### ४.६.४ उद्देश्य

१. विद्यार्थी संख्याअनुसार पर्याप्त कक्षा कोठा तथा भौतिक संरचना सुनिश्चित गर्नु।
२. बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री विद्यालय वातावरण विकास गर्नु।
३. पुस्तकालय, प्रयोगशाला तथा प्रशासनिक कक्षहरूको सुदृढीकरण गर्नु।
४. सुरक्षित, जोखिममुक्त तथा विपद् प्रतिरोधी विद्यालय संरचना विकास गर्नु।
५. आधारभूत भौतिक पूर्वाधारको न्यूनतम मापदण्ड सुनिश्चित गर्नु।

### ४.६.५ रणनीतिहरू

१. विद्यालय भौतिक पुर्वाधार निर्माण मापदणड २०८० कडाईका साथ लागु गर्ने।
२. आवश्यकताअनुसार नयाँ कक्षा कोठा तथा पूर्वाधार निर्माण गर्ने।
३. विद्यालय भवन, शौचालय तथा खानेपानी संरचनाको मर्मत तथा पुनर्निर्माण गर्ने।
४. बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गर्ने।
५. पुस्तकालय, प्रयोगशाला तथा प्रशासनिक कक्षको स्तरोन्नति गर्ने।

६. विपद् जोखिम न्यूनीकरण मापदण्डअनुसार विद्यालय सुरक्षित बनाउने।
७. न्यूनतम भौतिक मापदण्ड पालना गरी विद्यालय पूर्वाधार विकास गर्ने।

### ४.६.६ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि:**

१. पर्याप्त कक्षा कोठा तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित हुने।
२. बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री विद्यालय संरचना विकास हुने।
३. पुस्तकालय, प्रयोगशाला तथा प्रशासनिक सेवा सुदृढ हुने।
४. विद्यालय भवन सुरक्षित तथा विपद् प्रतिरोधी हुने।
५. शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक पूर्वाधार उपलब्ध हुने।

**नतिजा:**

१. पर्याप्त कक्षा कोठा तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित हुने।
२. बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री विद्यालय संरचना विकास हुने।
३. पुस्तकालय, प्रयोगशाला तथा प्रशासनिक कक्षहरू सुदृढ हुने।
४. विद्यालय भवनहरू सुरक्षित, सुदृढ तथा विपद् प्रतिरोधी हुने।
५. शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक भौतिक पूर्वाधार उपलब्ध हुने।

### ४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका ४.५ विद्यालय भौतिक पूर्वाधार विकासकाप्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय भौतिक निर्माण मापदण्ड २०८० अनुसारको भौतिक संरचना निर्माण | निरन्तर | | | | | | | नगरपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि१० वर्षे गुरु योजना तयार | पटक | | १ | १ | | | ३ | नगरपालिका |
| ३ | अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण | संख्या | | | २ | २ | २ | १२ | नगरपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | विद्यालयमा सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा विस्तार | आवश्यकता अनुसार | | | | | | | नगरपालिका |

## ४.७ विद्यालय सूचना तथा संचार प्रबिधि

### ४.७.१ परिचय

कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ अनुसार, वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारीका कारण पठनपाठन गर्न कठिन भएको अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरू, स्वअध्ययन, दूर तथा खुला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई बुझिन्छ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको छ। शिक्षाको राष्ट्रिय नीति २०७६ को धारा ४८ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

### ४.७.२ वर्तमान अवस्था

सूचना प्रविधि भन्नाले ध्वनी, तस्बिर, अक्षर र तथ्यांकलाई विद्युतीय यन्त्रहरू, कम्प्युटर र दूरसञ्चार प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण, संग्रह र प्रवाह गर्ने प्रक्रियालाई बुझिन्छ। २१ औं शताब्दी सूचना र प्रविधिको युगको रूपमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मकता र आधुनिकताले भरिपूर्ण हुन आवश्यक छ। विश्वका शक्तिशाली राष्ट्रहरू आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारमा अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा छन्। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनुपर्दछ सोचाई को साथ मौलापुर नगरपालिका ले १२ ओटा समुदियकमा सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने सोच राखेको छ मौलापुर नगरपालिकाको वर्तमान अवस्थामा १२ ओटा सामुदायिक विद्यालयमा इन्टरनेटको व्यवस्था छ। सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता अबसयकता यस नगरपालिका मा देखिन छ । हाल मल्टिमिडिया समेतको सुविधा भएका, स्मार्ट वोर्ड भएको ४ वटा विद्यालय छन् । मौलापुर नगरपालिकाका सबै विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला १ वटा, कम्प्युटर प्रयोगशाला ६वटा विद्यालयमा छन् । सबै सामुदायिक माध्यमिक वद्यालयहरूमा रमाइलो पढाइ कक्षाका लागि स्मार्ट टिभी र प्रशासनिक काम कार्यको लागि १/१ वटा डेस्कटप कम्प्युटर, प्रिन्टर र युपिएस वितरण गरिएको छ ।

### ४.७.३ चुनैतीहरु

१. १ ओटा माध्यमिक वद्यालयहरूमा विज्ञान प्रयोगशाला रहेको अरु मा पुर्याउन नसक्नु ।
२. १२ वटा विद्यालयमा स्मार्ट वोर्ड पुर्याउन नसक्नु ।
३. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) पूर्वाधार पर्याप्त तथा व्यवस्थित नहुनु।
४. डिजिटल सामग्री तथा शैक्षिक स्रोतहरूको प्रभावकारी उपयोग हुन नसक्नु।
५. कम्प्युटर ल्याब, इन्टरनेट तथा डिजिटल पुस्तकालयको पहुँच सीमित हुनु।
६. शिक्षकहरूमा ICT प्रयोग सम्बन्धी दक्षता र क्षमता कमी हुनु।
७. शिक्षण सिकाइमा ICT आधारित पद्धति प्रभावकारी रूपमा प्रयोग नहुनु।
८. दृष्टिविहीन तथा सुन्ने क्षमतामा कमी भएका बालबालिकाका लागि उपयुक्त डिजिटल सामग्रीको अभाव हुनु।
९. IEMIS प्रणाली नियमित र अद्यावधिक रूपमा सञ्चालन हुन नसक्नु।

### ४.७.४ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउनु ।

### ४.७.५ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।
४. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।
५. IEMIS प्रणालीलाई नियमित अद्यावधिक तथा अनुगमन गर्ने व्यवस्था गर्ने।
६. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ।
७. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
८. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
९. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
१०. विद्युत्तीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
११. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

### ४.७.६ प्रमुख उपलब्धी र नतिजा

**उपलब्धि**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ सबै विद्यार्थीको समान पहुच हुने छ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | ५ | २ | २ | १ | १ | १ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | ५ | २ | २ | १ | १ | १ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्य सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १ | २ | ३ | ३ | ३ | ३ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ६ | १ | २ | १ | १ | १ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | ६ | १ | २ | १ | १ | १ |
| ६ | EMIS up to date | १८ | १८ | १८ | १८ | १८ | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | समावेशी डिजिटल सिकाइ प्रणाली विकास | २ | ५ | ६ | ५ | ० | ० |

### ४.७.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | २ | २ | २ | २ | १२ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | पूर्णकालिन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | संख्या | | | १ | १ | | ५ | प्रदेश र स्थानीय |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | | २ | २ | २ | २ | १२ | विद्यालय |
| ४ | ई-पुस्तकालय आद्यावधिक र विस्तार | संख्या | | ४ | ४ | ४ | | १० | नगरपालिका |
| ५ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | नगरपालिका |
| ६ | सामुदायिक सिकाइ केन्द्रमा सूचनातथासञ्चार प्रविधको प्रयोग | निरन्तर | | | | | | | नगरपालिका |
| ७ | EMIS व्यवस्थापन | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| ८ | ICT तालिम | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | |

# परिच्छेद-५. सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

शिक्षा पद्धतिमा निर्णय र कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँछ। यसमा संरचना र प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी र कुशल कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका र कार्य प्रक्रिया समावेश हुन्छन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानिय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध र व्यवस्थापन हुने व्यवस्था भएको छ। यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल र प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.२.१ वर्तमान अवस्था

मौलापुर नगरपालिकामा शिक्षा सेवालाई प्रचलित नितिगत रुपमा व्यवस्थित र प्रभावकारी बनाउन संगठनात्मक संरचनाको व्यवस्थापन गरिएको छ । शिक्षा, युवा तथा खेलकूद शाखाले नीति निर्माण, योजना विकास, अनुगमन, र मूल्याङ्कनमा विद्यालय, नगर शिक्षा समिति, र नगरपालिका प्रशासनसँग समन्वय गरिरहेको छ । नगरपालिकामा १२ वटा सामुदायिक विद्यालय र ६ संस्थागत निजी विद्यालय छन् । यस नगरपालिका को शिक्षा क्षेत्र लाई विकास गर्न को लागि शिक्षा, युवा तथा खेलकूद शाखाले नगरपालिका को समन्वयमा बर्सेनि विभिन्न सस्थागत संरचना विकास र क्षमता विकास गर्ने कार्यक्रम हरु संचालन गर्दै आइरहेको छ । यस नगर पालिका मा हेर्ने हो भने १२ वटा समुदायिक विद्यालयतमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ तर कुनै कुनैमा सक्रिय हुन नसकेका छन, त्यसतै विद्यालय अभिवावक सँघको गठन भएको देखिदैन् । यसतै सस्थागत विकास तर्फ पनि प्रत्येक बिधालयहरुमा बिद्याल ब्यवस्थापन समिति गठन गर्न को लागि नगरपालिकाले शिक्षा, युवा तथा खेलकूद शाखाले समन्यकारी भूमिका निर्बाह गरि रहेको छ । यसै गरि बिधालय को बाताबरण सुधार गर्न को लागि प्रत्यक बिद्यायलमा लैगिक सम्पर्क बेक्ती को बेबस्था गर्न, सामवेशि किशोरी शिक्षा संजालको गठन र परिचालन हुनसकेका देखिदैन। प्रत्येक बिद्यालमा गुनासो सुनवाई समिति गठन को बेवस्ता गरिएको छ ।

### ५.२.२ समस्याहरु र चुनौतिहरु

१. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठनमा राजनीतिकरणका कारण समस्याहरू उत्पन्न भएका छन् ।
२. शिक्षक पदपूर्ति, क्षमता विकास गर्न मा समस्या भएको
३. कक्षा १० तथा १२ को परीक्षा व्यवस्थापनमा संघ र प्रदेशसँग समन्वय गर्न चुनौतीहरू छन् ।
४. नगर शिक्षा ऐन बनाउन नसकेको,

### ५.२.३ उद्देश्यहरु

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानिय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने ।
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।
३. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने ।
४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

### ५.२.४ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानिय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठनिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने ।
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने ।
३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहिता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने ।
४. विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठनिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने ।

### ५.२.५ प्रमुख उपलब्धि, नतिजा तथा परिणात्मक लक्ष्य

**उपलब्धि**

१. स्थानिय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने ।
२. स्थानियसरकार, शिक्षाको शासकीय स्वरूप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने ।
३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने ।
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने ।
५. समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने ।

**नतिजाहरू तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नगर शिक्षा ऐनको कार्यान्वयन | ०१ | १ | १ | १ | १ | १ |
| २ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ६ | ० | ० | ३ | ३ | ० |
| ३ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ६ | ६ | ० | ० | ० |
| ४ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | १२ | १२ | १२ | १२ | १२ | १२ |
| ५ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | २ | ३ | ३ | ३ | १ | ० |

### ५.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | ईकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | माध्यमिक विद्यालयहरुमा सूचना सम्पर्क व्यक्ति तोकिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | हरेक वर्ष |
| ३ | वार्षिक सार्वजनिक सुनावाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | हरेक वर्ष |
| ४ | नगरपालिकसँग प्रधानाध्यापकको र प्रधानाध्यापकसँग शिक्षको कार्य सम्पादन करार समझौता | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| ५ | विद्यालय व्यवस्थापन सम्बन्धी कार्यशाला तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सबै विद्यालयहरुले मासिक रुपमा गरेको कार्य प्रगति समिक्षगोष्ठी कार्यशाला | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| ७ | शिक्षासँग सरोकार राख्ने पदाधीकारी, शिक्षक, विद्याथीहरूको अचार संहिता निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | १०० | |
| ८ | सबै विद्यालयहरुमा आमा समूह गठन गरी विद्यालयको निगरानी प्रणालीको विकास | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| ९ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनका लागि पूर्व विद्यार्थी समाज गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |

## ५ .३ स्थानिय शिक्षा योजना कार्यान्वन प्रबन्ध

### ५.३.१ परिचय

योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन् । यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन् । शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ । अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ । योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहनेछन् । नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानिय तहको संरचना तयार भई स्थानिय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ । त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ । कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानिय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ ।

### ६.३.२ वर्तमान अवस्था

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको आवश्यकता पर्छ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, र नेतृत्व प्रदान जस्ता तत्वहरूले कार्यान्वयन प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्छन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्दा यी सबै तत्वहरूले ठूलो प्रभाव पार्छन्। यदि शिक्षा क्षेत्रको योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भने अपेक्षित परिणाम र उपलब्धि प्राप्त गर्न सकिन्छ। संघीय संरचनामा रुपान्तरण भएको मुलुकमा शिक्षा योजनाको कार्यान्वयनका लागि नयाँ कानूनी व्यवस्था आवश्यक छ। संघीय प्रणाली अनुसार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति र योजनाहरू तर्जुमा गर्दै राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, अन्य मन्त्रालय र विकास साझेदारहरूसँग सहकार्य र समन्वय गरिरहेको छ। स्थानिय तहहरूमा शिक्षा महाशाखा वा शाखाहरू रहेका छन्, र विद्यालयहरूमा

विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक नियुक्ति प्रणाली लागु गरिएको छ जसले विद्यालय सञ्चालनको जिम्मेवारी लिएका छन्। तर, स्थानिय तहमा कार्यसम्पादन गर्नका लागि संरचनामा केहि सुधार आवश्यक देखिन्छ। शिक्षक सहायता पद्धति, शिक्षक तालिमको क्षमता विस्तार, र जनशक्ति अभावका कारण विद्यालयमा सहयोग र अनुगमन प्रणालीलाई व्यवस्थित गर्न चुनौती भइरहेको छ। साथै, स्थानिय तहको भूमिका र कार्यविवरण पनि स्पष्ट गर्नुपर्ने आवश्यकता छ। कार्यान्वयन प्रबन्धको प्रभावकारिता र सफलता सुनिश्चित गर्न, यस योजनामा सुधार र परिमार्जन अनिवार्य देखिन्छ। नेपालको संघीय संरचना अनुसार, संघ, प्रदेश र स्थानिय तहको जिम्मेवारी, संरचना र जनशक्ति निर्धारण गरिएको छ, तर कार्यान्वयनको उचित व्यवस्था र संयन्त्रको विकास अझै आवश्यक छ। स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको क्षेत्र अधिकार प्रयोग गरी यो शिक्षा योजना कार्यान्वयन प्रबन्धको दीर्घकालिनता, कार्यकुशलता र प्रभावकारितामा ध्यान दिँदै मौलापुर नगरपालिकाले विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित रूपमा अघि बढाउनु आवश्यक छ।

### ५.३.३ समस्या तथा चुनौतीहरू

१. शिक्षा सम्बन्धी ऐन, नियम तथा कार्यविधिको प्रभावकारी निर्माण र कार्यान्वयन सुनिश्चित गर्न नसक्नु।
२. स्थानीय तहमा शिक्षा क्षेत्रको मानव संसाधन व्यवस्थापन प्रभावकारी हुन नसक्नु।
३. वार्षिक योजना, स्रोत व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन प्रणाली कमजोर हुनु।
४. कार्यक्रम कार्यान्वयन संयन्त्र तथा समिति प्रभावकारी रूपमा परिचालन नहुनु।
५. नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणाली कमजोर हुनु।
६. एकीकृत शैक्षिक सूचना प्रणाली (IEMIS) को प्रभावकारी प्रयोग तथा अद्यावधिक नहुनु।
७. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक–अभिभावक संघको भूमिका प्रभावकारी नहुनु।
८. कक्षाकोठामा समय व्यवस्थापन तथा कार्यसम्पादन मापदण्ड स्पष्ट रूपमा कार्यान्वयन नहुनु।
९. अभिभावक शिक्षा तथा समुदाय सहभागिता कार्यक्रम कमजोर हुनु।
१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका लागि आजीवन सिकाइ प्रभावकारी रूपमा सञ्चालन नहुनु।
११. जनप्रतिनिधि तथा सरोकारवालाको क्षमता विकास पर्याप्त नहुनु।

### ५ .३.४ उद्देश्यहरु

१. शिक्षा क्षेत्रका नीति, नियम तथा कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्नु।
२. शिक्षा क्षेत्रको मानव संसाधन व्यवस्थापन सुदृढ गर्नु।
३. वार्षिक योजना, स्रोत व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन प्रणाली प्रभावकारी बनाउनु।
४. अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणाली सुदृढ गर्नु।
५. IEMIS प्रणालीलाई नियमित, अद्यावधिक र प्रभावकारी बनाउनु।
६. विद्यालय व्यवस्थापन तथा समुदाय सहभागिता सुदृढ गर्नु।
७. आजीवन सिकाइ तथा सामुदायिक सिकाइ केन्द्रको प्रभावकारी सञ्चालन गर्नु।
८. जनप्रतिनिधि तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु।

### ५.३.५ रणनीतिहरु

१. शिक्षा सम्बन्धी ऐन, नियम तथा कार्यविधि निर्माण र कार्यान्वयन सुदृढ गर्ने।
२. स्थानीय तहमा शिक्षा योजना, बजेट तथा मानव संसाधन व्यवस्थापन प्रणाली प्रभावकारी बनाउने।
३. कार्यक्रम कार्यान्वयनका लागि समिति तथा संयन्त्र सशक्त बनाउने।
४. विद्यालय प्रशानलाई चुस्त दुरुष्त र जवाफदेही बनाउने ।
५. नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणाली लागू गर्ने।
६. IEMIS प्रणाली नियमित अद्यावधिक तथा प्रयोग गर्ने।
७. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक–अभिभावक संघलाई सशक्त बनाउने।
८. सामुदायिक सिकाइ केन्द्रमार्फत आजीवन सिकाइ कार्यक्रम विस्तार गर्ने।
९. जनप्रतिनिधि तथा सरोकारवालाको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

१०. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने। वित्तीय व्यवस्थापनका आधारमा वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

११. स्थानिय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

### ५.३.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. शिक्षा नीति, ऐन तथा कार्यविधि प्रभावकारी रूपमा कार्यान्वयन हुने।
२. शिक्षा व्यवस्थापन प्रणाली सुदृढ हुने।
३. अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी हुने।
४. विद्यालय व्यवस्थापन तथा समुदाय सहभागिता सुदृढ हुने।
५. IEMIS प्रणाली नियमित र प्रभावकारी हुने।
६. सामुदायिक सिकाइ केन्द्रहरू सशक्त हुने।
७. जनप्रतिनिधि तथा सरोकारवालाको क्षमता वृद्धि हुने।

**नतिजा**

१. शिक्षा प्रणालीमा सुशासन, पारदर्शिता र जवाफदेहिता वृद्धि हुने।
२. विद्यालयहरूको व्यवस्थापन र शैक्षिक गुणस्तरमा सुधार हुने।
३. समुदाय र विद्यालयबीच सहकार्य सुदृढ हुने।
४. तथ्यमा आधारित योजना तथा निर्णय प्रणाली विकास हुने।
५. आजीवन सिकाइ अवसरहरू विस्तार हुने।

### ५.३.७ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास र परिचालन | निरन्तर | - | - | - | - | - | - | - | |
| ५ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिमवेवार वनाउने | संख्या | १ | २ | ३ | ४ | ५ | १७ | स्थानिय तह | |
| ६ | शिक्षा सम्बन्धी ऐन, नियम तथा कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने। | निरन्तर | | | | | | | | |
| ७ | सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | | | | | | | | |
| ८ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक–संघ गठन तथा सुदृढ गर्ने। | निरन्तर | | | | | | | | |
| ९ | नगर शिक्षा समितिको परिचालन र अनुगमण तथा पृष्ठपोषण | निरन्तर | | | | | | | | |
| १० | विद्यालयमा आवशयक समाग्री, खाद्यान्न आदीको वार्षिक खरिद योजना निर्माण गरि लागु | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद-६. लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

शिक्षाको भूमिका आर्थिक तथा सामाजिक परिवर्तनका लागि अत्यन्त महत्वपूर्ण छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानवसंसाधनको विकास गर्न शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासमा सहयोग गर्दछ । नेपाल सरकार र समुदायले विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गर्दै आएका छन् । शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था अनुसार विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानिय तहको भए तापनि, शिक्षा साझासूचीको विषय भएकाले संघ, प्रदेश, स्थानिय तह, समुदाय र निजी क्षेत्रको साझेदारी आवश्यक छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु, उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु महत्वपूर्ण पक्ष हुन् । वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने विषयमा ध्यान दिनु पर्दछ। यस सन्दर्भमा, शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। ती चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

विकासलाई प्रभावित गर्ने मुख्य कुरा बजेट वा लगानी हो । लगानी भए मात्र नतिजा हासिल गर्न सकिन्छ, त्यसैले यो आफैमा संवेदनशील विषय हो । शिक्षा विकासका लागि त झनै महत्वपूर्ण विषय हो । नगर स्तरमा शिक्षामा लगानीको आवश्यकता प्राथमिकतामा पर्छ, त्यति रोड र अन्य कुराहरु पछि पर्दछन् । मौलापुर नगरपालिकाको मुख्य स्रोत व्यवस्थापन संघीय र प्रदेश सरकारको विभिन्न किसिमका अनुदान मात्रै रहेको छ । यसको आन्तरिक राजस्वको स्रोत वकैया खोला भए तापनि त्यसको उचित व्यवस्थापन हुन सकेको छैन । राजस्व निर्धारण समितिले राजस्वमा वृद्धि गरेमा विभिन्न किसिमका अवरोधहरु आउने हुन्छन् । केही स्रोतहरु पाएको भए पनि टुक्रे आयोजनाहरुको बाहुल्यले शिक्षा जस्तो महत्वपूर्ण विषय पछाडि परेको छ । मौलापुर नगरपालिकाले आर्थिक वर्ष २०८०/२०८१ मा करिब ४० प्रतिशतको हारहारिमा शिक्षामा लगानी गरेको देखिन्छ । तर यो आवश्यकता अनुसारको पर्याप्त छैन । शिक्षामा लगानी बढाउनुपर्ने विषयमा नेपालका राजनीतिक तह र नीतिगत दस्तावेजहरूमा सैद्धान्तिक सहमति पाइन्छ । लगानी वृद्धि गर्ने कुरामा सबैको धारणा एकै हुनु, यस प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । तर पनि प्रभावकारी रुपमा बजेट विनियोजन र परिचालन हुन सकेको छैन। बजेट निर्माणको चरणमा घनीभूत छलफल आजको आवश्यकता रहेको छ ।

## ६.३ उद्देश्यहरु

१. स्थानिय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी शिक्षा क्षेत्र योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु.

२. शिक्षा क्षेत्र योजना अन्तर्गतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ उपलब्धी सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिको लागि आवश्यक सहजिकरण गर्नु,

३. शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तर्गत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनु.

४. वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्ष नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु,

५. वार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्धतिलाई दिशा निर्देश गर्नु /गराउनु,

## ६.४ रणनीतिहरु

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।
५. प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।
७. विद्यालय व्यवस्थापनलाई सबल, सक्षम र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
९. अभिभावक तथा सरोकारवालाहरूको सहभागितामा अन्तरक्रिया बैठक भेला तथा स्वमुल्यांकन र सामाजिक परीक्षण गराउने

## ६.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिशिचतता भएको हुने छ।

**नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने।
३. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने।
४. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालनगरेको हुने।
५. स्रोत व्यवस्थार परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकासभएको हुने।
६. सबै शिक्षण संस्थाहरूको सामाजिक परीक्षण भएको हुने।

## ६.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **क। सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानितबजेट** | | | | | | | | |
| **वालविकास र शिक्षा** | | | | | | | | |
| 1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | ४९७५ | ५२२४ | ५४८५ | ५७५९ | ६०४७ | २७४९० | ५४९८० |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रति विद्यार्थी लागत | २५ | २६ | २८ | २९ | ३० | १३८ | २७६ |
| | जम्मा | ५००० | ५२५० | ५५१२.५ | ५७८८.१२५ | ६०७७.५३१ | २७६२८.१६ | ५५२५६.३१ |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | तोकिएका विधार्थीहरु को लागी दिवा खाजाका लागि विद्यालयलाइ अनुदान | १३९८६ | १४६८५ | १५४२० | १६१९१ | १७००० | ७७२८१ | १५४५६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षककका लागि तलब भता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षकह÷कर्मचारीहरु समेत ) | ३२९७५ | ३४६२४ | ३६३५५ | ३८१७३ | ४००८१ | १८२२०८ | ३६४४१५ |
| ३ | शक्षिक शुसानको लागी सस्थागत क्षमता विकाश विद्यार्थी परिक्षण मुल्याकन शिक्षक मोनेटरिग तथा अनुदान। | ८९४ | ९३९ | ९८६ | १०३५ | १०८७ | ४९४० | ९८८० |
| ४ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | ३८८३ | ४०७७ | ४२८१ | ४४९५ | ४७२० | २१४५६ | ४२९१२ |
| ५ | आधारभुत तह कक्षा ६–८ मा अंग्रेजी,गणित र बिज्ञान विषयमा शिक्षण सहयोग अनुदान। | ३६९२ | ३८७७ | ४०७० | ४२७४ | ४४८८ | २०४०१ | ४०८०१ |
| ६ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षककका लागि तलब भता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षकह÷कर्मचारीहरु ,प्राविधिक धार प्शिक्षक समेत ) | १३९१८ | १४६१४ | १५३४५ | १६११२ | १६९१७ | ७६९०६ | १५३८११ |
| ७ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई अपूरण तथा ReAL Plan | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | ५५२६ |
| ८ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १०५० | ११०३ | ११५८ | १२१६ | १२७६ | ५८०२ | ११६०४ |
| ९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६६१७ | ६९४८ | ७२९५ | ७६६० | ८०४३ | ३६५६३ | ७३१२६ |
| १० | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ७७३६ |
| ११ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २५४२ | २६६९ | २८०३ | २९४३ | ३०९० | १४०४६ | २८०९२ |
| १२ | सार्वजनिक विद्यालयका विद्यर्थीहरुका लागि निशुल्क पाठयपुस्तक अनुदान | ७३९५ | ७७६५ | ८१५३ | ८५६१ | ८९८९ | ४०८६२ | ८१७२४ |
| १३ | सार्वजनिक विद्यालयमा विद्यर्थीहरुका लागि छात्रबृत्ति (आवसीय तथा गैरआवसीय ) | १२७५ | १३३९ | १४०६ | १४७६ | १५५० | ७०४५ | १४०९० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | CTEVT को मापडण्ड बमोजिम समुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालन | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ७७३६ |
| १५ | मा.वि. तह कक्षा ९–१० मा अंग्रेजी,गणित र बिज्ञान विषयमा शिक्षण सहयोग अनुदान । | ४६२४ | ४८५५ | ५०९८ | ५३५३ | ५६२१ | २५५५१ | ५११०१ |
| १६ | विपन्न लक्षित छात्रबृत्तिको लागी छनौट भएका (६—१२ ) विद्यर्थीहरुका लागि छात्रबृत्ति | १२७२ | १३३६ | १४०२ | १४७२ | १५४६ | ७०२९ | १४०५७ |
| १७ | भौतिक पुर्बधर निर्माण | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ११०५१ |
| | जम्मा | ९७०२३ | १०१८७४ | १०६९६८ | ११२३१६ | ११७९३२ | ५३६११३ | १०७२२२७ |
| **ख। प्रदेशसरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट** | | | | | | | | |
| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| २ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| ३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १५० | १५८ | १६५ | १७४ | १८२ | ८२९ | १६५८ |
| ४ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १४५ | १५२ | १६० | १६८ | १७६ | ८०१ | १६०२ |
| ५ | सार्वजनिक विद्यालयमा विद्यर्थीहरुका लागि छात्रबृत्ति (आवसीय तथा गैरआवसीय ) | २४५ | २५७ | २७० | २८४ | २९८ | १३५४ | २७०८ |
| | जम्मा | १०४० | १०९२ | ११४७ | १२०४ | १२६४ | ५७४७ | ११४९३ |
| **ग। स्थानीयतहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट** | | | | | | | | |
| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **वालविकास र शिक्षा** | | | | | | | | |
| **1** | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | १२५ | १३१ | १३८ | १४५ | १५२ | ६९१ | १३८१ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ११० | ११६ | १२१ | १२७ | १३४ | ६०८ | १२१६ |
| | जम्मा | २३५ | २४६.७५ | २५९.०८८ | २७२.०४१९ | २८५.६४४ | १२९८.५२३ | २५९७.०४७ |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| **१** | **स्थानीय पाठयक्रम बिधयालेलाई सहयोग** | ५००० | ५२५० | ५५१३ | ५७८८ | ६०७८ | २७६२८ | ५५२५६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | शक्षिक शुसानको लागी सस्थागत क्षमता विकाश विद्यार्थी परिक्षण मुल्याकन शिक्षक मोनेटरिग तथा अनुदान। | १७० | १७९ | १८७ | १९७ | २०७ | ९३९ | १८७९ |
| ३ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | १२० | १२६ | १३२ | १३९ | १४६ | ६६३ | १३२६ |
| ४ | आधारभुत तह कक्षा ६–८ मा अंग्रेजी,गणित र बिज्ञान विषयमा शिक्षण सहयोग अनुदान। | १३० | १३७ | १४३ | १५० | १५८ | ७१८ | १४३७ |
| ५ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | १२० | १२६ | १३२ | १३९ | १४६ | ६६३ | १३२६ |
| ६ | शैक्षिक पहुँच सुनिक्ष्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | ३५० | ३६८ | ३८६ | ४०५ | ४२५ | १९३४ | ३८६८ |
| ७ | सार्वजनिक विद्यालयका विद्यर्थीहरुका लागि निशुल्क पाठयपुस्तक अनुदान | १२०० | १२६० | १३२३ | १३८९ | १४५९ | ६६३१ | १३२६२ |
| ८ | विपन्न लक्षित छात्रबृत्तिको लागी छनौट भएका (६—१२ ) विद्यर्थीहरुका लागि छात्रबृत्ति | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | ४४२१ | ८८४१ |
| ९ | भौतिक पुर्बधर निर्माण | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० |
| | जम्मा | २८९० | ३०३५ | ३१८६ | ३३४६ | ३५१३ | १५९६९ | ३१९३८ |

**घ। अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | शैक्षिक सामाग्री वितरण | ४५० | ४७३ | ४९६ | ५२१ | ५४७ | २४८७ | ४९७३ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २३० | २४२ | २५४ | २६६ | २८० | १२७१ | २५४२ |
| ३ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | १२० | १२६ | १३२ | १३९ | १४६ | ६६३ | १३२६ |
| ४ | शैक्षिक पहुँच सुनिक्ष्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| | जम्मा | ११०० | ११५५ | १२१३ | १२७३ | १३३७ | ६०७८ | १२१५६ |

# परिच्छेद-७.अनुगमन तथा मूल्याङ्कन

## ७.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन।

## ७.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानियस्तरमा स्थानियशिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक यस नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मल्याङ्कन गरीने गरिएको छ। वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ। विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानियसरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ।

## ७.३ चुनौतीहरू

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानियमापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु।
२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्न ु।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।

६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

## ७.४ उद्देश्यहरु

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
२. अनुगमन तथा मल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

## ७.५ रणनीतिहरू

१. अनुगमन तथा मूल्याङ्कन को संयन्त्र निर्माण गरी उपयोग गर्ने
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने
४. स्थानियसूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

## ७.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।

## ७.७ अनुगमन क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | जम्मा | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | | १ | | | | १ | २ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | | १ | | | | १ | २ | |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | विद्यालय कार्यसम्पादन मूल्याङ्कन प्रणाली सञ्चालन गर्ने। | पटक (६ महिनामा) | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन अनुगमन गर्ने। | पटक (६ महिनामा) | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शिक्षक सुपरिवेक्षण र पेशागत सयोग प्रणालीको सवलिकरण कार्य | निरन्तर | | | | | | | | |

## ७.८ सुचक अनुसारको अनुगमन क्रियाकलाप

| क. प्रारम्भिक बाल विकास तथा शिक्षा (ECED) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **सूचक** | **तह/विषय** | **आधार वर्ष (२०८२/०८३)** | **लक्ष्य (२०८६/२०८७** | **प्रमाणीकरणको माध्यम** | **तथ्याङ्क स्रोत** | **पुनरावृत्ति** | **जिम्मेवारी** |
| 1.1 | ECED मा सामान्य भर्ना दर (%) | स्थानीय | ६५.५ | ८५.३ | EMIS प्रतिवेदन, विद्यालय अभिलेख | नगरपालिका शिक्षा एकाइ | वार्षिक | नगरपालिका / शिक्षा शाखा |
| 1.2 | ECED अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | स्थानीय | ७५ | ९० | भर्ना अभिलेख, सर्वेक्षण | विद्यालय / EMIS | वार्षिक | विद्यालय / नगरपालिका |
| **ख. आधारभूत शिक्षा (कक्षा १–८)** | | | | | | | | |
| **क्र.सं.** | **सूचक** | **तह/विषय** | **आधार वर्ष (२०८२/०८३)** | **लक्ष्य (२०८६/२०८७** | **प्रमाणीकरणको माध्यम** | **तथ्याङ्क स्रोत** | **पुनरावृत्ति** | **जिम्मेवारी** |
| 2.1 | कक्षा १ मा खुद प्रवेश दर (%) | स्थानीय | ५३.५ | ८० | भर्ना अभिलेख | EMIS | वार्षिक | नगरपालिका |
| 2.3 | खुद भर्ना दर (कक्षा १–५) (%) | स्थानीय | ८४.८ | ९९ | EMIS प्रतिवेदन | विद्यालय | वार्षिक | शिक्षा एकाइ |
| 2.7 | कक्षा ५ सम्मको उत्तीर्ण/निरन्तरता दर (%) | स्थानीय | ८२.२ | ९२.२ | समूह अनुगमन (Cohort Tracking) | EMIS | वार्षिक | नगरपालिका |
| 2.10 | लैङ्गिक समता सूचांक (कक्षा १–५) | स्थानीय | ०.८५ | १ | EMIS | विद्यालय | वार्षिक | नगरपालिका |
| 2.13 | कक्षा ८ सम्मको उत्तीर्ण/निरन्तरता दर (%) | स्थानीय | ९० | १०० | विद्यार्थी अनुगमन | EMIS | वार्षिक | नगरपालिका |
| **ग. माध्यमिक शिक्षा (कक्षा ९–१२)** | | | | | | | | |

| क्र.सं. | सूचक | तह/विषय | आधार वर्ष (२०८२/०८३) | लक्ष्य (२०८६/२०८७ | प्रमाणीकरणको माध्यम | तथ्याङ्क स्रोत | पुनरावृत्ति | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| 3.1 | खुद भर्ना दर (%) | स्थानीय | ६४.१ | ९३ | EMIS | विद्यालय | वार्षिक | नगरपालिका |
| 3.5 | कक्षा १० मा पुगने दर (%) | स्थानीय | ९० | १०० | समूह अनुगमन | EMIS | वार्षिक | शिक्षा शाखा |
| 3.7 | महिला शिक्षकको प्रतिशत | स्थानीय | १२.५ | १५ | जनशक्ति (HR) अभिलेख | नगरपालिका | वार्षिक | नगरपालिका |
| **घ. साक्षरता तथा आजीवन सिकाइ** | | | | | | | | |
| **क्र.सं.** | **सूचक** | **तह/विषय** | **आधार वर्ष (२०८२/०८३)** | **लक्ष्य (२०८६/२०८७** | **प्रमाणीकरणको माध्यम** | **तथ्याङ्क स्रोत** | **पुनरावृत्ति** | **जिम्मेवारी** |
| 4.1 | साक्षरता दर (१५+) (%) | स्थानीय | ४७ | ७५ | सर्वेक्षण | राष्ट्रिय तथ्याङ्क कार्यालय (CBS) / स्थानीय सर्वेक्षण | ३–५ वर्षमा | नगरपालिका |
| 4.3 | साक्षरता दर (१५–२४) (%) | स्थानीय | ७८ | १०० | सर्वेक्षण | राष्ट्रिय तथ्याङ्क कार्यालय (CBS) | आवधिक | नगरपालिका |
| | | | | | | | | |
| **ङ. सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| **क्र.सं.** | **सूचक** | **तह/विषय** | **आधार वर्ष (२०८२/०८३)** | **लक्ष्य (२०८६/२०८७** | **प्रमाणीकरणको माध्यम** | **तथ्याङ्क स्रोत** | **पुनरावृत्ति** | **जिम्मेवारी** |
| 6.1 | विद्यार्थी–शिक्षक अनुपात (कक्षा १–५) | स्थानीय | ७३.९ | ४०/१' | विद्यालय अभिलेख | EMIS | वार्षिक | नगरपालिका |
| 6.3 | विद्यार्थी–शिक्षक अनुपात (कक्षा १–८) | स्थानीय | ८०/१' | ५०/१' | EMIS | विद्यालय | वार्षिक | नगरपालिका |

# अनुसूची ६ : मूल्याङ्कन म्याट्रिक्स रुजुसूची

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| स्थानीय तहको योजनालाई समग्र दूरदृष्टिले मार्गदर्शन गर्छ । | ध्येयको कथनले स्थानीय तहको शिक्षा प्रणालीको भावी व्यापक दूरदृष्टिलाई सङ्केत गर्छ । यसमा निम्नलिखित कुरासमेत पर्छः<br>स्थानीय सरकारको विकास नीतिसँग सम्बन्ध<br>स्थानीय तहमा नीति तथा योजनालाई मार्गदर्शन गर्ने सिद्धान्त तथा मूल्य | के स्थानीय शिक्षा योजनाले स्थानीय तहको क्षेत्र विकासका लागि स्पष्ट दूरदृष्टि सङ्केत गर्छ? | छ, छ | २ |
| स्थानीय तहको योजना सुसङ्गत छ | स्थानीय योजना सङ्घीय तथा प्रदेशस्तरीय रणनीतिहरूलाई राम्ररी प्रतिविम्बित गर्छ तथा तिनलाई स्थानीय सरकारका सन्दर्भमा ठिकसँग अनुकूलित गर्छ । यसको अर्थ राष्ट्रिय तथा प्रदेशस्तरीय उद्देश्यहरूलाई स्थानीय सन्दर्भमा अनुकूलन गर्न, अपनाउन, विशेषताहरू थप्न र/वा उद्देश्य, रणनीति/कार्यक्रम तथा क्रियाकलापहरूलाई अपनाउनु हुनसक्छ । | के सङ्घीय तथा प्रदेशस्तरीय प्राथमिकताप्राप्त क्षेत्र स्थानीय शिक्षा योजनामा प्रतिविम्बित छन्? | छ | २ |
| | | के स्थानीय योजनाको दूरदृष्टिले सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा क्षेत्रको योजनासँग तादात्म्य राख्छ? | छ | १ |
| | | के सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा क्षेत्रको योजना तथा स्थानीय शिक्षा योजनाका बिच उद्देश्य, रणनीति/कार्यक्रम तथा क्रियाकलापको प्रस्तुतिमा तादात्म्य छ? अन्य स्थानीय योजनाका बिचमा नि? | छ | २ |
| | स्थानीय योजनाका रणनीति तथा काम स्थानीय तहका प्रमुख चुनौती अनुरूप छन्? | के उद्देश्य, रणनीति/कार्यक्रम, लक्ष्य, तथा क्रियाकलापहरूले प्रमुख चुनौती तथा तिनमा अन्तर्निहित कारणहरूलाई सम्बोधन गर्छन्? | छ | १ |
| | | के स्थानीय योजनामा निर्णय वृक्ष, परिवर्तनको सिद्धान्त वा नतिजा तालिका समावेश छ? | | |

मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा शाखा
पतौरा, रौतहट
मधेश प्रदेश, नेपाल

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| | स्थानीय योजनामा रणनीति तथा कार्य सुसङ्गत तथा तादात्म्य छन्? | उद्देश्य, रणनीति, कार्यक्रम, क्रियाकलाप तथा लक्ष्यका बिच कुनै स्पष्ट सम्बन्ध छ? | [illegible] | २ |
| | | के स्थानीय शिक्षा योजनाका विभिन्न खण्ड, जस्तै- रणनीतिको कथन, सोच तालिका, सञ्चालन योजनामा उद्देश्य, रणनीति/कार्यक्रम तथा क्रियाकलापको प्रस्तुतिमा कुनै ठुलो विसङ्गति छ? | छ | ३ |
| | उपलब्ध बजेट र आवश्यक लागतबिच कत्तिको तादात्म्य छ? | के सङ्ख्यात्मक परिदृश्य स्थानीय शिक्षा योजनामा रणनीति, कार्यक्रम तथा लक्ष्यहरूको अनुरूप छ? | छ | २ |
| | अनुगमन तथा मूल्याङ्कन सूचकहरूको सामञ्जस्य | के सङ्ख्यात्मक लक्ष्यहरूले योजनाका मुख्य उद्देश्यहरूलाई सही ढङ्गले प्रतिविम्बित गरेका छन्? तथा के तिनीहरू सान्दर्भिक सूचकसँग मापनयोग्य छन्? | छन् | २ |
| स्थानीय तहको योजना रणनीतिक छ | स्थानीय योजनाले स्थानीय तहका लागि उद्देश्यहरू निर्धारण गर्छ । | के स्थानीय तहका लागि उद्देश्यहरू निर्धारण गरिएका छन्? | गर्छ/छन् | ३ |
| | स्थानीय योजनाले मानवीय, प्राविधिक तथा आर्थिक क्षमतासहित दूरदृष्टि हासिल गर्न स्थानीय तहका रणनीतिहरू पहिचान गर्छ। | के स्थानीय योजना कार्यान्वयन गर्न आवश्यक मानवीय, प्राविधिक तथा आर्थिक स्रोतको पहिचान गरिएको छ? | छ | ३ |
| स्थानीय तहको योजना बृहत् छ | स्थानीय योजनाले सबै उपक्षेत्रहरू (प्रारम्भिक बाल विकास, आधारभूत, माध्यमिक, प्राविधिक तथा व्यावसायिक शिक्षा, साक्षरता तथा जीवनपर्यन्त सिकाइ) लाई समेट्छ। | स्थानीय योजनाले राष्ट्रिय तथा प्रदेशस्तरका शिक्षा क्षेत्र योजनाको अङ्गका रूपमा रहेका सबै उपक्षेत्रहरूलाई समेट्छ? यदि समेट्दैन भने किन कुनै पक्ष समावेश नगरिएको भन्ने कुरा स्पष्ट छ? | छ | २ |
| | स्थानीय योजनाले उपक्षेत्रका बिच सन्तुलन हुनुपर्ने कुराको मान्यता राख्छ । | विभिन्न उपक्षेत्रबिच कसरी सन्तुलन कायम भएको छ भन्ने कुनै स्पष्टीकरण छ? | छ | २ |

मैनापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा शाखा
मधेश प्रदेश, नेपाल

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| स्थानीय तहको योजना तथ्यमा आधारित छ | स्थानीय योजना स्थानीय तहको शिक्षाको वर्तमान प्रगति तथा परिस्थितिको राम्रो छलफल र विश्लेषणमा आधारित छ। | के स्थानीय शिक्षा योजनाले आफ्ना प्राथमिकताका क्षेत्रहरू स्थानीय शिक्षा क्षेत्र विश्लेषणबाट उद्धृत गरेको छ? के यसले मुख्य नतिजाहरू सङ्घीय/प्रदेशस्तरीय क्षेत्र विश्लेषणबाट अनुकूलन गरेको हो तथा मुख्य चुनौतीहरू ती नतिजामा आधारित छन्? कि यी दुबै हुन्? | छ। | २ |
| | आदर्श रूपमा एउटा सुदृढ तथ्याङ्क सेट | स्थानीय शिक्षा योजनाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा अन्य कुन सूचना स्रोतबाट तथ्याङ्कको प्रयोग गरेको हो? | हो | ३ |
| | | के शिक्षाका तहअनुसार तथ्याङ्कहरू प्रस्तुत गरिएका छन्? | छ। | २ |
| | | के तथ्याङ्कहरू वार्षिक रूपमा प्रस्तुत गरिएका हुन्? | छ। | २ |
| | विश्लेषणले कस्ता रणनीति तथा कार्यक्रमहरूको विकास गरिए भन्ने ज्ञान प्रदान गर्छ। | के सबै रणनीतिहरू वस्तुगत तथ्यमा आधारित छन्? | छ। | १ |
| स्थानीय तहको योजना हासिल गर्न सकिने खालको छ। | योजना स्थानीय तहको वर्तमान प्रवृत्तिको परीक्षणमा आधारित छ तथा प्रभावकारी कार्यान्वयनका लागि आर्थिक, प्राविधिक र राजनीतिक बाधाहरूलाई सामना गर्न सुविचारित रूपमा परिकल्पना गरिएको छ। सरोकारवालाहरूको स्वामित्वले यसको सम्भाव्यतामा प्रभाव पार्छ। | लक्ष्य कत्तिको यथार्थपरक देखिन्छ? | सामान्य | २ |
| | | के उद्देश्यहरू हासिल हुन सक्ने तथा मापनयोग्य छन्? | छ। | ३ |
| | | के सबै सरोकारवाला तथा अन्य व्यक्तिहरूको स्पष्ट रूपमा पहिचान गरिएको छ? | [illegible] | २ |
| | स्थानीय योजनामा पालिका तहका तथ्याङ्क तथा लक्ष्यका साथ अनुगमन कार्यढाँचा समावेश गरिएको छ। | के स्थानीय योजनामा नतिजा तालिका समावेश गरिएको छ? वा के यसले यस्तो योजनाको विकास गरिने कुरा उल्लेख गरेको छ? | सामान्य | ३ |
| | | यदि समावेश गरिएको छ भने आधाररेखा, बेन्चमार्क तथा लक्ष्य मापदण्डसहित नतिजा तालिका पूर्ण छ? तथा तथ्याङ्कको स्रोतको पहिचान गरिएको छ? | छ | २ |

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| | योजनाको लागत अनुमान गरिएको छ । | के स्थानीय तहमा प्रस्तुत तथा कार्यक्रमका लागि अनुमान गरिएका बजेट तथा वित्तीय तत्त्वहरू सान्दर्भिक छन् ? | छ | ३ |
| | | के वित्तीय कार्यढाँचा आधिकारिक बृहत् आर्थिक अनुमानमा आधारित छन् ? | छ | २ |
| | | के वित्तीय कार्यढाँचामा स्थानीय तहको शिक्षा क्षेत्रका लागि गार्हस्थ तथा बाह्य स्रोतको विनियोजन स्पष्ट रूपमा तोकिएको छ ? | छ | २ |
| | | के लागत ढाँचाले पुँजीगत र चालु खर्चका साथै कर्मचारीहरूको तलब भत्ताको हिस्सा पनि स्पष्ट पारेको छ ? | छ | २ |
| | | के वित्तीय कार्यढाँचाले वित्तीय अन्तरलाई स्पष्ट पारेको छ ? | छ | ३ |
| | | उपलब्ध स्रोतमा वित्तीय अन्तरको प्रतिशत के छ (बाह्य सहायतालगायत) ? के यो उचित छ ? | छ | ३ |
| | स्थानीय योजना सिमुलेसन मोडेलमा आधारित छ, यसका लागि पूर्वअनुमानहरू स्पष्ट छन् तथा दस्तावेजीकरण गरिएका छन् । | के नीतिगत लक्ष्यको परीक्षण गर्न तथा नीति संवादलाई सूचित गर्न सिमुलेसन मोडेलको प्रयोगं गरिएको थियो ? | छ | ३ |
| | | के सिमुलेसन मोडेल वित्तीय कार्यढाँचा बनाउन प्रयोग गरिएको थियो ? | थियो | २ |

[illegible]पुर नगरपालिका
[illegible]
शिक्षा शाखा
[illegible]
मधेश प्रदेश, नेपाल

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| | स्थानीय योजनामा सञ्चालन योजना समावेश गरिएको छ । यसमा प्रत्येक क्रियाकलापका लागि स्पष्ट समयरेखा समावेश गरिएको छ तथा विशेष टोलीलाई विशेष जिम्मेवारीहरू तोकिएको छ । | के स्थानीय योजनामा सञ्चालन योजना समावेश गरिएको छ ? | छ | २ |
| | | के सञ्चालन योजनामा प्रत्येक क्रियाकलापका लागि स्पष्ट समयरेखा समावेश गरिएको छ | छ | २ |
| | | के सञ्चालन योजनामा प्रत्येक क्रियाकलापका लागि जिम्मेवार व्यक्ति तोकिएको छ? | छ | २ |
| | योजनाले यसको कार्यान्वयनमा प्रभाव पार्ने क्षमताका बाधाहरूको पहिचान तथा सम्बोधन गर्छ । | के स्थानीय शिक्षा योजनामा क्षमताका आवश्यकताहरूको लेखाजोखा गरी क्षमता विकासलाई समावेश गरिएको छ? | छ | २ |
| स्थानीय तहको योजना सन्दर्भसँग संवेदनशील छ | स्थानीय योजनामा स्थानीय तहका (सामाजिक, भौगोलिक, प्राकृतिक विपत्ति, राजनीतिक वा आर्थिक चक्र, द्वन्द्व) विशेष सङ्कटासन्नताको विश्लेषण समावेश गरिएको छ । | के स्थानीय योजनामा स्थानीय तहका विशेष सङ्कटासन्नताको विश्लेषण समावेश गरिएको छ? | छ | २ |
| | स्थानीय योजनाले स्थानीय शिक्षा प्रणालीको उत्थानशीलतालाई सुदृढ गर्न तयारी, रोकथाम तथा जोखिम न्यूनीकरणलाई सम्बोधन गरेको छ। | के स्थानीय योजनाले स्थानीय शिक्षा प्रणालीको उत्थानशीलतालाई सुदृढ गर्न तयारी, रोकथाम तथा जोखिम न्यूनीकरण गर्न कुनै विशेष कार्यक्रम समावेश गरेको छ? | छ | २ |
| स्थानीय तहको योजना असमानताप्रति सचेत छ । | स्थानीय शिक्षा योजनाले स्थानीय तहभित्र गुणस्तरीय शिक्षामा सहभागिताका हिसाबले विद्यार्थीका समूहबिच उल्लेखनीय रूपमा विभेदहरू (भौगोलिक, सामाजिक-आर्थिक, लैङ्गिक, अल्पसङ्ख्यक, अपाङ्ग) छन् भनी मानेको हुनुपर्छ । | के योजनाले स्थानीय तहमा भएका सीमान्तकृत, बहिस्कृत वा विभेदमा परेका समूहहरूको पहिचान गरेको छ? | छ | २ |
| | | के स्थानीय योजनाले सीमान्तकृत, अपाङ्ग, जोखिममा परेका समूहको शिक्षामा पहुँच तथा सिकाइमा हुने असमानताको न्यूनीकरण गर्ने विशेष कार्यक्रम तथा परियोजनाको पहिचान गरेको छ? | छ | २ |

| विशेषताहरू | व्याख्या | मूल मूल्याङ्कन प्रश्न | योजनाले मापदण्ड पूरा गर्छ? | अङ्क (यदि उपयोगी भए) |
|---|---|---|---|---|
| स्थानीय तहको योजना स्थानीय तहको नेतृत्वमा सहभागितामूलक प्रक्रियाद्वारा विकास गरिएको हो | स्थानीय शिक्षा योजनाको विकास स्थानीय तहको नेतृत्वमा भएको हो । | के स्थानीय शिक्षा योजनाको तयारी प्रक्रियामा स्थानीय तहले बलियो नेतृत्व प्रदर्शित गरेको थियो? | थियो | ३ |
| | स्थानीय शिक्षा योजनाको तयारी सहभागितामूलक थियो । | के स्थानीय शिक्षा योजनाको तयारीमा सरोकारवालाहरूको व्यापक सहभागिता थियो ? | थियो | २ |
| | | के स्थानीय शिक्षा योजनाको तयारीमा अभिभावक, परिवार तथा व्यापक समुदायको निरन्तर संलग्नता तथा पृष्ठपोषण प्राप्त थियो? | थियो | ३ |

स्रोत: *IIEP-UNESCO & GPE (2015a; 2015b)*

टिप्पणी: मूल्याङ्कनकर्ताले उपयोगी लागेमा मूल्याङ्कन म्याट्रिक्सका प्रत्येक आइटमका लागि अङ्क प्रणालीको प्रयोग गर्न सक्छन् । उदाहरणका लागि यदि सबै आइटम समेटिए भने ३ अङ्क, आंशिक रूपमा भए २ अङ्क, न्यूनतम रूपमा समेटिए १ अङ्क र कुनै पनि नसमेटिए ० अङ्क ।

मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा शाखा
पनौरा,
मधेश प्रदेश, नेपाल

आज मिति २०८० साल पौष १८ गते दिउसो १.०० बजेदेखि यसमैलापुर नगरकार्यपालिकाको सभा कक्षमा नगर प्रमुख श्री रीना कुमारी साह ज्यूको — अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरुमाथि छलफल तथा निर्णय समेतका उपस्थिती गर्‍यौं।

<u>उपस्थिती</u>

१. श्री रीना कुमारी साह — अध्यक्ष

२. श्री नागेन्द्र प्रसाद यादव — सदस्य

३. श्री जयनाथ प्रसाद कुशवाहा — ,,

४. श्री भगवान राउत कुर्मी — ,,

५. श्री महेश महतो कोइरी — ,,

६. श्री बीर बहादुर प्रसाद — ,,

७. श्री चन्द्रशेखर प्रसाद साह — ,,

८. श्री ईश्वर दयाल प्रसाद यादव — ,,

९. श्री राम पुकार साह — ,,

१०. श्री शिव प्रसन प्रसाद यादव — ,,

११. श्री श्याम किशोर साह — ,,

१२. श्री अनिता देवी — ,,

१३. श्री आशा देवी — ,,

१४. श्री बुधिया देवी — ,,

१५. श्री प्रतिमा साह — ,,

१६. श्री शान्ति देवी — ,,

१६. श्री बैद्यनाथ प्रसाद - सदस्य

१८. श्री सुनिल साह - ,,

१९. श्री चन्देश्वर मेहता - ,,

२०. श्री रामबाबु प्रसाद साह - सदस्य सचिव

आमन्त्रित

१. श्री राधेकृष्ण मिश्र - प्रशासन शाखा प्रमुख

प्रस्तावहरु

१. स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ अन्तर्गत तह/स्तरवृद्धि सम्बन्धमा।

२. नगर शिक्षा योजना स्वीकृत सम्बन्धमा।

निर्णय नं.१:- प्रस्ताव नं. १ माथि छलफल हुँदा मधेश प्रदेश सरकार स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा ४ को उपदफा ८.२ दफा २१ को उपदफा १२.२ बमोजिम यस न.पा. मा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तरवृद्धि गर्ने तथा दफा २९ को उपदफा ४२२ बमोजिम सुचना प्रकाशन गरी यस नपा. को कर्मचारी तहवृद्धि - कार्यविधि २०८१ बमोजिम सिफारीस समिति गठन गरी तपसिलका स्थानीय स्थायी कर्मचारीहरुबाट पेश हुन आएको आवेदनहरु सिफारीस समितिको मिति २०८१।०९।१६ गतेको सिफारीस बमोजिम तह/स्तरवृद्धि गर्ने निर्णय गरियो।

निर्णय नं.२:- प्रस्ताव नं.२ माथि छलफल हुँदा यस मौलापुर नगरपालिकाको मिति २०८१।०९।१८ गते नगर शिक्षा योजना मस्यौदा निर्माण समितिले तयार पारेको मौलापुर नगर शिक्षा योजना (२०८१।०८२ - २०८५।०८६) स्वीकृत गर्ने सर्व सहमतीले निर्णय गरियो।

आज मिति २०८१ मंसिर १८ गते तदनुसार २०२५ का दिन यस मौलापुर नगरपालिका, नगर शिक्षा योजनाको निर्माणका लागि गठित योजना तर्जुमा समिति र लेख्न कार्यदलले पिपल प्रोमोट सेन्टर अन्तर्गतका प्रतिनिधिहरुको प्राविधिक सहयोगमा विभिन्न चरणको छलफलवाट मस्यौदा त्यार गरिएको छ । सो मस्यौदामा आवशयक सर-सल्लाह तथा सूझाव सहित नगर शिक्षा योजना पारित गर्नका लागि तपशिल वमोजिमको उपस्थितिमा सर्व - सहमतिबाट निर्णय गरियो ।

**उपस्थि**

०१. श्री रिना कुमारी साह (नगर प्रमुख)
०२. श्री नागेन्द्र प्रसाद यादव (नगर उप-प्रमुख)
०३. श्री राम बाबु साह (प्र.प्र.अ.)
०४. श्री जयनाथ कुशवाहा (१वडा अध्यक्ष)
०५. श्री भगवान पटेल (२नं. वडा अध्यक्ष)
०६. श्री महेश प्रसाद कुशवाहा (३नं. वडा अध्यक्ष)
०७. श्री बिर बहादुर साह (४नं. वडा अध्यक्ष)
०८. श्री शेखर साह (५नं. वडा अध्यक्ष)
०९. श्री ईश्वरदयाल प्रसाद यादव (६नं. वडा अध्यक्ष)
१०. श्री राम पुकार साह (७नं. वडा अध्यक्ष)
११. श्री शिवप्रसाद यादव (८नं. वडा अध्यक्ष)
१२. श्री श्यामकिशोर साह (९नं. वडा अध्यक्ष)
१३. श्री प्रतिमा साह (का०प०स०)
१४. श्री बैदनाथ साह (का.प.स)
१५. श्री चन्द्रेश्वर बैठा (का. प. स.)
१६. श्री सुनिल साह (का. प. स.)
१७. श्री राम स्वकाल राय यादव (शि.शा.प्र.)

१८. श्री [illegible] साह (लेखक स.स.)

१९. श्री [illegible] रेवाती ( " " " )

२०. श्री धर्मेन्द्र कुमार साह ( " " " )

२१. श्री मधुरंजन साह ( " " " )

२२. श्री [illegible] मिश्र ( " " " )

२३. श्री राजेश्वर साह (प्र.अ.)

२४. श्री गंगा दास (न.शि.स.सं.)

२५. श्री प्रभा कुमारी यादव (न.शि.)

२६. श्री मृत्युंजय साह (न.शि.)

२७. श्री गिता महतो (डा.स.)

२८. श्री धर्मेन्द्र प्रसाद यादव (डा.स.)

२९. श्री लाल बाबु पंडित (शिक्षक)

३०. श्री सरिता कुमारी साह (शिक्षक प्रा.वि.)

प्रस्ताव न. १, नगर शिक्षा योजना मस्यौदा सम्वन्धमा

विविध.न. २,

**निर्णय**

१) प्रस्ताव न. १ माथी छलफल गर्दा यस मौलापुर नगरपालिकाको नगर शिक्षा योजनाको मस्यौदा निर्माण विधिगत प्रक्रिया अनुसार विभिन्न चरणमा क्षेत्रगत र विषयगत अनुसार विभिन्न सरोकारवलाहरुसँग वृहत छलफल गरि नगर शिक्षा योजना स्वीकृत अनुमोदनको लागि कार्यपालिकामा पेश गर्ने निर्णय सर्व सहमतिवाट गरियो ।

२) प्रस्ताव न. २ विविध माथी छलफल गर्दा त्यार गरिएको शिक्षा योजनालाई नगरपालिकाको वेभसाइटमा सार्वजनिक गर्ने निर्णय सर्व सहमति गरियो ।